ISSN 2631-2298

nepalmag.com.np

आइतबार • ५ माघ २०७६ • मूल्य रु. २५

नेपाल

राष्ट्रिय साप्ताहिक

स्वतन्त्रता– ना० १. ~~स्वतन्त्र हुनाको वा रहनाको भाव वा अवस्था।~~
२. कुनै प्रकारको शासनिक बाधा, रोकावट, बन्धन आदि नभई उचित तथा सङ्गत काम र व्यवहार स्वयं गर्न पाउने अधिकार वा शक्ति; स्वातन्त्र्य।

नियन्त्रित गणतन्त्र

सरकार नागरिक स्वतन्त्रता खुम्च्याउँदै छ, तपाईं कतिन्जेल मौन ?

MY
Signature
BLEND
MASTER BLENDER'S SIGNATURE
Caroline Martin
Signature
PREMIER
GRAIN WHISKY
MASTER BLENDER'S
Reserve Selection
A VINTAGE WHISKY BLENDED WITH
8 YEAR OLD SCOTCH & AGED INDIAN MALTS
MASTER BLENDER'S
Signature
RARE AGED WHISKY
MASTER'S SIGNATURE
Drink responsibly

AMBE STEELS
दीर्घायु भवः
विकास सम्भव छ, मजबुत निर्माणले
मजबुत निर्माण बन्छ अम्बे स्टील्स्ले
AMBE GROUP
अम्बे स्टील्स्
जे बन्छ, दिगो बन्छ
ने गु १९१
नेपाल गुणस्तर
प्रमाण चिन्हद्वारा सम्मानित ।
8mm देखि 32mm
सम्मको Size मा
CERTIFIED ISO 9001:2008 COMPANY
Fe500 gradesteels
UTM TESTED
TMT STEEL BARS



The prime minister says fewer people have to wear dust masks since he's taken office. But pictures don't lie, and neither do numbers. The Post will bring you both, without fear or favour. See upto-the-minute status of air quality in major cities across the country at :

kathmandupost.com/airquality

THE KATHMANDU POST

WITHOUT FEAR OR FAVOUR

K. L. DUGAR GROUP
AURA
NOW IN NEPAL
Joy of Freshness
Works on Low Voltage
Longer Freshness
Larger Freezer Space
Toughened Glass Shelves
10 YEARS* WARRANTY
* CONDITIONS APPLY
AURA INTELLIGENT REFRIGERATORS
Available in 190 liters to 230 liters
Smart Appliances P Limited
COMPANY SHOWROOM: KATHMANDU: CHARKHAL, DILLIBAZAR: 01-4436920 | CORPORATE OFFICE: CHARKHAL, DILLIBAZAR, KATHMANDU, TEL: 01-4443119
BIRATNAGAR: JAIN BHAWAN, MAIN ROAD: 9801305494 | FOR SERVICE: TOLL FREE NO.: 16600110090 | FOR DEALERSHIP: 9801105114

भित्र
आइतबार, ५ माघ २०७६ (वर्ष २०, अंक २४)
Nepal National Weekly, 19 Jan 2020 (Vol. 20, No. 24)

१४
हाम्रो नेपालमा
हिउँमा सिकारी

२३
फलोअप
स्काउटमा निरन्तर मनोमानी

२६
सुरक्षा
कार्य गोप्य, शैली खुला

२८
आवरण
नियन्त्रित गणतन्त्र

३८
टिप्पणी
सफल घिमिरे

निसासिएको सहरमा टुँडिखेल | ४२

सम्पादकीय | ५
प्रतिक्रिया | ६
प्रवेश | ८
परिहास | १०
स्मरण | १३
रङ | ४६
तीन किताब | ४८
कविता | ४९
कोलाज | ५२
नेपाल मण्डल | ५४
नोटबुक | ५६

४०
पूर्वाधार
१२ सय बहुवर्षीय ठेक्का अलपत्र

५०
फुटबल
रौनक हराएको लिग

५३
नगरकोटी क्याफे
बरिस्ता-गर्ल

सम्पादकीय

स्वतन्त्रता अब 'कानुनबमोजिम' कानुन कमरेडहरूले भनेबमोजिम

संविधानका धाराहरूमा अभिलिखित स्वतन्त्रताको व्याख्याले अब गणतन्त्रका संवाहकहरूलाई नपुग्ने भयो । उनीहरू स्वतन्त्रताको भावार्थलाई शब्दकोशमा मात्रै सीमित गर्न उद्यत छन् । 'स्वतन्त्रता' नामबारे *नेपाली बृहत् शब्दकोश* भन्छ- स्वतन्त्र हुनाको वा रहनाको भाव वा अवस्था । कुनै प्रकारको शासनिक बाधा, रोकावट, बन्धन आदि नभई उचित तथा संगत काम र व्यवहार गर्न पाउने अधिकार वा शक्ति ।

संविधानको 'मौलिक हक र कर्तव्य' महलअन्तर्गत धारा १७ मा उल्लिखित स्वतन्त्रताको हकले भन्छ, 'कानुनबमोजिमबाहेक कुनै पनि व्यक्तिलाई वैयक्तिक स्वतन्त्रताबाट वञ्चित गरिने छैन ।' यहाँ 'कानुनबमोजिम' भन्ने शब्दांशको विशिष्ट अर्थ छ । हाल संसद्मा निर्माणाधीन आधा दर्जनभन्दा बढी कानुनले नागरिकको सार्वभौमिकता खुम्च्याउन सक्दो बल लगाएका छन् । दुर्भाग्य, यसो गर्न उक्साउनेहरूमा संघीय लोकतान्त्रिक गणतन्त्रका प्रतिनिधिहरू नै छन् । *नेपाल*ले अघिल्लो साताको सम्पादकीयमार्फत यसलाई 'नियन्त्रित गणतन्त्र' संज्ञा दिएको छ ।

लोकतन्त्र कानुनको शासन हो, कानुनबाट शासन होइन । नागरिकले परिकल्पना गरेको स्वतन्त्रता भन्नु निर्विघ्न स्वच्छन्दता हुँदै होइन । यस अर्थमा लोकतन्त्र अझै बढी नियम, विधि र कानुनको व्यवस्था हो, जसमार्फत नागरिकहरू आफ्ना लागि आफैँले बाँध्ने दायरा तय गर्छन् । तर यो व्यवस्थामा स्वतःस्फूर्तताको भाव आउनुपर्छ, उकुसमुकुसको होइन । आज शक्तिशाली सरकारले नागरिकहरूलाई कस्नका लागि गरेको तयारी हेर्दा यस्तो लाग्छ, यसका सञ्चालकहरू सधैँका लागि सिंहदरबारमा विराजमान हुन गएका हुन् । यसले चुनावबाट सर्वसत्तावाद हासिल हुने हो कि भनी विगतमा गैरवाम खेमाबाट हुने चिन्ताहरूलाई पुट दिएको छ ।

हामीले यी चिन्ताहरूबारे विगतदेखि नै सचेततापूर्वक रिपोर्टिङ गर्दै आएका छौं । अनि बहस र मन्थनहरूलाई विभिन्न कोणबाट पस्किइरहेका छौँ । अभिव्यक्ति स्वतन्त्रता खुम्च्याउने, नागरिकको गोपनीयतामाथि आक्रमण गर्ने यस्ता प्रयासबारे हाम्रो निरन्तरको असहमति छ । यो अंकमा स्तम्भकार भास्कर गौतम र सञ्जीव पोखरेलले नागरिक स्वतन्त्रताको कायामा नत्थी कस्ने अभ्यास किन भइरहेका होलान्, तिनको नियतलाई पर्गेल्ने प्रयास गरेका छन् ।

स्वतन्त्रता मानिसको अन्तिम अभीष्ट हो । जतिसुकै सहजतामा राखे पनि विचार अभिव्यक्तिको स्वतन्त्रताबेगर ती सबै सहजता मानिसका लागि अपूरा हुन्छन् । दुर्भाग्यवश, सरकारले संसद्मा टेबुल गरेका कानुनी मस्यौदाहरूले संविधानप्रदत्त नागरिक स्वतन्त्रताको अपहरण गर्न खोजेका छन् । सरकार र दलहरूले बुझ्नुपर्छ, नागरिक हक कटौती गर्न खोज्ने हुँदा राजा ज्ञानेन्द्रले राजपाठ मात्रै त्याग्नु परेन, उनलाई इतिहासले शाहवंशका अन्तिम राजा पनि बनाइदियो । जनताको सार्वभौम शक्ति प्रयोगका सामुन्ने जस्तोसुकै ताकतदार शासकसमेत भुइँमा लतारिन बाध्य हुँदा रहेछन् भन्न योजस्तो ताजा घरेलु दृष्टान्त अरू के हुन सक्छ !

मौजुदा ऐन, कानुन र मुलुकी संहिता हुँदाहुँदै आफूअनुकूल कानुन ल्याएर नागरिक हक मास्न उद्यत सत्तालाई इतिहासबाट सिक्ने अवसर छ । जनताको आदेशले निर्वाचित सत्तालाई आफू जनताभन्दा माथि देखिने छूट छैन । इतिहास दोहोऱ्याउन खोज्दा आफैँ इतिहासको पानामा सीमित हुन पुगिने डर हुन्छ ।

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि

कान्तिपुर पब्लिकेसन्सका लागि अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया** निर्देशक : **स्वस्तिका सिरोहिया** सम्पादक : **बसन्त बस्नेत** सहायक सम्पादक : **सन्तोष आचार्य** नायब प्रमुख संवाददाता : **राजकुमार बानियाँ** वरिष्ठ संवाददाता : **जनक नेपाल, माधव बस्नेत** सहायक वरिष्ठ संवाददाता : **योगेश ढकाल, मनबहादुर बस्नेत, गोकर्ण गौतम** संवाददाता : **सुनिता लोहनी, यम बम, कल्पना भट्टराई** डेस्क : **गोकुल अर्याल, गुरुङ सुशान्त** डिजिटल : **रविराज बराल** तस्बिर : **रवि मानन्धर** (संयोजन), **सरोज बैजु** सज्जा : **चन्द्रकुमार प्रजापति** (संयोजन), **घनश्याम डंगोल, यमन मानन्धर, सुनीता अधिकारी** कार्टुन/ग्राफिक्स : **रवीन्द्र मानन्धर** मार्केटिङ : **असुरारी ज्ञवाली, सन्तोष ढकाल**

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि., सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौँ, पो.ब.नं. ८५५९, फोन नं : ५१३५००० (एक्सटे. १६२२), फ्याक्स : ५१३५०२५, विज्ञापन : ५१३५००० (एक्सटे. ११०७), ग्राहक सेवा : ५१३५००० (एक्सटे. १२१३), इमेल : nepalmag@kmg.com.np, पृथ्वी प्रिन्टिङ प्रेस (प्रा.) लि. काठमाडौँमा मुद्रित, प्रकाशन मिति : २७ पुस २०७६, का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८

परम्पराको निरन्तरता

आगामी १४ औं महाधिवेशनलाई लिएर संस्थापन र इतर पक्ष पार्टी कब्जाको रणनीतिमा लाग्नु नेपाली कांग्रेसमा विगतदेखि हुँदै आएको दाउपेच हो *(बहुमतको बुल्डोजर, २७ पुस)* । बीपीदेखि गिरिजाप्रसाद कोइरालासम्मले कांग्रेसभित्र आफ्नो पकड जमाइराख्न पार्टीको विधानलाई धारेहात लगाएको इतिहास छ । हालका सभापति शेरबहादुर देउवाले पनि पार्टीलाई आफ्नो पोल्टामा राखिराख्न गुटगत रणनीतिलाई अगाडि बढाएका हुन् ।

अच्युत खत्री
नागार्जुन नगरपालिका, काठमाडौं

नेपालका लागि उचित

मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) को सहयोग नेपालजस्ता साना मुलुकले स्वीकार्नु लाभदायक नै हुन्छ *(एमसीसीको तगारो, २० पुस)* । नेपालमा एमसीसीको सहयोग लिनेबारे सत्तारूढ दलकै नेताहरूबाट व्यक्त प्रतिक्रिया उचित लागेन । जसले सहयोग दिन्छ, उसको स्वार्थअनुकूल काम नहुने भन्ने कुरै हुँदैन ।

श्रीमान गम्बीरबहादुर थापा
कपन, काठमाडौं

३० वर्षपछि बर्लिन पर्खाल
Er. Kamal Rijal, Ph. D. @kamalrijal1

लेख पढें, राम्रो छ । भूमण्डलीकरण र अनियन्त्रित खुला बजारको दुष्प्रभावका कारण विश्वभरि विभेद बढ्दा अतिवाद हाबी भएको हो । राज्य सञ्चालन गर्नेहरूको लोकतान्त्रिक मूल्य-मान्यताप्रतिको निष्ठामा ह्रास पनि जिम्मेवार छ ।

Himmu @HmlKr

पश्चिमा मुलुकमा आफूलाई 'वामपन्थी', 'प्रगतिशील' र 'उदारवादी' भन्ने जमातको असफलताका कारण दक्षिणपन्थ, लोकप्रियतावाद, राष्ट्रवाद र संरक्षणवाद मौलाएको हो ।

Baburam Bhattarai @brb1954

उदार लोकतन्त्रलाई नै राजनीतिको आदि र अन्त्य ठान्ने गेजा वाग्लेको दृष्टिदोषले समाजवादी पार्टीलाई समेत 'लोकप्रियतावाद र दक्षिणपन्थको 'फ्युजन' देख्न पुग्नु हास्यास्पद छ ।

देउवाको विकल्प शेखर कि शशांक ?
Syaandai ™@Syaandai

न्यूनतम रूपमा रामचन्द्र, शेखर, शशांक, सिटौला र अर्जुननरसिंहबीच मतैक्य चाहिन्छ । देउवा हार्ने सर्तमा यति गर्न गाह्रो छ । धेरै त्याग्नुपर्छ ।

देउवाको विकल्प शेखर कि शशांक ?
Dagen Limbu

समयसापेक्ष नयाँ पुस्ताको सक्षम नेतृत्व आउनैपर्छ, अब । टालेटुले नेतृत्वले न पार्टी बलियो हुन्छ, न त देश नै बन्छ ।

Ghanendra Budhathoki

कि प्रदीप गिरि, कि प्रकाशमान सिंह, कि सीधै गगन थापा । कांग्रेस कोइरालाहरूको पुर्ख्यौली अंश हो र !

शक्तिको आडमा राज्यको दोहन र आङछिरिङ परिवारको नालीबेली
Naresh Kangmang Rai

१५ फागुन ०७५ मा ताप्लेजुङको पाथिभरामा हेलिकप्टर दुर्घटनामा परेर आङछिरिङको निधन हुँदासम्म थामसेर्कु ट्रेकिङ, यती होलिडेज, यती माउन्टेन होम, यती एडभेन्चर, ब्लुसिप जर्निज, मुस्ताङ रिसोर्ट, इजी फ्लाई ट्राभल, एयर डाइनेस्टी, डांफे ट्राभल्स, केयर एन्ड डाउनी रिसोर्ट, क्रियटिभ नेपाल, कोरा टुर्स, थामसेर्कु ट्राभल, अल्टिच्युड एयर, एडभेन्चर क्वेस्ट, कसरा रिसोर्ट, थामसेर्कु डेभलपर, नेपाल माउन्टेनलगायत २६ कम्पनीका मालिक भइसकेका छन् । यी कम्पनीमा सबैजसो पार्टीका उपल्लो तहका नेतादेखि व्यापारीसम्म साझेदार छन् ।

साताका ७

nepalmag.com.np

१ **आश गरिएका मन्त्रीकै यो चाला**
प्रतिनिधिसभा निर्वाचनको मुखैमा केपी ओलीले ताप्लेजुङ पुगेर भाषण गरे, 'योगेश भट्टराईलाई जिताएर पठाउनुस्, मन्त्री बनाउँछु ।' भट्टराईले चुनाव जिते । नेकपाको सरकार बन्यो, ओली प्रधानमन्त्री भए तर योगेशलाई मन्त्री बनाइएन । पार्टी नेतृत्वको आलोचना गरेर उनी जनमानसमा चर्चामा रहिरहे । तर जब योगेश मन्त्री बने, भिजन भएको नेताको छवि बनाएका उनी विवादमा फसिरहेका छन् ।

२ **सामाजिक सञ्जालका असामाजिक हामी (बिकेश कविन)**
सामाजिक सञ्जालमा हामी जोसुकैलाई व्यंग्यसाथ गाली गर्छौं । प्रशंसा गर्न खुसी बनाउने शब्द फालिदिन्छौं । हाम्रा भावना, विचार र कुण्ठा पोख्ने ठाउँ सामाजिक सञ्जाल बनेको छ । तर कहिलेकाहीं यस्ता भ्रमपूर्ण सामग्रीसमेत पोस्ट गरिरहेका छौं कि हामी असामाजिक, संवेदनाहीन, सिर्जनाविहीन र विवेकहीन भइसकेका छौं । तर यो कुरा स्वयंलाई अवगत छैन ।

३ **इरानमाथि जे भयो, त्यो अमेरिकालाई पनि हुन सक्छ (जवद सालेही इस्फहानी)**
इरानको रिभोल्युसनरी गार्डका कमान्डर कासिम सुलेमानीलाई अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको निर्देशनमा हालै बगदादमा हत्या गरियो । 'युद्ध रोक्नका लागि' ड्रोन हमला गरी सुलेमानीको हत्या गर्न अनुमति दिएको ट्रम्पको दाबी छ । तर वास्तविकता के हो भने युद्ध ट्रम्पले सुरू गरेका छन् । र, इरानमाथि जे भयो, त्यो भोलि अमेरिकामाथि पनि हुन सक्छ ।

४ **जेएनयुमा जे भयो**
भभारतको राजधानी नयाँ दिल्लीस्थित जवाहरलाल नेहरू विश्वविद्यालय (जेएनयु) मा गत साता भएको हिंसात्मक घटनामा कैयौं विद्यार्थी र शिक्षक घाइते भए । ठूलो संख्यामा रहेका नकाबधारीले गत साता जेएनयु क्याम्पस तथा होस्टेलभित्र छिरेर विद्यार्थीमाथि सांघातिक हमला गरेका थिए । सत्तामा भारतीय जनता पार्टीको उदयसँगै प्राज्ञिक अनुसन्धान र खुला अन्तरक्रियामा ख्याति कमाएको जेएनयु पटक-पटक निशानामा पर्दै आएको छ ।

५ **बस्ती-बस्तीमा उद्यम : १३ हजार उद्योगमा ७३ हजारको रोजीरोटी**
वसन्ती ५२ थरी अचार बनाउँछिन् । मासिक १२ लाखभन्दा बढीको कारोबार गर्छिन् । उनको उत्पादन अचार ४५ जिल्लामा बिक्रीका लागि जान्छ भने देशबाहिर कोसेलीका लागि लैजाने पनि थुप्रै छन् । उनी एक उदाहरण मात्रै हुन् । पछिल्लो समय रुपन्देहीका बस्ती-बस्तीमा घरेलु तथा लघु उद्यम सुरु भएका छन् । लघु उद्यमले हजारौंलाई रोजीरोटीसमेत जुटाइदिएका छन् ।

६ **स्वप्निल स्मृतिको कविता 'चामल'**
एक चिम्टी चामल उबाएर काँसे थालमा
अब म जोखना हेर्न थाल्छु
जोर बिजोर, जोर बिजोर
भोकले कहाँ-कहाँ मर्दै छन् पृथ्वीबासीहरू !

७ **ए डिभिजन लिग : आकर्षक अफरले पनि तानेन दर्शकलाई**
नाम चलेका क्लबको खेलमा टिकट लिने लाइन लामो हुँदा पहिला-पहिला प्रहरीले लाठीचार्ज गर्नुपर्ने अवस्था हुन्थ्यो । तर बीचमा ४ वर्ष खेल नहुँदा समग्र लिगकै चार्म घट्न पुग्यो । गत वर्ष लिग त ब्युँतियो तर रेलिगेसनबिनाको हुँदा दर्शकको ध्यान तान्न सकेन ।

सबै स्टोरी पढ्न क्युआर कोड स्क्यान गर्नुहोस् ।

हामी देख्छौं
अपार संभावना
visit Nepal 2020 Lifetime Experiences
कमाएको खर्च गर्ने मात्र होइन
थोपा थोपा बचतबाटै
आफ्नो र देशको उन्नति
NMB
NMB BANK
एनएमबि बैंक
समृद्ध नेपालको लागि

प्रवेश

सोझै

साताका चर्चित

शिलाष्मा हमाल
मोडल

मलेसियामा सम्पन्न मिसेज टुरिजम एम्बेसडर वर्ल्ड-२०२० को ताज ।

सन्तोष साहुखल
फुटबलर

घरेलु ए डिभिजन लिगमा सय गोल पूरा गर्ने पहिलो खेलाडी ।

प्रिन्स दाहाल
ब्याडमिन्टन खेलाडी

विश्व ब्याडमिन्टन महासंघको वरीयतामा १४ औं स्थानमा उक्लिन सफल पहिलो नेपाली खेलाडी ।

जगमान गुरुङ
उपकुलपति, नेपाल प्रज्ञाप्रतिष्ठान

५० हजार रुपैयाँको चेतकी प्रज्ञा सम्मान-०७६ (संस्कृतितर्फ) ।

रामबाबु राय यादव
राजपा नेता

मिटर ब्याजी धन्दा चलाई करिब ५ अर्ब ठगीपछि पक्राउ ।

मुलुकबाहिर

ट्वाइलेट पेपरको पिरामिड

संस्थाको कोष वृद्धिका लागि सार्वजनिक स्थलमा कलात्मक प्रस्तुति दिने, विभिन्न च्यारिटी इभेन्ट आयोजना गर्ने चलन त चलिआएकै हो । कोष वृद्धिका लागि अनौठा गतिविधिसमेत हुने गरेका छन् । इजिप्टको मिडल्यान्डमा एक विद्यार्थी समूहले कोष वृद्धिका लागि ट्वाइलेट पेपरको उपयोग गरेको छ ।

२७ हजारभन्दा बढी ट्वाइलेट पेपरको सहायताले पिरामिड बनाएर उक्त समूहले विश्व रेकर्डसमेत राखेको छ । मिडल्यान्डको बुललक क्रेक हाइस्कुलमा उक्त पिरामिड बनाउन विद्यार्थीलाई १६ घन्टा लागेको थियो । बिदाको समय पारेर स्कुल परिसरमा पिरामिड बनाइएको थियो । १६ फिट ३ इन्च ठूलो पिरामिड बनाउन प्रयोग भएका ट्वाइलेट पेपर बेचेर संस्थाको कोष वृद्धि गर्ने समूहको योजना छ । उनीहरूलाई ट्वाइलेट पेपर जम्मा गर्न स्थानीय दाताले सहयोग गरेका थिए ।

ट्वाइलेट पेपर बेचेर जम्मा भएको रकम २० जनाको समूहद्वारा सञ्चालित रोबोटिक्सका कार्यक्रममा खर्च हुनेछ । ने



त्यस बखतको **नेपाल**

रूकुममा माओवादी शासन

कुनै समय शाही नेपाली सेनाका जवान कलबहादुरनाथ अहिले माओवादी पार्टी रुकुमका माओवादी सैनिक कमाण्डर भएका छन् । गाउँका जाली फटाहाले घरमा आगो लगाइदिएर परिवारको चिल्लीबिल्ली पारेको घटनाले मर्माहत भएको बताउने उनी ०४७ सालपछि स्थानीय सामन्तको प्रतिरोध गर्ने प्रतिबद्धतासाथ गाउँमै रहेका थिए । रुकुमको पीपल गाविसका कलबहादुरनाथ त्यसपछि वामपन्थीहरूको सरसंगतमा परे । काठमाडौंस्थित शाही सेनाको छाउनी ब्यारेकमा ७ महिना कार्यरत शाही सेनाका पूर्वजवान कलबहादुरनाथको मातहतमा मात्रै अहिले २/३ सय माओवादी सैन्य दस्ता रहेको छ ।

पुस ५ गते रुकुम-माओवादीले जिल्ला जनसरकारको घोषणा गर्दा कलबहादुरनाथकै नेतृत्वमा रहेको माओवादी सैन्य दस्ताले लगातार दुई दिनसम्म सभास्थललाई वरिपरि घेरेर 'सुरक्षा' दिएको थियो । जनसरकार घोषणाको अघिल्लो दिनदेखि नै पार्टीको कार्यक्रमको तयारीमा लागेका माओवादी कार्यकर्ता तथा सैन्य दस्ता सो दिन पनि बिहान सखारैदेखि खटिरहेका थिए ।

***नेपाल*, १६-२९ पुस २०५७**

सुरेश किरण

आज चिया तीतो छ

सधैंजस्तो बिहानी । सधैंको जस्तो चिया । पकाउने पनि सधैंकै जस्ती श्रीमती । तर एक सुर्को खाएपछि लाग्यो, चियाको स्वादचाहिं सधैंको जस्तो थिएन । कारण थियो, श्रीमतीले चिनी हाल्न बिर्सेकी रहिछन् ।

'प्रिय, तिमीले आज पनि चियामा चिनी हाल्न बिर्स्यौ । के भएको यस्तो ?'

उनले सम्झने कोसिस गर्दै भनिन् 'हैन, चिनी त हालेकै हो ।' उनले आफूले पनि एक सुर्को तानिन् । हो, चिनी त नभएकै रहेछ । चिनी नभएको मात्र होइन, तीतोसमेत थियो ।

उनी उठेर गइन् । चिनी लिएर आइन् । दुवैको कपमा एक-एक चम्चा हालिन् । घोलिन् । सुरूप्प तान्छु तर चिया त पटक्कै गुलियो छैन । तीतोको तीतै । दुवै छक्क । के भएको यो ?

उनले फेरि अर्को एक चम्चा चिनी हालिन् । राम्ररी चलाइन् । फेरि तान्छु । तर अहँ, स्वाद त फेरि तीतोको तीतै । एक कप चियाले तीन चम्चा चिनी खाइसक्यो तर पनि स्वाद भने अझै दिएको छैन । के हुँदै छ यो ?

उनले फेरि चिनी थपिन् । स्वाद लिन्छु, तीतै । त्यसपछि एक एक चम्चा मैले पनि थपेँ । तर अहँ, चिया पटक्कै गुलियो भएन ।

'यो त जादू टुनामुना गरेजस्तो पो भएछ । के भएको ?' मैले सोधेँ ।

'खोइ । हिजोसम्म यही चिनी प्रयोग गरेकी हुँ । ठीकै थियो । आज अचानक के भएछ ?' उनले पनि मलाई सोधिन् ।

'कतै भारतले गुलियो जम्मै झिकेर दाना मात्रै त पठाएन ?' मैले प्रश्न राखेँ ।

हामी छलफल गर्दै थियौं, अचानक बाहिरबाट आएको कोलाहलले 'डिस्टर्ब' गर्‍यो । झ्यालबाट बाहिर हेर्छु, सडकमा जुलुस आएको रहेछ, उखु किसानको ।

टिभीमा कमरेड

नेपाल कम्युनिस्ट पार्टी (मसाल) ले अहिले भर्खरै एउटा क्रान्तिकारी निर्णय गरेको छ । त्यो हो- पार्टीका महामन्त्री कमरेड मोहनविक्रम सिंहले अब टेलिभिजनमा पनि अन्तर्वार्ता दिन पाउने । योभन्दा अघि उनलाई रेडियो र पत्रिकामा मात्रै अन्तर्वार्ता दिने छूट थियो । अब टेलिभिजनमा पनि अन्तर्वार्ता दिन पाइने भयो ।

महामन्त्री सिंहले टेलिभिजनमा अन्तर्वार्ता दिन पाउने भन्ने यो निर्णयलाई नेकपा (मसाल) को एकखाले क्रान्तिकारी छलाङ भन्दा पनि फरक नपर्ला । विश्वका सबैजसो कम्युनिस्ट पार्टीहरू अब मुलुकलाई एक्काइसौं शताब्दी सुहाउँदो प्रगतिको बाटोमा कसरी लैजाने भन्नेबारे निर्णय गरिरहँदा नेकपा (मसाल) चाहिँ आफ्ना महामन्त्रीले टेलिभिजनमा अन्तर्वार्ता दिन पाइने कि नपाइने भन्ने विषयमा निर्णय गरिरहेको रहेछ । धन्य ! यो निर्णय गर्दा पार्टीभित्र कुनै वैचारिक मतभेद भएन । होइन भने त कम्युनिस्ट पार्टी न हो, महामन्त्रीले टेलिभिजनमा अन्तर्वार्ता दिन पाइने कि नपाइने भन्ने विषयमै दुइटा खेमा बनेर पार्टी नै टुक्रा हुन पनि के बेर । यदि त्यसरी पार्टी टुक्रा

सरकारलाई हेप्नी, जिस्क्याउनी ?

यो अहिलेको घटना होइन । पुरानो घटना पनि होइन । नयाँ त झनै होइन । यो त्यस्तो घटना हो, जो अहिलेसम्म घटित नै भएको छैन । अर्थात्, यो भविष्यको घटना हो । हाल चर्चामा आइरहेको सामाजिक सञ्जालसम्बन्धी विधेयक जो छ, त्यो पारित भएर कानुन बनिसकेपछि घटित हुन सक्ने एक काल्पनिक घटना हो ।

घटना कस्तो छ त भन्दा, एक दिन मलाई फोन आएछ । फोन सरकारको तर्फबाट उनै सरकारी अधिकारीको रहेछ । फोन उठाएको मात्रै के थिएँ, उताबाट कुरा सुरु गरिहाले, 'सामाजिक सञ्जालमा सरकारलाई जिस्क्याउन पाइँदैन भन्ने कानुन आएको तपाईंलाई थाहै होला । तर पनि सरकारलाई किन जिस्क्याउनुभएको हँ ?'

म ट्वाँ परेँ किनभने सरकारलाई जिस्क्याउने खालको कुनै कुरा लेखेको थिइनँ । भनेँ, 'मैले कहाँ सरकारलाई जिस्क्याएको छु र ? तपाईंलाई सायद भ्रम परेछ होला ।'

'होइन, लेख्ने तपाईं नै हो । सरकारलाई किन जिस्क्याउनुभएको भन्नुस् त ?' उताको स्वर कठोर

भएको भए एउटा टुक्राको नाम हुने थियो- नेकपा (अपा) अर्थात् 'अन्तर्वार्ता दिने पाइने', अर्को टुक्राको नाम हुने थियो- नेकपा (अनपा) अर्थात् 'अन्तर्वार्ता दिन नपाइने' । भगवान्लाई धन्यवाद दिऊँ, त्यस्तो केही भएन । आखिर गत २५ वर्षदेखि पार्टीले यो विषयमा जो चिन्तन-मनन गरिरहेको थियो, त्यो सफल भएरै छाड्यो । हामीलाई विश्वास छ, मुलुकमा व्याप्त दलाल नोकरशाहीतन्त्र, संशोधनवादी विचलन, पुँजीवादी संक्रमण, साम्राज्यवादी अतिक्रमण, भ्रष्टाचारजस्ता सम्पूर्ण विकृति कमरेड सिंहको टेलिभिजन अन्तर्वार्ताबाट क्रमशः हट्दै जानेछन् ।

हुँदै थियो ।

म भने विनम्र हुँदै थिएँ, 'मैले कहाँनेर सरकारलाई जिस्क्याएँ भन्नुस् त एक पटक ?'

उताबाट भनियो, 'यो सरकारले देशमा छिट्टै नै रेल सञ्चालन गर्दै छ भनेर किन लेखेको तपाईंले ? यो सरकारलाई जिस्क्याएको होइन ?'

'हँ ! यो जिस्क्याएको भयो ?' मेरा आँखा खुलेका खुल्यै भए ।

'अनि के त ? अर्को ठाउँमा तपाईंले लेख्नुभएको छ, अब सरकारले राजधानीमा विद्युतीय रेल चलाउने । यो पनि सरकारलाई जिस्क्याएको हो । किन यति साह्रो जिस्क्याउनुभएको ?' प्रश्न ठाडो हुँदै आयो ।

म भने लुत्रुक्क पर्दै जान थालेको थिएँ । सामाजिक सञ्जालको कानुनमा सरकारलाई जिस्क्याउन पाइँदैन भनेर लेखिएको त पढेको थिएँ तर 'अब विकासमा गति लिँदै छ' भनेर लेख्दा पनि सरकारलाई जिस्क्याएकै ठहर हुन्छ भन्ने कुराचाहिँ कहीं पढ्न पाएको थिइनँ ।

दैवको लीला

[झटारो]

लक्ष्मण गाम्नागे

सिद्धबाबा बिनाअक्सिजन, बिनादानापानी, जमिनमुनि खाडल खनेर, माटोले पुरिएर नौ दिनसम्म बस्नुभयो र निस्केर ठमठम हिँड्नुभयो भन्ने समाचार सुनियो । उहाँ हेर्दाहेर्दै जगत्गुरुका उपाधिले विभूषित हुनुभयो । महापुरुष मात्र होइन, उहाँ भगवान्कै रूपमा पुजिन थाल्नुभयो । राष्ट्रपतिदेखि प्रधानमन्त्री, मन्त्रीहरू, ठूल्ठूला नेताहरू, उच्च प्रशासकहरू, सेना र प्रहरीका हाकिम सबका सबलाई उहाँले आफ्ना भक्त बनाउनुभयो । यस्ता समाचार आउँदा-आउँदै अर्को समाचार आयो, सिद्धबाबाले सरकारी जग्गा हडपेर आश्रम बनाउनुभयो । अन्तिम समाचारअनुसार सिद्धबाबाले एउटी भक्त महिलालाई बलात्कार गर्नुभयो ।

योचाहिँ पत्याउन नसकिने समाचार थियो । नभन्दै आगो र स्त्रीलाई छुन पनि नहुने जगत्गुरुले आगोमा हाम फालेको यो आरोपलाई ठाडै खारेज गरिदिनुभयो । आश्रमको कडा सुरक्षाघेराभित्र बलात्कार असम्भव छ भनेर बाबाका सेवकहरूले पनि भनिसके । त्यसैले यो घटना भएको हैन रहेछ भन्ठानौँ । मानौँ, दैवको लीला, यदि यो घटना भएकै हो भने पनि यसमा बाबाको के दोष ! आश्रममा अधर्मीहरूको घुसपैठका कारण बाबामाथि षडयन्त्र भएर पनि यो घटना भएको हुन सक्छ । अर्को कुरा, विश्वलाई नै दुष्प्रभाव पारिरहेको ग्लोबल वार्मिङका कारण बाबाको हृदय पग्लिएर पनि यो सबै भएको हुन सक्छ । ग्लोबल वार्मिङले कस्ता-कस्ता अटल हिमालहरू पग्लिरहेका छन् । जंगल डढेर भष्म भइरहेका छन् । त्यस्ता विषयमाथि विचार नगरी उहाँलाई आरोप लगाउनु हुँदैन, अदालतले पनि त्यसतर्फ ध्यान दिएर नै उहाँलाई छाडेको हुनुपर्छ ।

विधिविज्ञानले जेसुकै भने पनि बाबाले होइन भनेपछि त्यो अडियोको आवाज उहाँको होइन नै होला । दैवको लीला, साढेसाती दशाले गर्दा त्यो अडियो सक्कली नै रहेछ र बाबाले रुवाबासी गरेर ती महिलासँग माफी माग्दा पनि तिनले मुद्दा फिर्ता लिन अटेर गरेकी हुन् भने ती महिला नै मूर्ख हुन् । तिनले त कलियुगमा कृष्ण कृपा पाएकी हुन् । ईश्वरसँग साक्षात्कार भएकी हुन्, त्यसलाई बलात्कार ठान्नु उनको मूर्खता हो । साधारण मानिसले गरेको र सिद्ध पुरुषले गरेको कुनै पनि कर्म एउटै कोटिमा राखेर हेर्न मिल्दैन । त्यसैले हेरिराख्नू, सिद्धबाबाको सिद्धिका प्रभावले आगामी दिनमा पनि उहाँकै पक्षमा फैसला हुँदै जानेछन् । बाबाको सिद्धि सदा कायम रहनेछ । उहाँ पुनः आफ्नो कर्मक्षेत्रमा फर्केर भक्तजनलाई सदाचारी प्रवचन दिन थाल्नुहुनेछ । अर्को पटक नौ दिन होइन, नौ महिना जमिनमुनि वा पानीमुनि बिनाअक्सिजन समाधि बसेर सकुशल निस्केको देख्न पाइनेछ । कुनै यन्त्रको सहायताबिना हावामा तैरिएको विश्व रेकर्ड पनि बाबाबाटै कायम हुनेछ ।

एउटा प्रवचनमा उहाँले यो पनि भन्नुभएको रहेछ, 'कसैले भोलि के गर्दै छ भन्ने म आजै सबै थाहा पाउँछु ।' अबदेखि कसैले कुनै यस्तै आरोप वा मुद्दा लगाउँदै छ भन्ने उहाँलाई अगाडि नै थाहा होस् र पूर्वसतर्कता अपनाउन सकियोस् । त्यो विवादास्पद अडियोको आवाज नक्कली हो भनेर त गुरुले नै भनिसक्नुभयो । तर कदाचित् गुरुले आवेशमा आएर आफ्नो बलात्कारी अंग काटेर फाल्छु भन्ने घोषणा गर्नुभएकै हो रहेछ भने उहाँलाई त्यसो नगर्न बिन्ती गरौँ । फ्याट्ट गुरुले त्यो पापी, नास्तिक, दुष्ट अंगलाई काटिहाल्नुभयो र साराका सारा भक्तजनले त्यसको अनुशरण गर्न लागे भने संसारको सृष्टिमै अवरोध हुन सक्छ । गुरु वचन हो, पालना हुन के बेर !

KMG
KANTIPUR MEDIA GROUP

nepalmag.com.np
नेपाल
राष्ट्रिय साप्ताहिक

विषयवस्तुपरक सुक्ष्म विश्लेषणका साथ
तपाईंका लागि साप्ताहिक रूपमा प्रस्तुत

बदलिँदो नेपालको 'अन्तर्कथा

बदलिँदो समयको साक्षी बनी देशका महत्वपूर्ण घटनाहरूलाई समेटेर साप्ताहिक रूपमा पाठकसमक्ष प्रत्येक क्षेत्रका खोजमूलक एवं विश्लेषणात्मक विवरण प्रस्तुत गर्नु हाम्रो उद्देश्य हो। ती घटना र विचारको माध्यमबाट नै देश विकासलाई आकार दिने प्रवृत्तिहरू पहिचान गर्न हामी निरन्तर प्रयासरत छौं।

प्रत्येक कथाको निष्कर्षसम्म पुग्न
'आजै ग्राहक बन्नुहोस्।

थप जानकारीको लागि
एनटिसि: 16600122222, 9851216800
एनसेल: 9801572222, 9801016850

यसरी जन्मियो स्किब

बम्बईमा कला पढेका थुप्रै साथीहरू थियौं तर कला संगठन थिएन । व्यक्तिगत रूपमा खर्च जोहो गर्न सकिने अवस्था पनि थिएन । एकल कला प्रदर्शनीको लागत पनि महँगो हुने, निम्तो कार्ड छाप्नुपर्ने, क्याटलग बनाउनुपर्ने, हल बुकिङ गर्नुपर्ने । त्यसैले संगठन निर्माण गरेर सामूहिक रूपमै कला क्षेत्रलाई उँभो लैजाने सम्भावना देख्यौं । यसो गर्दा खर्च कम लाग्ने, प्रचारप्रसार पनि गर्न सहज हुने ।

सामूहिक कलाको विस्तारका लागि स्किब समूह खोलियो, सन् १९७१ मा । वत्सगोपाल वैद्यजीको घरमा लामो बैठक बस्यौं । शशि शाह, कृष्ण मानन्धर, इन्द्र प्रधान र वत्सगोपाल वैद्यकै नामको पहिलो अक्षरबाट समूह बन्यो । नारायणबहादुर सिंह र लैनसिंह बाङ्देल त्यसका सल्लाहकार थिए ।

हुन त हामीले संस्था खोल्नुअघि नेपालमा आर्ट क्षेत्रमा क्रियाशील ग्रुप हुँदै नभएका होइनन् । सत्यमोहन जोशी, चन्द्रमानसिंह मास्के, तेजबहादुर चित्रकारलगायत समूह कला क्षेत्रमा क्रियाशील थियो । पाटनमा सत्यमोहनले धेरै पटक कला प्रदर्शन गरे । राजा त्रिभुवनलाई समेत बोलाएर उद्घाटन गराउँथे । तर तिनको गतिविधि क्षणिक मात्र हुन्थ्यो ।

चन्द्रबहादुर मानन्धर, चन्द्रमान मास्के, जीवरत्न श्रेष्ठ, कालिदास श्रेष्ठजस्ता आर्टिस्टको पनि स्क्वायर ग्रुप थियो । तर त्यो ग्रुप निरन्तर रहन सकेन । एक–दुई वर्ष चलेर पछि बन्द भयो ।

योङ आर्टिस्ट ग्रुप र यस्तै अन्य समूह जन्मिए तर दिगो भएनन् । सन् १९७२ को योङ आर्टिस्ट ग्रुपमा पुष्परत्न शाक्य अध्यक्ष, बैकुण्ठमान श्रेष्ठ सचिव, सल्लाहकारमा राष्ट्रिय स्वतन्त्र विद्यार्थी मण्डलका अध्यक्ष पदम ठकुराठी थिए । उनले कैयौंपल्ट काठमाडौं टुँडिखेलमा कला प्रदर्शनी गरेका थिए । स्किब स्थापनापछि पनि थुप्रै आर्टिस्ट समूह जन्मे । स्किब स्थापनाको मुख्य उद्देश्य कला क्षेत्रलाई व्यवस्थित गरेर नेपाल र बाहिरी संसार चिनाउनु थियो ।

स्किब सदस्यको प्रदर्शनीमा आ–आफ्ना छन्दको आधुनिक चित्र समावेश हुन्थे । मेरा चित्रमा विशेषगरी घोडा, वत्सगोपालको गणेश, इन्द्र प्रधानको मोडर्न आर्ट र कृष्ण मानन्धरको हरियो जंगलका परिवेश समेटिन्थे ।

हाम्रो समूहमा सबैभन्दा क्रियाशील थिए, इन्द्र प्रधान । बूढानीलकण्ठ स्कुलका कला मास्टर प्रधान युवराज दीपेन्द्रलाई कला पढाउँथे । नेपालभर कलाका विद्यार्थी छनोट जिम्मा उनैले पाएका थिए । रानी ऐश्वर्यले समेत युवराज दीपेन्द्रले नपढे कान निमोठ्न अह्राएको प्रसंग प्रधान हामीलाई सुनाउँथे ।



शशि शाह

सन् १९९५ मा प्रधानको निधन भएपछि स्किब पहिलेजस्तो क्रियाशील हुन सकेन । यसका सदस्यको नियमित प्रदर्शनी रोकिन पुग्यो । स्किबमा आबद्ध सदस्यले ३० वर्षसम्म निरन्तर सामूहिक कला प्रदर्शन गर्न सके ।

स्किबमा आफ्नैपन, आत्मा र रंग बोलून् भन्ने हाम्रो ध्येय थियो । समूहका सदस्यबीच मतमतान्तर भने कहिल्यै भएन । अध्ययनताका नै महाराष्ट्रमा रामकुमार, रजा र सुजा आदि ग्रुपले कला क्षेत्रमा हासिल गरेको उपलब्धि देखेका थियौं । उनीहरूको प्रेरणाले नै हाम्रो संस्था जन्मिएको हो । स्किबले समूहगत रूपमा काम गरेकैले नेपालको कला क्षेत्र अन्तर्राष्ट्रिय स्तरमा पुग्न सकेजस्तो लाग्छ ।

हामीले धेरै पटक राजधानी काठमाडौंसहित पोखरा, विराटनगरलगायत प्रमुख सहरमा सामूहिक कला प्रदर्शनी गर्‍यौं । दार्जिलिङसम्म पनि स्किबले आफ्नो उपस्थिति जनायो । उबेला सरकारले कला क्षेत्रलाई प्रमुखता दिएको थियो । कुनै बेला त स्किबको प्रदर्शनी भनेपछि ठूलै चाडजस्तो हुन्थ्यो । दरबारबाट राजारानीले समेत केही दिन प्रदर्शनी ढिला भए सोधखोज गर्थे । *गोरखापत्र*ले त आर्टिस्टबारेका समाचारलाई प्राथमिकता दिएरै छाप्थ्यो ।

शशि शाह,
कृष्ण मानन्धर,
इन्द्र प्रधान र
वत्सगोपाल वैद्य
(बायाँबाट क्रमशः)

*गोरखापत्र*का सम्पादक नारायणबहादुर सिंह कलापारखी थिए । उनैले नेपाल प्रज्ञाप्रतिष्ठानबाट *समसामयिक नेपाली चित्रकलाको इतिहास* प्रथम संस्करण प्रकाशन गरेका थिए, ०३३ मा । यो किताबमा त्यतिबेलाका नेपाली आर्टिस्टहरूको जीवनी छापिएको छ । यसैलाई नेपालको कला क्षेत्रको महत्त्वपूर्ण आधार मानिन्छ ।

स्किबकै कारण नेपालको आधुनिक कला विस्तारले फड्को मार्‍यो । हामी तीन सदस्यलाई पनि बुढ्यौलीले छोयो । शारीरिक अस्वस्थताका कारण सामूहिक कला प्रदर्शन गर्न सकिने अवस्था रहेन । तर प्रायोजक फेला पर्दा भने स्किबका कला प्रदर्शनीलाई निरन्तरता दिइरहेकै छौं ।

प्रस्तुति : गोकुल अर्याल

पोडकास्ट सुन्न soundcloud.com/nepalmagazine

हाम्रो नेपालमा

हिउँमा सिकारी

मैत्या घर्ती मगर

डाँडाकाँडामा हातमा बन्दुक बोकेका मानिस देख्दा माओवादी द्वन्द्वको झझल्को आउँछ। तर यो द्वन्द्वकालीन तस्बिर भने होइन । बन्दुक बोकेका युवाको यो दृश्य हो, रुकुम, तकसेराको ।

तकसेराका युवा अहिले पनि बन्दोबस्ती सामानसहित काँधमा बन्दुक बोकेरै सिकारमा निस्कन्छन्। उनीहरूले जनावर लुकेको स्थान फेला पार्न कुकुर पनि सँगै लिएर जान्छन् । यसरी सिकारमा निस्किएकाहरू तीन-चार दिनसम्म जंगलमै बस्छन् । हिउँ परेका बेला सिकार खेल्न झनै कष्ट हुने र कहिलेकाहीँ रित्तै फर्कनुपर्ने उनीहरूको अनुभव छ ।

पहिले-पहिले राजा-महाराजा पशुपन्छीलाई मारेर पेट भर्नुभन्दा पनि सोखका लागि सिकार खेल्न जंगल धाउँथे। अहिले पनि समाजमा सोखिन सिकारी भेटिन्छन् । तर त्यो सिकार मासुको स्वाद लिनैका लागि हुन्छ । ने

विशेष

राजनीतिको बुईमा महँगी

बजारमा एकाधिकार, राज्यको परोक्ष आशीर्वाद

यम बम

ललितपुर, बगलामुखीदेखि कृष्णमन्दिर जाने बाटोको दायाँतिर सानो गल्ली छ । गल्लीसँगै जोडिएको छ, एउटा पुरानो घर । निहुरिएर हिँड्नुपर्ने घरको चौथो तलाको कोठा भाडामा लिएर बस्छ, होमराज गजमेरको परिवार । २ स्कुले छोराछोरी र पत्नी मीना उनको कमाइमा आश्रित छन् । ग्रिल वेल्डिङबाट महिनावारी आर्जेको ३५-४० हजार रुपैयाँबाट परिवारको पालनपोषणसँगै ९ वर्षीया छोरी रिस्मा र ३ वर्षीय छोरा जोयललाई निजी विद्यालयमा पढाइरहेका छन् ।

रिस्मा र जोयल पाटन, सुन्धाराको ज्ञान मन्दिर स्कुलमा क्रमशः ४ कक्षा र युकेजीमा पढ्छन् । उनीहरूको मासिक शुल्क ३ हजार ४ सय ५० रुपैयाँ छ, त्यसबाहेक भर्ना शुल्क, पोसाक, कापीकिताब, परीक्षा शुल्क र खाजा खर्च छँदै छ । रामेछाप, रामपुरका गजमेर भन्छन्, "कमाएको पैसाले घरखर्च चलाउन र छोराछोरी पढाउन त पुगेकै छ । तर ओखतीमूलोसँगै चाडपर्वका बेला साथीहरूसँग सापटी लिनुपर्छ ।"

काठमाडौँ उपत्यकासहित मुलुकका अन्य सहरमा कमाइ खाने वर्गको आम्दानीले खर्च धान्नै मुस्किल हुन्छ । ज्याला, पारिश्रमिकभन्दा दोब्बरका दरले उपभोग्य वस्तुको भाउ बढिदिन्छ । सरकारी तर्क हुन्छ- श्रमिकको ज्याला र कर्मचारीको तलब बढ्दा मूल्यवृद्धि भयो । नेपाल राष्ट्र बैंकका पूर्वगर्भनर दीपेन्द्रबहादुर क्षेत्रीको तर्क छ, "सोझासाझा जनताले के भनिदिँदा पत्याइदेलान् भन्ठान्ने बहानाबाजी मात्रै हो, यो । कर्मचारीको १० प्रतिशत तलब बढाएर मूल्यवृद्धिले आकाश छुन्छ ?"

सातदोबाटोमा २ कोठा लिएर बसिरहेका निर्मला मगरको परिवारको आम्दानी पनि खर्चमै सकिन्छ । अकोर्ड औषधी कम्पनीमा कार्यालय सहयोगी रहेकी निर्मला र प्रभु बैंकमा सुरक्षा गार्ड उनका पति ढकबहादुर मगरको जम्मा मासिक कमाइ साढे ३६ हजार रुपैयाँ छ । ब्राइट फ्युचर एकेडेमीमा १० कक्षा पढिरहेका छोरा निखिलको मासिक शुल्क मात्रै ११ हजार छ । १२ कक्षा पढिरहेकी छोरी निकिताले धन्न छात्रवृत्ति पाएकी छन् र २ वर्षको ३० हजार रुपैयाँ तिरे पुग्छ । झापा सुरुंगाका उनीहरू छोराछोरीको भविष्यका लागि भन्दै काठमाडौँ हान्निएका हुन् । निर्मला भन्छिन्, "कमाइजति छोराछोरी पढाउनमै ठिक्क छ । त्यसैमा कोठाभाडा, खाद्यान्न, लुगाकपडाको जोहो गर्नुपर्छ ।"

> वसन्तपुर क्षेत्रमा भारी बोकिरहेका एक मजदुर

तस्बिरहरू : सरोज बैद्य

मजदुरी गरेर कमाएको पैसा पनि दैनिक उपभोग्य वस्तुमै सकिने भएपछि सबैभन्दा बढी मारमा मध्यम र निम्नस्तरीय वर्ग पर्छन् । आम नागरिक गरिखाने बाटो मिल्छ भनेरै सहर पस्छन् । त्यसैमा जोडिन पुग्छ, सन्तानलाई उचित शिक्षा र भरपर्दो स्वास्थ्य सेवा ।

मूल्यवृद्धि-राजनीतिक कनेक्सन

तत्कालीन उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री मातृकाप्रसाद यादवले गत २४ साउनमा सिमेन्ट उद्योग संघद्वारा काठमाडौँमा आयोजित कार्यक्रममा भनिदिए, 'व्यवसायीले चन्दा दिए भनेको त पछि थाहा भयो, जनताको ढाड सेक्ने गरी मूल्य बढाउँदा रहेछन् । हामी नेताहरू बोल्न सक्दैनौं ।'

यादवको यो अभिव्यक्तिले दर्साउँछ- उद्योगी, व्यवसायी र राजनीतिक नेतृत्वसँगको हिमचिमका कारण बजारमा कतिसम्म एकाधिकार कायम हुन्छ । बजारमा हुने कालोबजारी, एकाधिकार, कृत्रिम अभावलाई निरुत्साहित गर्ने र प्रतिस्पर्धी बनाउने दायित्व राज्यको हो । तर ठीक उल्टो छ । अर्थराजनीतिक टिप्पणीकार लेखनाथ पौडेल नेपालमा चन्दा लिएर चुनाव जित्ने र पछि उसै (चन्दा दिने) को चाहनाअनुसार अर्थव्यवस्थाको निर्माण हुने गरेको बताउँछन् । भन्छन्, "हिजो दरबारले सीमित व्यापारीलाई साथमा लियो, अहिले राजनीतिक नेतृत्वसँग पहुँच भएको नवधनाढ्य वर्ग उदाएको छ । यो भ्रष्ट अभ्यास हो ।"

पौडेलको टिप्पणी चिनीको चास्नीसँग पनि मिल्न जान्छ । प्रधानमन्त्री केपी ओलीसँगको सीधा पहुँचकै कारण उद्योगीहरू चिनी महँगो बनाउन सफल भएका थिए । ०७५ को सुरुआतमा उपत्यकामा चिनीको मूल्य प्रतिकिलो ६३ रुपैयाँ हाराहारी थियो । चिनी उद्योगीले उपाय निकाले- आयातीत चिनी सरकारबाटै रोक्न लगाएर भाउ बढाउने । उनीहरूकै योजना र आग्रहबमोजिम ३१ भदौ ०७५ को मन्त्रिपरिषद्ले चिनी आयातमा कोटा तोक्दै वार्षिक १ लाख टनमा सीमित गऱ्यो । त्यही वर्षको दसैँताका मूल्य अकासिएर प्रतिकिलो ८५ पुग्यो । उद्योगी, व्यापारी मालामाल भए, उपभोक्ताको खल्ती रित्तियो ।

राष्ट्रिय उपभोक्ता मञ्चका अध्यक्ष प्रेमलाल महर्जन सरकार कालोबजारीको ढाल बनिरहेको टिप्पणी गर्छन् । भन्छन्, "भारतबाट चिनी आयात गरी नेपाली चिनी भन्दै प्याकेजिङ गरेर अधिक नाफा कमाए, चिनी महँगो भएकै कारण मिठाईजन्य वस्तुको मूल्यमा पनि मनोमानी गरियो ।"

आफूलाई उद्योगीले ढाँटेको दाबी गर्दै प्रधानमन्त्री ओलीले चैत ०७५ मा भनेका थिए, 'उहाँहरू (चिनी उद्योगी) ले अर्को सालसम्मका लागि चिनी स्टक भयो, आयात रोकिदिनुपऱ्यो भन्नुभयो । होला त नि

^ वेल्डिङ गर्दै होमराज गजमेर

भनेर मैले आयात रोकिदिएँ । भोलिपल्टदेखि बजारमा चिनी छैन ।'

१ साउनदेखि चिनीको कोटा स्वत: हटेपछि चिनी उद्योग संघले अहिले पुन: चलखेल गरिरहेको छ । उखु उत्पादक किसान कहिल्यै भुक्तानी पाउँदैनन् तर उद्योगीहरू 'हामी चिनीमा आत्मनिर्भर भयौँ' भन्न छाड्दैनन् । मूल्यवृद्धि अकासिनुमा राजनीतिक अस्थिरता, बन्द-हडताल, निर्वाचनले पनि असर गर्छ । आम उपभोक्ताको आशा रहन्छ, स्थिर सरकार बनेपछि त बजारमा सुशासन हुनुपर्ने हो ।

पूर्वअर्थमन्त्री तथा कांग्रेस नेता रामशरण महत स्थिर सरकार भएर मात्र बजारमा सुशासन नहुने बताउँछन् । भन्छन्, "उत्पादकले राम्रो मूल्य पाएका छैनन् । उपभोक्ताले महँगो मूल्य तिर्नु परेको छ । यसको कारक भ्रष्टाचार, सुशासन अभाव र जथाभावी कर हो ।"

विगत हेर्दा पनि उपभोक्ताले सुलभ बजारको महसुस गर्न पाएनन् । ०६२/६३ को जनआन्दोलन, आमचुनाव, त्यसपछि संविधान लेखन र संघीयताको दौड । यो अवधिमा नेपाली उपभोक्ताले चरम महँगी खेप्नुपर्‍यो । केही हदसम्म भए पनि भाउ थुमथुमिएको ०७३/७४ यता हो । यसअघि त सरकारसामु संविधान बनाउनेदेखि संघीयतामा रूपान्तरणलगायत ठूलूला राजनीतिक मुद्दा थिए । नेपाली समाजले पछिल्लो ६ दशकभन्दा समय राजनीतिक अधिकारकै लागि खर्चियो । ०७२ को भूकम्प, त्यसपछिको भारतीय नाकाबन्दी होस् वा त्यसअघिको खाद्य संकटमा पनि उपभोक्ताले महँगो मूल्य तिर्नुपर्‍यो । ०२७ र ०४५ मा भएको नाकाबन्दीका बेला त महँगी दरले दोहोरो अंक छोएको थियो ।

सरकारले 'समृद्ध नेपाल सुखी नेपाली' नारा दिएको दुई वर्ष नाघिसक्दा पनि सर्वसाधारणले त्यसको अनुभूति गर्न सक्ने अवस्था सिर्जना भएको छैन । अहिले पनि महँगी र त्यसले निम्त्याएको दुई छाक जुटाउने समस्याले निरन्तरता पाउँदा सरकार मात्र होइन, प्रमुख प्रतिपक्षी निदाएको अभिनयमा छ । कांग्रेसलाई आन्तरिक किचलो थुम्थुम्याउँदै भ्याईनभ्याई छ । अरू दलहरूले पनि नागरिक चासोका मुद्दामा आफूलाई खुलेर उभ्याउन नसक्दा उपभोक्ता मुद्दा ओझेल परेका छन् । यद्यपि कांग्रेस नेता महत प्रतिपक्षीको हिसाबबाट महँगी नियन्त्रण र सुशासनका लागि खबरदारी भइरहे पनि सरकारले कदम चाल्न नसकेको तर्क गर्छन् ।

मूल्यवृद्धि नियन्त्रणलाई आर्थिक स्थिरताको प्रमुख खम्बाको रूपमा हेरिन्छ । संविधानमै समाजवादउन्मुख भनिए पनि सरकारले कुनै न कुनै रूपमा नवउदारवादलाई नै निरन्तरता दिएको छ । ५ वर्षको म्यान्डेट लिएर आएको सरकारले अर्थतन्त्रका लागि केही सानाबाहेकका रणनीतिक काम नगरेको अर्थराजनीतिक टिप्पणीकार पौडेल बताउँछन् । भन्छन्, "सरकारको स्थिरताका बाबजुद ट्रेडिङमा परोक्ष रूपमा भएको सिन्डिकेटलाई सुरक्षित गरिदियो । बजार सीमित घरानाको हातमा रहँदा सम्पत्तिको केन्द्रीकरण भयो । मझौला तथा साना व्यवसायी प्रतिस्पर्धामै आउन सकेनन् ।"

सरकारले निर्भरतामुखी अर्थतन्त्र र त्यसमा टेकेर भइरहेको एकाधिकारलाई क्रमश: कमजोर बनाउन लाग्नुपर्थ्यो । त्यसको सकारात्मक प्रभाव तत्काल नपरे पनि भविष्यमा अर्थतन्त्रका लागि फलदायी हुन्थ्यो । पूर्वगर्भनर क्षत्रीको भनाइमा अहिले श्रमिकले रोजगारी त पाएका छन् भनेर आँखा चिम्लिने काम भएको छ । तसर्थ राजनीतिक नेतृत्वसँग पहुँच भएकाले जतिसुकै लुट मच्याउँदा पनि आँखा चिम्लने प्रवृत्ति रहेको उनको तर्क छ ।

मुलुकको सहरी जनसंख्या तीव्र रूपले बढिरहेको छ । सहरको जनसंख्या १७ बाट बढेर ५९ प्रतिशत पुगेको आर्थिक सर्वेक्षण-०७५/७६ मा उल्लेख छ । पूर्वगर्भनर क्षत्रीको भनाइमा गाउँमा १ बिघा जमिनमा खेती गर्दा पनि वर्षैभर खान नपुग्ने अवस्था आइलागेपछि मान्छे सहरमुखी भए । भन्छन्, "बरु सहरमा बसबाट कसैको झोला झारिदिएबापत पाइने

२०-२५ रुपैयाँले खान पाइन्छ भनेर सहर पसे। गाउँमा जग्गा बाँझै रहे।" गाउँमा कामै नपाइने र पाए पनि उचित ज्याला नहुने भएपछि युवा वैदेशिक रोजगारीमा गए। त्यसले गाउँघरमा रेमिट्यान्सको मात्रा बढायो। त्यही देखेर दुःख गरेरै भए पनि दुई पैसा कमाउन विदेशिने क्रम बढेपछि गाउँमा श्रमिकको समेत अभाव हुन थाल्यो। श्रमिकको ज्याला बढ्यो। राष्ट्र बैंकको पछिल्लो तथ्यांकले देखाउँछ, ज्याला १३.७२ र पारिश्रमिक १२.४१ प्रतिशतसम्म वृद्धि भएको छ।

मुलुकमा कृषि उत्पादन नै न्यून छ। गत वर्ष भारतबाट मात्रै ३२ अर्ब २२ करोडको चामल र १४ अर्ब ६१ करोडको तरकारी आयात भएको छ। पूर्वअर्थमन्त्री तथा नेकपा नेता सुरेन्द्र पाण्डे भन्छन्, "मन्त्रीले उत्पादन बढ्दा निर्यात पनि बढ्यो त भन्नुभएको छ तर मकैसमेत अर्जेन्टिनाबाट आउँछ।"

राज्यले प्रदान गर्ने सहुलियत, अनुदानका कार्यक्रम राजनीतिक नेतृत्वसँग नजिक र पहुँचवालाको पोल्टामा पर्छ। कृषि तथा पशुपन्छी विकास मन्त्रालयको गत वर्षको अध्ययन प्रतिवेदनले नै त्यसको पुष्टि गर्छ। पाण्डे भन्छन्, "नक्कली फर्म खडा गरेर भ्रष्टाचार भइरहेको छ। अनुदान उत्पादनका लागि नभई पचाउने काम भयो।"

सरकारी तथ्यांकले उत्पादन वृद्धिका लागि वार्षिक दसौं अर्ब लगानी भइरहेको देखाए पनि किसान र उद्यमीले पाएनन्। मुलुकको अर्थतन्त्र आयातीत वस्तुमै निर्भर हुनुपर्ने बाध्यता कायमै रहयो। त्यसबाहेक अन्य क्षेत्रमा दिइने सहुलियत र अनुदान त छँदै छ। मलबीउ समयमा नपाएपछि कालोबजारीमा किन्नुपर्ने बाध्यताले पनि केही हदसम्म उत्पादित वस्तुको लागत बढ्ने नै भयो।

गरिमा नामक भारतीय हाइब्रिड धानको नक्कली बीउबाट ठगिएका किसान हुन् वा फौजी कीराको प्रकोप, जसले यो वर्ष धान उत्पादनमा १० प्रतिशतले घटेको छ। जबकि गत वर्ष इतिहासमै बढी ५६ लाख १० हजार टन धान फलेको थियो। १ हजार ४ सय ६ हेक्टरमा लगाइएको धानको बीउ नक्कली हुँदा नोक्सान भयो। किसानले क्षतिपूर्ति कहिले पाउँछन्, सरकारी संयन्त्रलाई नै थाहा छैन। यस्तो अवस्थामा सम्बन्धित बीउ कम्पनीबाट क्षतिपूर्ति भराउने कानुनी व्यवस्था छ। तर किसानलाई क्षतिपूर्ति दिलाउन छाडेर उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई देखाउँदै पन्छिएको छ, कृषि मन्त्रालय। धानको बीउ नक्कली प्रमाणित हुँदा पनि सिफारिस गर्ने कृषि सचिवसहितको सरकारी संयन्त्रलाई कारबाहीको विषयमा सरकार मौन बनिदिन्छ।

अब के होला मूल्यवृद्धि ?

मूल्यवृद्धिलाई उत्पादनमा कमी, कृत्रिम अभाव, नाफाखोरी, वितरण अव्यवस्था, कालोबजारी, जनसंख्या वृद्धि, उच्च कर र सरकारी नीतिले पनि फरक पार्छ।

नेपाली बजारमा विशेषगरी चाडपर्वमा मूल्यवृद्धि अधिक हुन्छ। जब खाद्यान्नसहित दैनिक उपभोग्य वस्तुको मूल्य अकासिन थाल्छ, उपभोक्ता नराम्ररी फस्किन्छन्।

चालू आर्थिक वर्षको ४ महिनामा मात्र मूल्यवृद्धि ६.२७ प्रतिशत पुगेको छ, जसमा खाद्य समूहको मूल्यवृद्धि बढी छ। आलु, प्याजलगायत तरकारीको मूल्य उपभोक्ताले धान्नै नसक्ने गरी बढेको छ। वीरगन्ज भन्सारमा ४२ रुपैयाँ २४ पैसा कायम भएको प्याज उपत्यकामा २ सय रुपैयाँसम्ममा बिक्री भयो। भन्सारमा कम दररेट कायम गराउँदा राज्यले राजस्व गुमायो नै, प्याजको वास्तविक मूल्य पनि थाहा हुन सकेन।

पछिल्ला ३ आर्थिक वर्षमा आर्थिक वृद्धिदर ६ प्रतिशतभन्दा माथि रहेकामा औसत मूल्यवृद्धि साढे ४ प्रतिशत हाराहारी देखिन्छ। राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक त्रिलोचन पंगेनी भन्छन्, "उच्च आर्थिक वृद्धि र न्यून मूल्यवृद्धि मुलुकको अर्थतन्त्रका लागि सकारात्मक मानिन्छ।" तर पछिल्लो साउनयता हरेक महिनाको मूल्यवृद्धि झन्डै ६ देखि ७ प्रतिशत हाराहारी छ।

भारतमा गत आर्थिक वर्षको औसत मूल्यवृद्धि २.९२ प्रतिशत रहँदा नेपालमा ४.६३ थियो। यो वर्ष भारतमा पनि महँगी बढेको छ। जस्तो, भारतमा साउनमा ३.२८ प्रतिशत रहँदा कात्तिकको मूल्यवृद्धि ५.५४ थियो। अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य बढ्दा तथा डलरको भाउमा आउने उतारचढावको असर नेपाली बजारमा पर्छ। साउनयता मात्र इन्धनको भाउ पाँच पटक घटबढ भइसकेको छ, जसको असर सार्वजनिक यातायातसँगै ढुवानीमा पर्छ। त्यसको मार उपभोक्ताले नै खेप्नुपर्छ। भारतमै मूल्यवृद्धि उकालो लागिरहेका बेला नेपालमा पनि त्यसको असर पर्ने नै भयो। राष्ट्र बैंकका प्रवक्ता गुणाकर भट्ट साउनको तुलनामा कात्तिकमा मूल्यवृद्धि कम भएको र त्यो औसतमा हुन सक्ने आकलन गरिएको बताउँछन्।

पछिल्लो पटक संघीय संरचनासँगै प्रदेशहरूको पनि आर्थिक वृद्धिदर (जीडीपी) निकाल्न थालिएको छ। तर राष्ट्र बैंकले भौगोलिक हिसाबमा तराई, पहाड, हिमाल र काठमाडौं उपत्यका गरी ५ ठाउँको औसत मूल्यवृद्धि निकाल्ने गरेको छ। अहिले तथ्यांक विभागले 'चौथो नेपाल जीवनस्तर सर्वेक्षण' गरिरहेको छ। प्रदेशअनुसार परिवारको मासिक आम्दानी र खर्चको डालो बनाएर सोही संरचनामुताविक मूल्यवृद्धि निकालिने भट्ट बताउँछन्।

बिचौलियाको एकाधिकार

मूल्यवृद्धि गर्न कतिसम्म हत्कन्डा अपनाइन्छ भनेर बुझ्न नेपाल ह्याचरी संघको उदाहरण हेरे पुग्छ। संघले २९ मंसिरदेखि ६ पुससम्म ३० लाख जिउँदा कुखुराका चल्ला गाड्यो, अन्डाका क्यारेट सडकमा मिल्कायो।

त्यसको दुई दिनमै ब्रोइलर कुखुराको मासु र अन्डामा क्रमशः प्रतिकिलोग्राम ३५ र प्रतिक्यारेट १५ रुपैयाँका दरले भाउ बढाइयो। ह्याचरी संघले आन्दोलन गरेझैं गऱ्यो, कुखुरा व्यवसायी संघ र नेपाल अन्डा उत्पादक संघले बजारमा मासु र अन्डा अभाव भएको हौवा फैलाएर भाउ बढाए। तर कृषि तथा पशुपन्छी विकासमन्त्री घनश्याम भुसालले 'यो कार्टेलिङ हो' भन्नुबाहेक कुनै कदम चालेनन्। चल्ला गाडेर मूल्यसमेत बढाइसक्दा पशु सेवा विभागका महानिर्देशक वंशी शर्मा भन्छन्, "चल्ला गाडेको विषयमा हाम्रो ध्यानाकर्षण भएको छ, ह्याचरी संघलाई पत्र पठाएका छौं।"

अफसिजनबाहेक ब्रोइलरको मासु र अन्डाको मूल्यमा धेरै तलमाथि हुँदैन। नेपाल कुखुरापालक किसान संघका अध्यक्ष झनक

प्रतिपरिवार मासिक आम्दानी



धनी परिवारको आम्दानी	मध्यम वर्ग 'क'	मध्यम वर्ग 'ख'	मध्यम वर्ग 'ग'	गरिब परिवार
५३,५७८	३२,०४२	२४,५१६	२३,७३९	१८,३३८

सहरमा प्रतिपरिवार बचत ३,८००

गाउँमा प्रतिपरिवार बचत ४,६००

प्रतिपरिवार मासिक खर्च

नेपालको औसतमा २३,८८३

सहरमा प्रतिपरिवार खर्च २६,४११

गाउँमा प्रतिपरिवार खर्च २०,९०४

काठमाडौँ उपत्यकामा २९,७४८

स्रोतः पाँचौं घरधुरी सर्वेक्षण, राष्ट्र बैंक (०७१/७२)

अंक (रू) मा

उपत्यकामा प्रतिपरिवार मासिक खर्च		होमराज परिवारको मासिक खर्च	
खाद्यान्न तथा पेयपदार्थ	१०,४९९	खाद्यान्न र ग्यास	९,०००
घरभाडा र घरायसी सामान	७,४९३	घरभाडा र घरायसी सामान	८,०००
शिक्षा	२,५११	शिक्षा	६,३००
लत्ताकपडा	१,८४२	लत्ताकपडा	१,०००
यातायात	१,५९८	यातायात र दिवा खाजा	६,०००
सञ्चार	७,५९	विद्युत् र सञ्चार	१,५००
फर्निसिङलगायत	१,१४३	तरकारी, फलफूल र दूध	३,५००
रेस्टुरााँ	९,९५	अन्य	१,२००
सांस्कृतिक	७,३४		
मदिरा र सुर्तिजन्य पदार्थ	२,४६		
विविध	९,६६		
कुल मासिक खर्च	२९,७४८	कुल मासिक खर्च	३६,५००

मासिक आम्दानी ३५–४०,०००

स्रोतः पाँचौं घरधुरी सर्वेक्षण, राष्ट्र बैंक (०७१/७२)

पौडेलको गुनासो छ, "किसानसँग सल्लाह नगरी चल्ला नष्ट गरियो । अहिले आफैं मूल्य निर्धारण गरे । तर किसानले लागत मूल्यभन्दा कम पैसा पाउने गरेका छन् ।" उपभोक्ता संरक्षण ऐन, २०७५ अनुसार माग, आपूर्ति, मूल्यमा प्रतिकूल प्रभाव पुऱ्याए २ देखि ३ वर्षसम्म कैद वा ३ देखि ५ वर्षसम्म कैद वा दुवै सजाय हुने व्यवस्था छ ।

कृषि मन्त्रालयले २१ भदौदेखि लागू हुने गरी दूधको मूल्यमा प्रतिलिटिर ६ रुपैयाँ बढाएर ७६ कायम गऱ्यो । बढेको भाउको ६९ प्रतिशत किसानलाई दिने सहमति भएको थियो । तर व्यवसायीले दूधमा ६ होइन, १० रुपैयाँ बढाएर बेचिरहेका छन् । दूधको भाउ बढेको बहानामा दुग्धजन्य पदार्थ ५० रुपैयाँसम्म महँगो हुन पुगेको छ । त्यसमा निजी डेरी मात्र होइन, सरकारी स्वामित्वको दुग्ध विकास संस्थान (डीडीसी) पनि संलग्न छ ।

काठमाडौँ उपत्यकामा महँगी लागेको अर्को क्षेत्र हो, कोठा भाडा । एजेन्टहरू पसलै थापेर भनिरहेका हुन्छन्, 'कोठा, फ्ल्याट भाडा चाहिए सम्पर्क गर्नुहोला ।' उनीहरूको काम नै हुन्छ, ५ हजारको कोठालाई ६ हजारमा लगाइदिएर घरबेटी र कोठामा बस्नेसँग कमिसन लिने । त्यसबाहेक शुल्क नै भनेर लिने रकम छुट्टै । उपत्यकामा हरेक पटक भाडा बढ्नुको कारण हो, यो । नयाँ बानेश्वरमा बस्दै आएका दिनेश काफ्ले भन्छन्, "एजेन्टले कोठा खोजिदिन्छु भनेर सुरुमै ५ सय रुपैयाँ मागे । तर कोठा खोजेपछि फेरि १ हजार ५ सय लिए ।" घरबेटीले पनि मनोमानी भाडा बढाइरहेका छन् । सरकारले ०७४ मै उपत्यकामा वैज्ञानिक घरभाडा, कोठाभाडा निर्धारणका आयोग गठन गर्ने घोषणा गरेको थियो । तर अहिलेसम्म कुनै मापदण्ड छैन । घरबहाल सरोकार महासंघका अनुसार उपत्यकामा १४ लाख मानिस घरभाडामा बस्छन् । ललितपुर उपमहानगरका प्रवक्ता राजु महर्जन उपमहानगरभित्रका घरभाडालाई व्यवस्थित गरिने बताउँछन् ।



रोजगारी दर

काम गर्ने उमेर समूहको जनसंख्या
२०,७४४,०००

श्रमशक्ति
७९,९४,०००

श्रमशक्तिभन्दा बाहिर
१,२७,५०,०००

रोजगारीमा
७०,८६,०००

ग्रामीण रोजगारीमा
२१,८४,०००

सहरी रोजगारीमा
४९,०१,०००

नेपाल श्रमशक्ति सर्वेक्षण, केन्द्रीय तथ्यांक विभाग



व्यापारीको दबदबा

बजारमा खाद्यवस्तुझैं डरलाग्दो नाफाखोरी लुगाकपडासहितका वस्तुमा छ । जस्तो, दरबारमार्गको लाइफस्टाइल इन्टरप्राइजेजले बोसनी टिसर्ट र सर्ट क्रमशः ९ सय २५ र १ हजार ६ सय ४५ खरिद गरेको थियो । तर उसले टिसर्टको १ हजार ८ सय ९९ र ३ हजार ६ सय ९९ रुपैयाँ मूल्य बनाएर बिक्री गरेको हालै जिल्ला प्रशासन कार्यालय काठमाडौंले प्रमाणित गरेको छ । कालोबजारी ऐनअन्तर्गत चलेको मुद्दामा प्रशासनले १ लाख ६८ हजार ३ सय रुपैयाँ ठगी गरेको फैसला गर्दै साढे २ लाख जरिवाना तिरायो ।

बजारमा व्यापारीको कतिसम्म दबदबा छ भन्न सरकारको मौसमी अनुगमन हेर्नेपर्छ । २० प्रतिशतभन्दा बढी मुनाफा लिए कालोबजारी गरेको ठहरिन्छ । तर चाडपर्वका बेला हुने अधिक महँगी नियन्त्रण गर्ने भन्दै हिँड्ने सरकारी अनुगमन टोलीलाई व्यापारीले नै नियन्त्रणमा लिन्छन् । १२ असोजमा गोंगबुको बीजी मल पुगेको वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको टोलीलाई व्यवसायीले घेराउ नै गरे । सुरुमा सटर बन्द गरेका उनीहरूले पछि घेराउ नै गरेपछि जिल्ला प्रशासन काठमाडौंले प्रहरी परिचालन गर्नु परेको थियो ।

२ असोजमा न्युरोडमा रञ्जना कम्प्लेक्समा अनुगमनमा जाँदा व्यापारीले गरेको विरोध होस् वा ९ असोजमा दरबारमार्गको शेर्पा मलका केही व्यवसायीले सटर बन्द गरेर भागेको घटना । ०७४ फागुनमा उद्योगी, व्यवसायीको दबाब र लबिइङसामु टिक्न नसकेका मन्त्री यादवले आपूर्ति तथा अनुगमन विभागलाई अनुगमन नगर्न निर्देशन दिएका थिए ।

कालीमाटी तरकारी तथा फलफूल बजार व्यवस्थापन समितिको नेतृत्व राजनीतिक नियुक्तिका आधारमा हुन्छ । यो समिति नाम मात्रको छ । कतिसम्म भयो भने तरकारी र फलफूलको कृत्रिम अभाव देखाई अधिक मूल्यमा बिक्री हुने गरेको सूचना पाएपछि वाणिज्य तथा आपूर्ति विभागको टोली ४ भदौ ०७५ बिहान ४ बजे नै अनुगमनमा निस्कियो । तर त्यहाँका व्यापारी यति बलिया बने कि सरकारी अनुगमन टोलीलाई नै नियन्त्रणमा लिए । यो प्रकरणपछि तरकारी र फलफूलमा हुने गरेको एकाधिकार र कालोबजारीको बहस सतहमा आयो । वाणिज्य तथा आपूर्ति मन्त्रालयको कार्यदलले प्रतिवेदन पनि पेस गऱ्यो । तर अहिले उक्त प्रतिवेदन घर्रामा थन्किएर बसेको छ ।

जबकि खाद्यान्नसहित अत्यावश्यक वस्तुको मूल्य तोक्ने निर्णय भएको ७ वर्ष पुगिसकेको छ । १ असोज ०६९ मा राजपत्रमा भनिएको छ, 'अत्यावश्यक खाद्य वस्तुको अधिकतम मूल्य तोकी लागू गर्न आवश्यक देखिएको हुँदा आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन बमोजिम मूल्य नियन्त्रण (निर्धारण) गर्ने ।' २९ वस्तुको मूल्यसूची बनाएर तत्कालीन आपूर्ति मन्त्रालयमा प्रतिवेदनसमेत पेस गरियो । तर उक्त प्रतिवेदन कार्यान्वयन भएन । वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका निर्देशक नोखबहादुर बस्याल नयाँ नियमावलीमा वस्तुको सूची प्रकाशन गर्न सक्ने व्यवस्था रहेकाले अब भाउ तोकिने बताउँछन् ।

भनाइ-गराइमा फरक

'आयातीत तरकारी तथा फलफूलको भन्सार बिन्दुमा क्वारेन्टाइन र जीवनाशक विषादीको अवशेष अनिवार्य परीक्षण ।' सरकारले २ असारमा राजपत्रमा प्रकाशित गरेर चालेको कदम हो, यो । सही तर गलत समयमा गरिएको यो निर्णयबाट सरकार १६ दिनमै पछि हट्यो ।

कारण थियो, विषादीको अवशेष भन्सार बिन्दुमै परीक्षण गर्ने भनिए पनि पर्याप्त प्रयोगशाला नहुनु । फलतः बजारमा तरकारी र फलफूल अभाव भयो । यही मौकामा बिचौलियाले खेले । भारतबाट आयातीत मात्र होइन, स्वदेशी तरकारी र फलफूलको समेत अभाव देखाएर ६८.५७ प्रतिशतसम्म मूल्यवृद्धि भयो । १८ असारमा मन्त्रिपरिषद्ले निर्णय फिर्ता लिएपछि ढुवानी नियमित हुँदासमेत भाउ पूर्ववत् भएन । प्रयोगशाला स्थापनाको विषयमा अहिले प्रगति नै भएको छैन ।

मन्त्रिपरिषद्ले गत भदौमा निर्णय गर्‍यो, चाडपर्वका लागि २० हजार टन चिनी आयातमा ५० प्रतिशत छूट दिने । तर यो निर्णय केवल औपचारिकताका लागि देखियो । किनकि दसैंको मुखमा ढिला गरी भएको निर्णयले खाद्य व्यवस्था तथा व्यापार कम्पनी र साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडले ल्याउने भनिएको १०/१० हजार टन चिनी आएन ।

३ अर्ब रुपैयाँ बजेट रहेको प्रधानमन्त्री रोजगार कार्यक्रम असारे बर्खामा सञ्चालन गरियो । कार्यक्रमको उद्देश्य बेरोजगार युवालाई सय दिने रोजगारी सिर्जना गर्ने रहे पनि एकाध ठाउँबाहेक झार उखेल्ने, सडक सफा गर्नेलगायत स-साना काम मात्र भए । युवाले १ सय दिन होइन, आर्थिक वर्षको अन्तिम महिना मात्र काम गरे । प्रधानमन्त्री रोजगार कार्यक्रमका संयोजक प्रकाश दाहाल १ लाख ८७ हजार व्यक्तिले रोजगारी पाएको दाबी गर्छन् ।

चालू आर्थिक वर्ष ०७६/७७ मा पाँच लाख युवालाई उक्त कार्यक्रममा समावेश गर्ने सरकारी लक्ष्य छ, जसका लागि १३ अर्ब ६२ करोड ऋण लिइएको छ । पछिल्लो आर्थिक सर्वेक्षणअनुसार प्रत्येक वर्ष ५ लाख युवा कामको खोजीमा बजार प्रवेश गर्छन् । तीमध्ये औसतमा दैनिक १ हजार युवा कामका लागि बिदेसिन्छन् ।

बिचौलिया कि विद्यार्थी नेता ?

नयाँ शैक्षिक सत्र आउनै लाग्दा निजी विद्यालयमा विद्यार्थी तान्ने होडबाजी चल्छ । अनि त्यतिखेरै ताल्छन् विद्यार्थी संगठन, 'शुल्क वृद्धि फिर्ता गर' भनेर । यो प्रक्रिया धेरै लामो चल्दैन । चैत अन्तिमतिरबाट ज्ञापनपत्र बुझाउन थालिन्छ । वैशाखमा आन्दोलन, जेठमा शुल्क वृद्धि फिर्ताको सहमति । तर शुल्क वृद्धि कहिल्यै फिर्ता हुँदैन । विद्यार्थी आन्दोलन सहमतिमा सेलाउँछ । विद्यार्थीको हकहित र शैक्षिक सुधारको एजेन्डा रहेको भन्ने विद्यार्थी संघ-संगठनको पछिल्लो दशक यही विषय वरपर घुमेको छ । निजी विद्यालयको शुल्क वृद्धिलाई विद्यार्थी संघ-संगठनले चन्दा उठाउने माध्यम बनाएको पाइन्छ, महाधिवेशन होस् वा अन्य प्रयोजनका निम्ति ।

"विगतमा कमी-कमजोरी भएको हुन सक्छ । अब हुँदैन," अनेरास्ववियुका संयोजक ऐन महर भन्छन्, "शुल्कलाई चन्दासँग जोडेर हेर्ने भएकाले नै हामीले कुनै पनि निजी विद्यालय र विश्वविद्यालयसँग चन्दा नलिने निर्णय गरेका छौं ।"

तत्कालीन एमाले र नेकपा माओवादी केन्द्रको एकतासँगै एकीकृत बनेको विद्यार्थी संगठन अनेरास्ववियुको संयोजक बनेका महरले २ साउनमा पत्रकार सम्मेलनै गरेर चन्दा नलिने र लिएको पाइए अनुशासन उल्लंघनको कारबाही हुने बताएका थिए ।

विद्यार्थी संघ-संगठनलाई लाग्ने यो आरोप नयाँ होइन । त्यसैले त १३ वैशाख ०७४ मा नेपाल विद्यार्थी संघ, अनेरास्ववियु र अखिल क्रान्तिकारीको नेतृत्वले संयुक्त पत्रकार सम्मेलन नै गरेर निजी विद्यालयसँग चन्दा नलिने र शुल्क वृद्धिविरुद्ध आन्दोलन चलाउने निर्णय गरेका थिए । १९ वैशाख ०७५ मा विद्यार्थी संघ-संगठनले प्याब्सन र एन प्याब्सनको कार्यालयमा ताला नै लगाए, शुल्क वृद्धिविरुद्ध । विभागीय मन्त्रीस्तरबाटै वृद्धि भएको शुल्क फिर्ता गराउने निर्णय भए पनि कार्यान्वयन भएन ।

विद्यार्थी संघ-संगठनको आन्दोलन उही गतिमा छ । महर भन्छन्, "संविधानमा भएको व्यवस्थाअनुसार नै शुल्क लिनुपर्छ । त्योभन्दा बाहिर गएर लिन पाइँदैन ।" पछिल्ला हरेक वर्षमा निजी होस् वा सामुदायिक विद्यालयको शुल्क बढेको छ ।

तत्कालीन अवस्थामा जिल्ला शिक्षा कार्यालयबाट शुल्क अनुमोदन गराउनुपर्नेमा अब कक्षा १० सम्मको शुल्क सम्बन्धित स्थानीय तहले निर्धारण गर्ने व्यवस्था छ । ने

उपभोक्ता सचेत हुन जरुरी

गत वैशाखमा प्रतिकिलोग्राम ४५ रुपैयाँ रहेको प्याजको मूल्य मंसिरमा आइपुग्दा २ सय ३० रुपैयाँ पुग्यो । महँगो हुनुको मूल कारणमध्ये एउटा थियो, भारतले प्याज निर्यातमा प्रतिबन्ध लगाउनु । भारतमै प्याजको उब्जनी कम हुँदा भाउ बढ्यो । उसले निर्यात रोकेपछि नेपालमा मूल्य बढ्नु स्वाभाविकै थियो ।

वस्तुको माग बढ्दा मूल्य बढ्ने र माग घट्दा मूल्य कम हुने अर्थशास्त्रीय मान्यता छ । तर नेपाली उपभोक्ता अत्यावश्यक नरहेका वस्तुको मूल्य बढ्दा झनै बढी किन्ने गरेको बताउँछन्, उपभोक्ता अधिकार अनुसन्धान मञ्चका अध्यक्ष माधव तिमिल्सना । भन्छन्, "प्याजको आपूर्ति घट्दा व्यापारीले चलखेल गरे नै, त्यसमा पनि उभोक्ताले १ केजीको ठाउँमा ३ केजी किन्न थाले ।"

गत असारमा गोलभँडाको भाउ बढ्दा पनि त्यस्तै भएको थियो । तर उपभोक्ता सचेत नहुँदा त्यसको फाइदा व्यापारीले उठाइरहेका हुन्छन् । राष्ट्र बैंकका पूर्वकार्यकारी निर्देशक त्रिलोचन पंगेनी मूल्यवृद्धि कम गर्न उपभोक्ताको आनीबानीले पनि मद्दत पुग्ने बताउँछन् । भन्छन्, "नभई नहुने वस्तु त महँगो हुँदा पनि किन्नैपर्ने बाध्यता हुन सक्छ । तर अरू वस्तुको बजार भाउ र आपूर्तिको अवस्था हेरेर खरिद गर्ने हो भने केही हदसम्म मूल्यवृद्धि रोक्न सकिन्छ ।"

नेपाल स्काउटको कार्यक्रम,
१६ पुस, काठमाडौँ

स्काउटमा मनोमानी

०७१ जेठमा तदर्थ समिति बनेयता शक्ति र सत्ताको आडमा संस्थाको दुरूपयोग

माधव बस्नेत

नेपाल स्काउटको राष्ट्रिय प्रधान कार्यालयले १६ पुसमा प्रज्ञा भवन कमलादी, काठमाडौँमा 'बालबालिकासँग प्रधानमन्त्री कार्यक्रम' गऱ्यो। कार्यक्रमका लागि प्रधानमन्त्री केपी ओलीको लोगोसहितको छुट्टै स्कार्फ बनाइएको थियो। जबकि स्कार्फमा एकरूपता ल्याउने भन्दै गत वर्ष पोखरामा भएको रोभर मुट (१६-२५ वर्षका युवाहरूको भेला) मा प्रधानमन्त्री ओलीकै हातबाट अर्कै लोगो सार्वजनिक गरिएको थियो।

उदेक लाग्दो त के भने, बालबालिकासँग प्रधानमन्त्री कार्यक्रममा नेपाल स्काउट तदर्थ समिति संयोजक लोकबहादुर भण्डारीले सबभन्दा बढी आफ्नै विद्यालयका बालिका सहभागी गराए। भण्डारी कालोपुल र बौद्धमा रहेको जेभियर इन्टरनेसनल कलेजका सञ्चालक हुन्। "प्रधानमन्त्री ओलीको मनोविज्ञानबारे संयोजक भण्डारी राम्रै जानकार छन्," स्रोतको भनाइ छ, "ओलीलाई खुसी बनाउन पोसाक किन्न विनियोजन गरिएको बजेटसमेत खर्चिएर भण्डारीले 'बालबालिकासँग प्रधानमन्त्री कार्यक्रम' गरेका हुन्।"

गत वर्ष बालबालिकालाई पोसाक दिन २० लाख रुपैयाँ बजेट विनियोजन गरिए पनि खरिद नै गरिएन। प्रज्ञा भवनमा भएको कार्यक्रममा झन्डै ३० लाख रुपैयाँ खर्च भएको स्रोत बताउँछ। बालबालिकाका लागि पोसाक किन्न विनियोजन गरिएको गत वर्षको बजेटसमेत त्यही कार्यक्रममा खर्च गरिएको थियो।

१६ पुस ०७५ मा नेपाल स्काउट तदर्थ समिति संयोजक नियुक्त भएपछि झापाका भण्डारीले 'बालबालिकासँग प्रधानमन्त्री कार्यक्रम' को अवधारणा अघि सारेका थिए। कार्यक्रमका लागि १ लाख रुपैयाँ छुट्याइएको थियो। स्काउट ऐनमा प्रधानमन्त्री संरक्षक रहने व्यवस्था छ।

कतिसम्म भने ३ फागुन ०७५ मा भण्डारीले ओली प्रधानमन्त्री बनेको एक वर्ष पुगेको अवसरमा स्काउटको रकमले पत्रपत्रिकामा 'ज्याकेट' विज्ञापन छपाएर बधाई दिएका थिए। यस पटक भने 'प्रधानमन्त्रीसँग बालबालिका कार्यक्रम' गरेर खुसी बनाएका छन्।

१९ जेठ ०७१ देखि नेपाल स्काउट तदर्थ समितिका भरमा चलिरहेको छ। '...नेपाल स्काउटको नयाँ ऐन लागू भएको ६ महिनाभित्र निर्वाचन सम्पन्न गरी निर्वाचित कार्यसमितिलाई जिम्मेवारी हस्तान्तरण गर्न ...देहायअनुसारको राष्ट्रिय तदर्थ समिति गठन गरिएको बेहोरा आवश्यक कार्यार्थ जानकारी गराइएको बेहोरा अनुरोध छ।'

भण्डारीलाई तदर्थ समितिको संयोजक चुनेको पत्रमा युवा तथा खेलकुद मन्त्रालयका तत्कालीन उपसचिव जनार्दन रिजालले लेखेको बेहोरा हो, यो। भण्डारी संयोजक चुनिएको दुई महिनापछि नै स्काउट ऐन संशोधन भइसकेको तथ्य *नेपाल*ले फेला पारेको छ। *नेपाल*लाई प्राप्त प्रमाणअनुसार १९ फागुन ०७५ को 'नेपाल राजपत्र' मा 'केही नेपाल ऐन संशोधन

गर्ने ऐन, ०७५, सवारी तथा यातायात व्यवस्था ऐन ०४९, नेपाल स्काउट ऐन, ०५०, निजीकरण ऐन, ०५०' एकसाथ संशोधन भएका छन्। राजपत्रमा प्रकाशित भएकै दिनदेखि कानुन, ऐन लागू हुन्छ। नेपाल स्काउटको संशोधित १२ पृष्ठको ऐन नेपाल कानुन आयोगको वेबसाइटमा हेर्न सकिन्छ।

भण्डारीलाई संयोजक नियुक्त गरेको पत्रको बेहोराअनुसार भदौ ०७६ भित्रै नेपाल स्काउटको निर्वाचन गरी नयाँ कार्यसमितिलाई जिम्मेवारी हस्तान्तरण गरिसक्नुपर्ने थियो। तर भण्डारीले ऐनको समेत उल्लंघन गरेका छन्। भण्डारी र उनको समूहले ऐन संशोधन नभएकाले नयाँ निर्वाचन घोषणा गर्न नसकेको जिकिर गर्दै आएका छन्।

पुराना स्काउटकर्मीका अनुसार ऐन संशोधन भएको जानकारी सीमित व्यक्तिलाई मात्र छ। संशोधित ऐन सार्वजनिक भए निर्वाचन मिति चाँडो घोषणा गर्नुपर्छ भनेरै भण्डारीले उक्त राजपत्र गायब बनाएको स्रोत बताउँछ। यद्यपि संयोजक भण्डारी ऐन संशोधन नै नभएको जिकिर गर्छन। भन्छन्, "ऐनमा भएको संशोधन क्षेत्रीय कार्यालयलाई प्रादेशिक कार्यालय बनाउनुपर्छ भन्ने मात्र हो। नयाँ ऐन कानुन मन्त्रालयबाट पारित भएर विधायिकामा पुगेको होला।"

भण्डारीका विश्वासपात्र नेपाल स्काउटका निर्देशक रामप्रसाद भट्टराई पनि संविधानमा बाझिएका केही बुँदा मात्र संशोधन भएको दाबी गर्छन। थप्छन्, "संस्थाभित्र भएका संगठनको स्वरूप कस्तो हुन्छ भनेर संशोधित ऐनले केही बोलेको छैन। प्रदेश कमिटी छैनन्। राष्ट्रिय परिषद् छैन।" जबकि संशोधित ऐनमा बुँदा-बुँदा केलाइएको छ। संगठनको ढाँचाबारे प्रस्ट लेखिएको छ, 'नेपाल स्काउटको संगठन : नेपाल स्काउटको संगठन देहायबमोजिम हुनेछ र यिनीहरूको सामूहिक रूप नै नेपाल स्काउटको स्वरूप हुनेछ : (क) राष्ट्रिय परिषद्, (क १) प्रदेश परिषद्, (ख) राष्ट्रिय कार्यकारी समिति, (ग) सल्लाहकार सभा।'

प्रदेश कमिटी, राष्ट्रिय परिषद् बनाउने जिम्मेवारी उनीहरूकै हो। संयोजक भण्डारी ट्र्याकबाहिर गएको संस्थालाई ट्र्याकमा ल्याउन समय लागेको बताउँछन्। "यथार्थ नै नबुझी आरोप लगाइदिने, हतोत्साहित बनाइदिने गरिएको छ," थप्छन्, "तर म नेपाल स्काउटलाई राम्रो



^नेपाल राजपत्र र नेपाल कानुन आयोगको वेबसाइटमा प्रकाशित नेपाल स्काउटको संशोधित ऐन

संस्था बनाउने अभियानमा छु।" भण्डारीले आरोप लगाएको जिकिर गरे पनि तथ्यहरू त्यस्ता देखिँदैनन्।

'...बालबालिका तथा युवा वर्गलाई विश्व स्काउटको सिद्धान्त र मान्यताअनुरूपको अभियानमा सहभागी गराई तिनीहरूको शारीरिक, मानसिक र बौद्धिक विकास गरी तिनीहरूलाई अनुशासित, स्वावलम्बी र चरित्रवान तुल्याई सेवा भावनाको अभिवृद्धि गर्दै देश विकास कार्यमा सहभागी गराउन नेपाल स्काउटलाई बढी सक्षम र संगठित बनाउन वान्छनीय भएकाले...' नेपाल स्काउटको संशोधित ऐनको प्रस्तावनामै उल्लेख छ। विडम्बना ! बालबालिका र सार्वजनिक सवारी साधनमाथि आक्रमण गरेपछि प्रहरी पक्राउमा परेर सार्वजनिक मुद्दा लगाएको पात्रलाई भण्डारीले निर्देशक नियुक्त गरेका छन्। उनी भन्छन्, "हिजो लागेको आरोप मात्र हेर्ने हो भने त कोही पनि योग्य हुन्नन्।"

२६ कात्तिक ०७० मा तत्कालीन एकीकृत नेकपा (माओवादी) नेतृत्वको ३३ दलीय मोर्चाले देशभर बन्द आयोजना गरेको थियो। त्यही बन्दमा 'ललितपुरको कुमारीपाटीमा यात्रुवाहक माइक्रोबसमा पेट्रोल प्रहार गर्दा लुभुका चार वर्षीय बालक अभिषेक लामा घाइते भए।' यो आक्रमणमा सहभागी भएको भन्दै प्रहरीले सिन्धुपाल्चोकका रामप्रसाद भट्टराईलगायत तीन जनालाई पक्राउ गरी हत्कडीसहित सार्वजनिक गरेको थियो। र, सार्वजनिक मुद्दा चलाएको थियो। यो घटनालाई २७ कात्तिकमा एक दैनिक पत्रिकाले मुख्य समाचार नै बनाएको थियो। तिनै भट्टराईलाई भण्डारीले निर्देशक नियुक्त गरेका हुन्।

अहिले स्काउटकर्मीहरूले प्रश्न गरिरहेका छन्- बालबालिकामाथि आक्रमण गर्ने व्यक्ति नै उनीहरूलाई सीप सिकाउने स्काउटको निर्देशक ? यद्यपि भट्टराई भने आफूलाई राजनीतिक आक्षेपमा पक्राउ गरिएको बताउँछन्। भन्छन्,

"मलाई त्यसबेला राजनीतिक आरोप लगाइएको हो। हाम्रा प्रधानमन्त्री पनि त १४ वर्ष जेल बस्नुभएको छ नि ?"

त्यति मात्र होइन, भट्टराई नेपाल स्काउटभित्र राजनीति छिराउने पात्र पनि हुन्। ०७० को अन्त्यतिर भट्टराईले स्काउटको रूपान्तरण नारा दिएर 'क्रान्तिकारी स्काउट संघ' गठन गरेका थिए। यसपछि भट्टराई र गुणराज प्याकुरेलले 'एउटै व्यक्तिले स्काउटमा लामो समय नेतृत्व गर्न नहुने' भन्दै आमरण अनसन सुरु गरे। तीन दिनपछि भट्टराईले स्थगित गरे। प्याकुरेलले निरन्तरता दिए। यही अनसनका कारण तत्कालीन प्रमुख आयुक्तले १९ जेठ ०७१ मा राजीनामा दिए। जबकि स्काउट ऐनअनुसार उनी राष्ट्रिय परिषद्बाट निर्वाचित भएर प्रमुख आयुक्त श्रीराम लामिछाने चुनिएका थिए। त्यही मितिदेखि स्काउटमा राजनीति स्थापित हुने मौका पायो। त्यसयता निर्वाचित कार्यसमिति छनोट हुन सकेको छैन।

तत्कालीन प्रमुख आयुक्तले राजीनामा दिएपछिको तदर्थ समितिमा भण्डारी र भट्टराई दुवै स्काउटको केन्द्रीय तदर्थ समितिका सदस्य बन्न पाए। उनै भण्डारीले ०७४ को निर्वाचनको मुखमा भट्टराईलाई एमाले प्रवेश गराएका थिए। "भट्टराईले गरेको आन्दोलनका कारण भण्डारी तदर्थ समिति सदस्य बन्न पाए। पछिल्ला दिनमा संयोजकसमेत भए," भण्डारीसँग झन्डै डेढ वर्ष काम गरेका स्काउटका पूर्वप्रबन्धक केशवबहादुर बोहरा भन्छन्, "भट्टराईले आन्दोलन नगरिदिएको भए स्काउटसँग भण्डारीको कुनै साइनो हुने थिएन। सायद त्यही गुन तिर्न उनले भट्टराईलाई निर्देशक नियुक्त गरेका हुन्।"

भण्डारीको गुन बिर्सने स्वभाव कस्तो छ भने उनलाई स्काउटको केन्द्रीय तदर्थ समितिमा ल्याउन तत्कालीन युवा तथा खेलकुदमन्त्री पुरुषोत्तम पौडेलले सिफारिस गरेका थिए। तिनै पौडेलका भतिजा रविराजलाई प्रशासकीय अधिकृतबाट हटाएर भण्डारीले आफ्नै मान्छे नियुक्त गरेका छन्। तर उनी आफूले कानुनअनुसार लिखित-मौखिक परीक्षा लिएर नयाँ कर्मचारी भर्ना गरेको दाबी गर्छन्।

त्रिभुवन विश्वविद्यालयका प्राध्यापक कमलकृष्ण जोशीलाई सल्लाहकार राखेर भण्डारीले कालोपुलमा विद्यालय/कलेज सुरु गरेका थिए। पछि त्रिभुवन विश्वविद्यालयका उपकुलपति

भएका जोशीको गत वर्ष हृदयाघातबाट निधन भयो। विद्यालयबाट भण्डारीले फाइदा त कमाए नै, एउटै जिल्लाबासी ओलीसँग पनि मजबुत सम्बन्ध बनाएर स्काउटमा छिरे। जानकारका अनुसार स्काउटको संगठन विस्तार गर्ने मेरुदण्ड भनेकै तालिम हो। निर्वाचनलाई लक्षित गरेर भण्डारीले तालिम अभियान ठप्प बनाएका छन्।

पाँचथर, तनहुँलगायत जिल्लाले केन्द्रले खर्च नदिए पनि आफ्नै स्रोत-साधनले तालिम गर्न खोजेका थिए। तर भण्डारीले अनुमति दिएनन्। आफ्ना कार्यकर्तालाई 'स्काउट मास्टर' बनाउने उनको योजना छ किनभने स्काउट मास्टर राष्ट्रिय परिषद्को मतदाता हुन्छ। गत वर्ष प्रदेश १ मा भएको कार्यक्रममा बहुसंख्यक नेकपाका कार्यकर्ता छिराएका थिए। त्यसको सबै खर्च प्रधान कार्यालयले बेहोर्‍यो। जबकि स्काउटको नियमावलीअनुसार त्यसो गर्न पाइँदैन। प्रधान कार्यालय लैनचौरमा कार्यरत एक कर्मचारी भन्छन्, "तालिम ठप्प पार्नुको उद्देश्य राष्ट्रिय परिषद्सँग सम्बन्धित छ।" तर प्रधानमन्त्रीलाई कार्यक्रममा सहभागी गराएर गतिविधि भइरहेको तामझाम भने देखाइरहेका छन्। प्रधानमन्त्री पनि कार्यक्रम भइरहेको भ्रममा छन्।

रोचक के भने भण्डारी संयोजक रहेको तदर्थ समिति निर्वाचन गर्ने प्रयोजनका लागि नियुक्त भएको हो। स्काउट ऐन र कर्मचारी नियमावलीअनुसार तदर्थ समितिले दैनिक प्रशासनका कामबाहेक अरू काम गर्न मिल्दैन। चन्दन कौशिक नेतृत्वको तदर्थ समितिले ७ माघ ०७४ मा आन्तरिक विज्ञापन खुलाएर निर्देशक १, अधिकृत स्तर ४, कार्यालय सहायक २ र कार्यालय सहयोगी १ गरी ७ कर्मचारी माग गरेको थियो। त्यसपछि युवा तथा खेलकुद मन्त्रालयले २५ माघ ०७४ मा 'संस्थालाई दीर्घकालीन असर र थप दायित्व सिर्जना हुने कुनै पनि काम नगर्ने/नगराउने' भन्दै रोक लगाएको थियो। तर भण्डारीले शक्ति र सत्ताको आडमा ७ कर्मचारी बर्खास्ती र १९ जना नयाँ नियुक्ति गरे।

नेपाल स्काउटको १६ वर्षदेखिको अनुभव र ८ वर्षदेखि प्रधान कार्यालयमै प्रबन्धक रहेका केशवबहादुर बोहरालाई हटाएर त्यससम्बन्धी लामो

विशेष
स्काउटमा गिद्धेनजर

^ नेपालमा प्रकाशित सामग्री, २९ भदौ ०७६

अनुभव नभएका भट्टराई निर्देशक बनाइएका छन्। कतिसम्म भने २२ वर्षदेखि कार्यरत कुचीकार गोपाल नेपाली, कार्यालय सहयोगी केदार खनाल, सुजित तामाङको समेत जागिर खाइदिएर भण्डारीले आफू अनुकूल भर्ती गरेका छन्। यसबाट नेपाल स्काउट ऐन, ०५० (संशोधित ०७५) तथा नेपाल स्काउट नियमावली, ०६४ (संशोधित ०७१) समेतको उल्लंघन भएको छ।

भण्डारीले *नेपाल* प्रतिनिधिसँग स्काउटको छवि धेरै बिग्रिएकाले आफू राजनीतिभन्दा माथि उठेर संस्था सुधार्न संयोजक भएको बताएका थिए। (हेर्नुस्, *नेपाल* २९ भदौ ०७६) उनले २५ पुस अपराह्न पनि यही शब्द दोहोर्‍याए। भने, "पारिवारिक ढंगले चलाउन खोजेको संस्थालाई मैले देशव्यापी बनाउन खोजेको छु।" तर शक्ति केन्द्रलाई रिझाउने र संस्थाको स्रोत-साधन आफू अनुकूल प्रयोग गर्नेबाहेक भण्डारीले सुधारका लागि खासै कदम चालेको पाइँदैन। माथिकै उदाहरण काफी छ- स्काउटलाई राजनीतिक भर्ती-केन्द्र बनाएका छन्।

आफूले सञ्चालन गरिरहेको कलेज र विद्यालयमा भन्दा बढी आम्दानी हुने देखेपछि भण्डारी स्काउटको नेतृत्वमा आएको भुक्तभोगी स्काउटकर्मीको अनुभव छ। स्काउटको आयप्रति भण्डारीको अनावश्यक आसक्ति र कार्यकाल लम्ब्याउने दाउपेचले आरोपलाई केही हदसम्म प्रमाणित गर्छन्। यद्यपि भण्डारी सानो संस्थाको आय खान आफूलाई आवश्यक नभएको बताउँछन्।

तर के देखिन्छ भने स्काउटभित्रको विवादलाई मत्थर पार्नुको साटो उनले झन्-झन् चर्काउँदै लगेका छन्। भण्डारी नियुक्त भएकै दिन युवा तथा खेलकुद मन्त्रालयले सात जना पूर्वआयुक्त, संयोजकहरूलाई सल्लाहकार नियुक्त गरेको थियो। उनीहरूले भण्डारीको कार्यशैलीमा विमति जनाउँदै दुई साताअघि युवा तथा खेलकुद मन्त्रालयमा राजीनामा बुझाएका छन्। त्यहीमध्येका एक जना पूर्वप्रमुख आयुक्त भन्छन्, "भण्डारीले स्काउटलाई सुधार्ने नारा दिएर भत्काउने काम गरिरहेका छन्।"

१६-२१ जेठमा पोखरामा १६-२५ उमेरका युवाहरूको रोभर मुट गरिएको थियो। त्यसका लागि झन्डै २ करोड खर्च भएको बताइएको थियो। त्यसअघि प्रदेश १ मा सञ्चालन गरिएको तालिममा ८० लाख खर्च भएको थियो। अगुवा स्काउटकर्मीले यी दुवै कार्यक्रमको आर्थिक विवरण सार्वजनिक गर्न भण्डारीसँग पटक-पटक आग्रह गरिरहेका छन्। तर उनले विवरण सार्वजनिक गरेका छैनन्। भन्छन्, "म एक-एक बिल सार्वजनिक गर्न सक्दिनँ। एकमुष्ट अडिटिङ भइरहेको छ। त्यसमा समय लाग्छ।"

डेढ साताअघि सिनामंगलमा 'लिडर' हरूको तालिम गरिएको थियो। सहभागी एक 'लिडर' का अनुसार तालिममा काखापाखा त गरियो नै, नेपाल स्काउटको प्रधान कार्यालयबाट धम्कीपूर्ण फोन गर्दै जबर्जस्ती सहभागी हुन निर्देशन दिइयो।

नुवाकोटको ककनीमा नेपाल स्काउटको एक मात्र अन्तर्राष्ट्रिय तालिम केन्द्र छ, जहाँ स्काउटमा आबद्ध विद्यार्थीले विभिन्न तालिम लिन्छन्। त्यहाँको शुल्क महँगो भएको आवाज स्काउटकर्मीले उठाए। अनि, भण्डारीले शुल्क घटाउने आश्वासन पनि दिए। तर एकाएक शुल्क बढाइयो। यो घटनापछि रोटरी इन्टरनेसनल, नेपाल जेसिसजस्तै नेपाल स्काउटलाई भण्डारीले 'पैसावाला' हरूको संगठन बनाउन खोजेको भन्दै विरोध भइरहेको छ। भण्डारी भने विदेशीका हकमा मात्र शुल्क वृद्धि गरेको दाबी गर्छन्।

नेपाल स्काउटभित्र ०७१ जेठदेखि चल्दै आएको बेथितिलाई भण्डारी समूहले अझ उत्कर्षमा पुर्‍याएको छ। तर शून्य सहनशीलताको नारा दिने प्रधानमन्त्री ओली बालबालिकाको पोसाकका लागि छुट्याइएको रकमबाट सञ्चालन गरेको कार्यक्रममा सहभागी भएर दंग भए। प्रश्न उठ्नु स्वाभाविकै हो, सरकारको कानमा बतास किन नलागेको होला ? ने

काम गोप्य, चालामाला खुला

अन्डरकभरमा रहनुपर्ने संस्थाको गोपनीयता छताछुल्ल

मनबहादुर बस्नेत

प्रजातन्त्र पुनःस्थापनापछि ०५१ मा बनेको नौ महिने अल्पमतको सरकारमा गृहमन्त्री थिए, हालका प्रधानमन्त्री केपी ओली । दुई दशकपछि पनि धेरैले सम्झने ओली निर्णय हो, नेपाल प्रहरीका एक प्रहरी नायव महानिरीक्षक (डीआईजी) लाई मुलुकको गुप्तचरी संस्थाको बागडोर सुम्पनु । ओलीले सुदूरपश्चिमाञ्चल विकास क्षेत्रमा कार्यरत डीआईजी गोविन्दकर्म थापालाई राष्ट्रिय अनुसन्धान विभाग (एनआईडी) को प्रमुख बनाएका थिए । एनआईडीलाई कमजोर तुल्याउने अभिप्रायबाट यो निर्णय गरिएको भन्दै त्यसबेला ओली कदमको विरोध भएको थियो ।

गृहमन्त्री छँदा कम आँकेको गुप्तचरी निकायलाई २३ वर्षपछि ओलीले शक्तिशाली बनाउने गरी आफू मातहत ल्याए, दोस्रो पटक प्रधानमन्त्री बनेसँगै । "आन्दोलनबाट आएका नेताहरूले एनआईडीलाई आफूविरुद्ध सुराकी गर्ने निकाय भनेर बुझ्थे । सायद त्यही भएर गृहमन्त्री छँदा प्रहरीका कनिष्ठलाई नेतृत्व दिएर कमजोर पारे," एनआईडीका पूर्वप्रमुख देवीराम शर्मा भन्छन्, "प्रधानमन्त्री बनेपछि उनले यसको महत्त्व बुझेजस्तो लागेको थियो । तर पछिल्ला दिनमा यस निकायका कामकारबाहीले त बरु प्रभावकारिता घटाउने चिन्ता छ ।"

यस्तै चिन्ताको विषय सतहमा आयो, कात्तिक अन्त्यमा । २२ भदौदेखि २ सम्म नेपाल प्रहरीको प्रहरी प्रशिक्षण प्रतिष्ठानमा एनआईडीका दुई दर्जन अधिकृतले अपरेसन कमान्ड तथा नेतृत्व विकास तालिम लिए । प्रमुख अनुसन्धान अधिकृत (डीएसपी) र उपअनुसन्धान निर्देशक (एसपी) तहका अधिकारीले लिएको उक्त तालिम समापन कार्यक्रममा खिचाइएको सामूहिक फोटो सञ्चार माध्यममा पठाइयो । तालिम लिएका गुप्तचर अधिकृतसँग गृहमन्त्री रामबहादुर थापा, एनआईडीका प्रमुख गणेश अधिकारी र प्रहरी प्रमुख सर्वेन्द्र खनालगायत छन् ।

तस्बिर हेर्दा लाग्छ, त्यो जासुसी निकायका अधिकारीलाई दिएको तालिम नभई सामान्य प्रकृतिका कुनै संगठनका कर्मचारीलाई दिएको हो र जुन पहिलोपल्ट आयोजना भएको होस् । तर यस्तो तालिम नियमित नै रहेको प्रहरी प्रशिक्षण प्रतिष्ठान स्रोतले बतायो । एनआईडीका पूर्वप्रमुख शर्मा त झन् एउटा गोप्य अपरेसनमा विदेशी आएर तालिम दिएको सम्झन्छन् । उनी प्रमुख छँदा ०५८ तिर माओवादी विद्रोहविरुद्ध 'अपरेसन मुस्ताङ' को अवधारणा बनेको थियो । यस अपरेसनमा बेलायतको बाह्य खुफिया संस्था एमआई-६ ले पूर्वाधार विकास र क्षमता अभिवृद्धिको नाम दिएर आर्थिक, तालिमलगायत सहयोग गरेको थियो । प्रहरी, सशस्त्र प्रहरीसहितको संयुक्त र एनआईडीको छुट्टै तालिम भएको थियो । "एनआईडी सम्मिलित गतिविधिको अत्यावश्यकबाहेक सार्वजनिक नगर्दा नै काम गर्न सहज हुन्छ," शर्मा भन्छन्, "अन्य प्रकृतिका निकायजस्तो बाहिर प्रयोग गर्ने होइन, यो ।"

जासुसीका दुई रूप हुन्छन् ओभर्ट (खुलमखुला) र कोभर्ट (गोप्य) । मूलतः एनआईडी छद्म रूपमा काम गर्ने निकाय हो । यो निकायका केही जनशक्ति भने खुला (ओभर्ट) रूपमा पनि काम गर्छन् । तर त्यो आम मानिसले चाल पाउने गरी खुला

प्रहरी प्रशिक्षण प्रतिष्ठान, काठमाडौँमा राष्ट्रिय अनुसन्धान विभागका कर्मचारीसँग तालिमपछि खिचाइएको सामूहिक फोटो, २७ कात्तिक ०७६

हुँदैन । "ओभर्टमा काम गर्नेसमेत निजामती कर्मचारीजस्तो एक्सपोज हुनु हुँदैन । एउटा तहलाई मात्र उनीहरूबारे जानकारी हुन्छ," पूर्वगृहसचिव गोविन्द कुसुम भन्छन्, "कोभर्टमा काम गर्नेहरूबारे त केही थाहा हुनु हुँदैन । कोभर्ट वा ओभर्ट कसैको पनि परिचय खोलिदिनु गुप्तचरीको सिद्धान्तविपरीत हो ।"

अन्डरकभरमा काम गर्ने व्यक्तिको परिचय खुलाइदिँदा उनीहरूको ज्यानसमेत खतरामा पर्छ । "विभिन्न आवरणमा रहेर शत्रु पक्षका महत्त्वपूर्ण सूचना, दस्तावेज फुत्काएको हुन सक्छ र त्यसले उसलाई आजीवन क्षति पुगेको हुन सक्छ," पूर्वसचिव श्रीकान्त रेग्मी भन्छन् ।

६० को दशकमा दुई कार्यकाल नयाँ दिल्लीस्थित नेपाली दूतावासमा कार्यरत थिए, मदनकुमार भट्टराई । दूतावासमा भेष बदलेर बसेका थिए, गुप्तचरका अधिकृत । तर नयाँ वर्षजस्ता विशेष अवसरमा भने ती अधिकारीले एनआईडीको अधिकृत भनेर आफ्नो परिचयसहित शुभकामना कार्ड बाँड्थे । "यस्तो शैलीले उनीहरूले मुलुकको हितमा कसरी गुप्तचरी गर्छन् ?" उनको प्रश्न छ, "कोभर्टमा बस्नेहरूले नै परिचय खोलेपछि के गर्नु ?" कूटनीतिक नियोगमा परिचय छोपेर जासुसी संस्थाका मानिस राखिन्छ । मुलुकभित्र पनि यस्तै आवरणमा विभिन्न ठाउँमा गुप्तचरका अधिकारी राखिन्छ । यस्ता अधिकारीले एजेन्ट बनाएर सूचना लिने गर्छन् ।

०४६ को राजनीतिक परिवर्तनसँगै नेपालमा जासुसी प्रणाली कमजोर भएको मानिन्छ । पञ्चायती व्यवस्थाको उत्तरार्द्धसम्मै मुलुकभित्रको सूचना संकलनका लागि विभिन्न पदमा जासुसी गरिन्थ्यो । ०४२ मा विशेष सेवा ऐन आएसँगै गुप्तचरी कार्यालयलाई नेपाल जनसम्पर्क प्रधान कार्यालय बनाइयो । त्यसपछि क्षेत्रीय र जिल्लासम्म यसका कोभर्ट अधिकृत खटाइए । अञ्चलाधीशको कार्यालय, जिल्ला प्रशासन कार्यालयमा जनसम्पर्क अधिकृत भनेर जासुसी कार्यका लागि पद सिर्जना गरिएको थियो । "पद नै जनसम्पर्क अधिकृत भएकाले धेरै मानिससम्म पहुँच थियो," एनआईडीका पूर्वप्रमुख शर्मा सम्झन्छन्, "यसले हाम्रो नेटवर्क राम्रो बन्थ्यो ।"

विभिन्न तहका सुरक्षा समितिमा जासुसी अधिकृत प्रभावशाली हैसियतमा बस्थे । क्षेत्रीय सुरक्षा समिति, जिल्ला सुरक्षा समितिको सदस्य-सचिव जनसम्पर्क अधिकृतलाई तोकिएको थियो । अर्थात्, सुरक्षा समितिका माइन्युट गुप्तचरको हातमा हुन्थ्यो । प्रजातन्त्र पुनःस्थापनापछि पनि यो अधिकार गुप्तचरकै हातमा थियो । तर ०६२/६३ को परिवर्तनपछि बनेको सरकारले एनआईडीका अधिकारीलाई सदस्य-सचिवबाट समेत हटायो, सदस्य मात्रै राखेर । जतिबेला गृहमन्त्री थिए, नेपाली कांग्रेसका कृष्णप्रसाद सिटौला ।

त्यसअघि नै गोप्य शैलीमा काम गर्नुपर्ने निकाय निकै खुला भइसकेको थियो । ०४६ पछि नै जिल्ला-जिल्लामा एनआईडीका सीमित कार्यालय खुल्न थाले । यसको मतलब नेपाली समाज बन्दबाट खुलामा प्रवेश गर्नासाथै छिपेर काम गर्ने जासुसी संस्था पनि बिस्तारै प्रकट स्वरूपमा देखिन थाल्यो । यसका कार्यालय सबै जिल्लामा फैलिइसकेका छन् । जिल्लामा बस्ने एनआईडी अधिकारीहरू पनि आफ्नो परिचय खुलाएरै हिमचिम गर्छन् । "हात मिलाउँदै म एनआईडीबाट भन्छन्," थुप्रै जिल्लामा रहँदाको अनुभव सुनाउँदै नेपाल प्रहरीका एक प्रहरी उपरीक्षक (एसपी) भन्छन् ।

हुँदा-हुँदा अहिले त नयाँ खुलेका एनआईडीका कार्यालय शिलान्यास गर्ने र त्यसमा शिलान्यासकर्ताको नामसमेत राख्ने परिपाटी सुरु भइसकेको छ । जबकि यो बोर्ड टाँसेर बस्ने निकाय नभई अन्य कार्यालयमा छिपेर बस्नुपर्ने हो । "अन्डरकभरमा बसे पो सूचना आउँछ । कार्यालय खोलेर बसेपछि कहाँ आउनु ?" पूर्वगृहसचिव रेग्मी भन्छन् ।

हुन पनि गुप्तचर भन्नासाथै मानिस तर्कन्छन् । छेउ पर्नै डराउँछन् । कोही सम्पर्कै नहुने भएपछि सूचना हात नलाग्नु स्वाभाविक हो । "गुप्तचरको परिचय खुल्नासाथ ऊ एक्लो हुन्छ," शर्माको भनाइ छ, "त्यही भएर कोभर्टमा राख्नुपरेको ।"

सूचना नआउनुको कारण कार्यालय खोलेर सूचना खोज्ने परिपाटी मात्र जिम्मेवार छैन, यो निकायलाई राजनीतिक कार्यकर्तालाई जागिर खुवाउने अखडा बनाइनु पनि हो । ६० को दशकमा गृहमन्त्री बनेका वामदेव गौतम, गोविन्दराज जोशी र खुमबहादुर खड्काले एनआईडीमा ठूलो मात्रामा कार्यकर्ता भर्ती गरे । त्यसरी भर्ती गरिएकाबाट विभागले काम लिन सक्ने अवस्थै नभएपछि ०५८ मा ४ सय ८७ जनालाई प्रहरीमा पठाइदिएको शर्मा बताउँछन् । "उनीहरू विभागको काममा फिट नै थिएनन्," शर्मा भन्छन्, "त्यसपछि मैले प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई मनाएर फिल्टर गरेँ ।"

राज्यका महत्त्वपूर्ण दस्तावेज संरक्षणदेखि राष्ट्रिय सुरक्षाका प्रतिकूल गतिविधिबारे सूचना संकलन एनआईडीको मुख्य दायित्व हो । यति महत्त्वपूर्ण जिम्मेवारी बोकेको निकाय कार्यप्रकृतिविपरीत गइरहेका बेला व्यक्तिगत गोपनीयतामा दखल पुग्ने गरी असीमित अधिकारसहितको कानुन बन्दै छ ।

प्रहरीको पनि खस्कँदो जासुसी

०४६ अघिसम्म प्रहरीको अपराध अनुसन्धान विभागअन्तर्गत जाहेरी शाखा थियो, जसको नेतृत्व डीएसपीले गर्थे । यो शाखाले सूचना संकलन मात्रै गर्दैन थियो, विश्लेषण गरेर दरबार र सैनिक कार्यालयमा पठाउँथ्यो । "आईजीपीले सही गरेको हुन्थ्यो," पूर्वडीआईजी हेमन्त मल्ल भन्छन्, "यो शाखाको इन्टेलिजेन्सलाई सेना र दरबार दुवैले विश्वास गर्थे ।" अहिले पनि प्रहरीको विशेष ब्युरोले जासुसीको काम नगर्ने होइन । तर यसको प्रभावकारिता भने दिनहुँ खस्कँदो छ ।

"कोभर्टमा काम गर्नेहरूबारे त केही थाहा हुनु हुँदैन । कोभर्ट वा ओभर्ट कसैको पनि परिचय खोलिदिनु गुप्तचरीको सिद्धान्तविपरीत हो ।

– गोविन्द कुसुम, पूर्वगृहसचिव

कविन अधिकारी

माइतीघर मण्डलामा अभिव्यक्ति स्वतन्त्रताको माग गर्दै गरिएको प्रदर्शनीमा सहभागी, पुस २४

स्वतन्त्रताको बहाव रोक्ने कानुनी बाँधहरू

स्वतन्त्रता मानिसको अन्तिम अभीष्ट हो । जतिसुकै सहजतामा मानिसलाई राखे पनि विचार अभिव्यक्तिको स्वतन्त्रताबेगर ती सबै सहजता अपूरा हुन्छन् । दुर्भाग्यवश, सरकारले संसद्मा टेबुल गरेका आधा दर्जन कानुनका मस्यौदाले संविधानप्रदत्त नागरिक स्वतन्त्रताको अपहरण गर्न खोजेका छन् । अभिव्यक्ति स्वतन्त्रता खुम्च्याउने, नागरिकको गोपनीयतामाथि आक्रमण गर्ने यस्ता प्रयासबारे *नेपाल* म्यागजिनले झन्डै एक वर्षयता निरन्तर लेखिरहेको छ । अघिल्लो साताको सम्पादकीयमार्फत ‘नियन्त्रित गणतन्त्र अस्वीकार्य छ’ भनी हाम्रा अडान फेरि सार्वजनिक गरेका थियौँ । *नेपाल*को यो अंकमा भास्कर गौतम र सञ्जीव पोखरेलले यसको सैद्धान्तिक तहबाट आलोचना गर्दै नागरिकहरूलाई झकझक्याउन खोजेका छन् ।

भास्कर गौतम

स्वतन्त्रताको स्वरूप नदीजस्तै हुन्छ। हाम्रा नदीका मुहान हिमपर्वतहरू हुन्। यीमध्ये अधिकांश हिमालपारि र हिमाली भेगबाट प्रारम्भ भएका छन्। मुहानबाट निस्कँदा नदी वेगवान भएर निस्कन्छ। उसको वेग जति प्रखर हुन्छ, नदी त्यही रफ्तारमा हिमखण्डबाट गड्गडाउँदै झर्छ। बडेमानका पहाडहरू चिर्दै आफ्नो बाटो पहिल्याउँछ। नदीको वेगमा निहित गर्जन संगीतमयसमेत हुन्छ। नदीको बहावले जमिनलाई खास किसिमले काट्छ। नदीले आफ्नै आकार ग्रहण गर्दै गर्दा भूखण्डका ढुंगामुढा, पातपत्करलाई समेटेर बग्छ। नदीको आकार एकै किसिमको र पानीको बहाव उस्तै गतिको हुँदैन। नदीले एकै किसिमको विशिष्ट स्वरूपसमेत धारण गर्दैन। स्वतन्त्रताका स्वरूपहरू पनि त्यस्तै हुन्।

पर्यावरणमा नदीको उपस्थिति अर्थपूर्ण छ। नदी मानवीय सभ्यताको आधार हो। मानवीय जीवन र समाजमा निहित उत्पादन सम्बन्धको अविभाज्य स्रोत। त्यसैले मानवीय स्वतन्त्रता नदीबाट प्रेरित छ। नदीबाट अभिप्रेरित भएकाले स्वतन्त्रताको स्वरूप एकै किसिमले अखण्डित हुन्न। अखण्डित नहुँदैमा त्यो खण्डित हुँदैन, बरु बहुआयामिक हुन्छ। भूखण्डमा अर्थपूर्ण उपस्थिति जनाउँछ। पर्यावरणका वस्तु र जीवहरूलाई समेटेर बहँदै गर्दा प्रकृतिको अविभाज्य हिस्सा मात्र हुँदैन, धेरै हिसाबले समावेशीसमेत हुन्छ।

नदीजस्तै स्वतन्त्रताको नैसर्गिक विशेषता छ। त्यसैले स्वतन्त्रतालाई बाँध्न सकिन्न। कुनै ठोस आकार दिन सकिन्न। स्वतन्त्रताको उद्भव मानवीय सभ्यताको अविभाज्य हिस्सा रहेकाले यसले सदैव उचनीच र भेदभावविरुद्ध अर्थपूर्ण स्वरूप धारण गरेको छ। अनगन्ती संघर्ष गरेको छ। त्यसैले स्वतन्त्रताको अन्त्य मानव प्रजातिको अन्त्यसँगै जोडिएको छ। स्वतन्त्रतालाई एक वा अर्को तवरमा बाँध्नु वा मार्न खोज्नु वैचारिक दरिद्रताबाहेक अरू हुन सक्दैन। इतिहासमा जब-जब कुनै आवरणमा सत्ताउन्मादले स्वतन्त्रतालाई छेक्यो, थुन्यो वा नियन्त्रण गऱ्यो, त्यो सत्ता न स्थायी रह्यो, न त दीर्घायु नै। बरु त्यस्तो सत्ताको अन्त्य अपरिहार्य भयो। त्यसैले प्रधानमन्त्री केपी ओली नेतृत्वको सरकार बेलैमा नसच्चिए यसको आयु लामो नहुने निश्चितप्रायः छ।

अहिले ओली सरकारले स्वतन्त्रतालाई नियन्त्रित गर्न विभिन्न प्रपञ्चहरू रचिरहेको छ। सूचना प्रविधि विधेयक, विशेष सेवा ऐन विधेयक, संघ, प्रदेश र स्थानीय तह (अन्तरसम्बन्ध) विधेयक, गुठी विधेयक आदि पछिल्ला केही उदाहरण मात्र हुन्। यी विधेयक वरिपरि सार्वजनिक वृत्तमा स्वतन्त्रताको बहस तातिएको छ। तर यी विधेयकलाई आधार बनाएर स्वतन्त्रताको पक्षमा आवाज बुलन्द गरिरहँदासमेत धेरैले केवल कानुन वा नैतिकताको सहारा लिएको देखिन्छ। स्वतन्त्रताको मूल स्रोत संविधानलाई मानिएको देखिन्छ।

झट्ट हेर्दा संविधानलाई वा नैतिकतालाई आधार मान्नु उचित हो। तर न संविधान र नैतिकताले नै स्वतन्त्रताको सीमालाई सदाका लागि सुनिश्चित गर्न सक्छ, न त संविधान र नैतिकताका आधारमा मात्रै स्वतन्त्रताको स्वरूप पहिल्याउन मद्दत नै पुग्छ। संविधान वा नैतिकताको आधारमा स्वतन्त्रताको दायरा तोक्ने प्रयासका नगन्य सीमा छन्।

सार्वजनिक वृत्तमा सूचना प्रविधि विधेयकको पक्ष-विपक्षमा आएका तर्कहरू 'अन्डा पहिले कि कुखुरा' शैलीको बहसमा अल्झिरहेको भान हुन्छ। संविधान र स्वतन्त्रता वरिपरि त्यस्तै किसिमका तर्क चलिरहेका छन्। हाल लेखेर वा बोलेर आफ्नो विचार अभिव्यक्त गरिरहेकामध्ये अधिकांशलाई ज्ञात छ, आम मानिसमा व्यक्तिगत र सामूहिक रूपमा स्वतन्त्र हुने उत्कट चाहना प्रचुर भएकाले सर्वसाधारण सदैव न्यायपूर्ण सत्ताको खोजीमा हुन्छ। नेपालमा लोकतान्त्रिक गणतन्त्रको चाहना समतामूलक सत्ता बनाउने सामूहिक चाहनाको एउटा पानीढलो हो। त्यसैको जगमा नयाँ राजनीतिक व्यवस्थालाई बलियो बनाउने हेतुले ०७२ मा नेपालको संविधान आएको हो- ताकि शासकहरूले जनगणको स्वतन्त्रतालाई कुल्चिने प्रयास नगरून्, संविधानको आधारमा अन्य विधिविधान बनाएर न्यायमुखी शासकीय व्यवस्था बनाऊन्। त्यसैले मानवीय सभ्यतामा संविधान स्वतन्त्रतालाई बुझ्ने र परिभाषित गर्ने मूल मानक हुन सक्दैन, हुनु पनि हुँदैन। यस्तो वास्तविकताबाट नेपाली समाज अपवाद रहन मिल्दैन।

सम्पूर्ण स्वतन्त्र जनगणलाई थाहा छ, हिंसाको जगबाट संविधान अछुतो छैन। तथापि लोकतान्त्रिक गणतन्त्रमाथि पुनः प्रहार नहोस् र जनप्रतिनिधिले इतिहासका शासकहरूबाट गलत सिको गर्दै हुकुमी शासन नगरून् भन्ने अवस्था सुनिश्चित गर्न संविधानलाई शासकीय सहमतिको आधारभूत दस्तावेज मानिएको हो। विधिविधानका लागि आधार मानिएको हो। कुनै विशिष्ट ऐतिहासिक अवस्थामा निर्माण भएको शासकीय सहमति सधैँका लागि स्वतन्त्रता बुझ्ने मानक हुन सक्दैन। स्वतन्त्रताको मूल मुहान पनि हुन सक्दैन। संविधानलाई त्यस्तो दर्जामा राख्नु उपयुक्त हुन्न। संविधान समाजमा थिति बसाल्ने माध्यम हो। साथै, मुक्तिको साधन पनि हो। तर संविधान आफैँमा साध्य होइन। हुन पनि सक्दैन। त्यसैले स्वतन्त्र समाजलाई थप उन्नत र समृद्ध बनाउन संविधान बाधक ठहरियो भने त्यसलाई जीवन्त र गतिशील दस्तावेज बनाउन संशोधनसमेत गर्न सकिन्छ।

नेपाली सर्वसाधारणले संविधानलाई स्वरूप दिएका हुन्। संविधानले जनगणको स्वतन्त्रतालाई स्वरूप दिएको होइन। दिन पनि सक्दैन। थोरबहुत सुनिश्चितता भने दिन सक्छ। नेपालको संविधानमा जनता सर्वोच्च मानिन्छन्। नेपाली जनताको सर्वोच्चता वरिपरि स्वाधीनता र सार्वभौम राज्यलाई समावेशी राष्ट्र बनाउने शब्दहरू लिपिबद्ध छन् तर धेरै अपूर्ण र कमी-कमजोरीसहित। तथापि जनगणका व्यक्तिगत र सामूहिक स्वतन्त्रताका चाहना वरिपरि नेपाली राज्यलाई उन्नत बनाउनु सरकारको पहिलो र आधारभूत

काम र कर्तव्य हो ।

जबसम्म सर्वसाधारण स्वाधीन रहँदैनन्, तबसम्म त्यो राज्यका नागरिक कागजमा मात्र स्वतन्त्र रहने हुन् । त्यस्ता राज्यहरूको वास्तविकता अर्कै हुन्छ । ती राज्यहरू नेपालजस्तै धेरै किसिमले पराश्रित रहन्छन् ।

हिजोका शासकले शासितहरूको आधारभूत अधिकारलाई कुण्ठित गरिरहँदा नेपाली जनगण ऐतिहासिक रूपमा पराश्रित रहे । धेरै हिसाबले कमजोर रहे । औपनिवेशिक सत्ता संघर्षमा अरू देशका लागि लड्ने सेना रहे । भूमण्डलीकरणको युगमा बहुराष्ट्र कम्पनीहरूका लागि सस्तो श्रम बने, बनिरहेका छन् । शताब्दीऔँदेखि पराश्रित रहँदै आएका छन् । उत्पीडित छन् । आजका शासकहरूले पनि जनगणकै अधिकार कुण्ठित गरिरहने हो भने नेपालको स्वतन्त्रता अनवरत कुण्ठित रहिरहनेछ । नेपाली जनगण सस्तो श्रम बेचिरहन बाध्य भइरहनेछन् । वर्तमानको बलशाली अर्थव्यवस्थामा नेपालभित्र मात्र नभएर विश्वका धेरै भूभागमा शोषित रहिरहनेछन् । संविधानमा लेखिएका निर्जीव शब्दले मात्र जनगणलाई सामाजिक उत्पीडनबाट मुक्त गर्न र लोकतान्त्रिक गणतन्त्रमा स्वतन्त्रतालाई थप उन्नत बनाउन सक्दैनन् । वर्तमान सरकारको मुख्य काम यी अवस्थालाई उन्नत बनाउनेतर्फ लाग्नु हो । तर सरकार सर्वसाधारणकै अभिव्यक्ति नियन्त्रण गर्न लागिपरेको छ ।

संविधानको प्रस्तावनादेखि मौलिक हकका धाराहरूमा जे-जति प्रावधान राखिएका छन्, ती जनगणको स्वतन्त्रताको सीमा तोक्न र स्वतन्त्रतालाई नियमन गर्न राखिएको भन्ने जुन भ्रम सरकारले पालेको छ, त्यो गलत मात्र होइन, हानिकारक पनि छ । सरकारका पदाधिकारीहरूले सोचेविपरीत ती धाराहरू स्वतन्त्रतालाई बलियो बनाउन र विस्तार गर्न राखिएका हुन् । यसलाई साकार बनाउन जे-जस्तो काम गर्न आवश्यक छ, त्यसतर्फ सरकारको न्यूनतम ध्यानसमेत पुगेको छैन किनकि ओली सरकार स्वतन्त्र जनगणबाट सबैभन्दा बढी सशंकित छ । त्यसैले भयको जगमा शासन चलाउन उद्यत छ । दण्ड र सजायका आधारमा व्यवस्थालाई न्यायपूर्ण बनाउने भ्रम बेच्छ । सरकारको चिन्तनग्रन्थि घातक हुँदा मात्र यसरी सोचिने हो । नागरिकलाई शत्रुसरह ठानिने हो ताकि नियन्त्रित गणतन्त्रलाई थप बलियो बनाउन सकियोस् ।

गणतान्त्रिक आवरण रहेको सत्ताको चरित्रमा निरंकुशताको हंस सदैव जीवित रहने भएकाले नै संविधानमा मौलिक हकका प्रावधानहरू सत्ताको सीमा निर्धारण गर्न राखिएका हुन् । नयाँ कानुन बनाउँदा यो वा त्यो बहानामा जनप्रतिनिधिले संविधान उल्लंघन नगरून् भन्ने हेतुले राखिएका हुन् । सरकारले त्यस्तो गर्न खोजे उसलाई खबरदारी गर्न संविधान मानक बनोस् र शासकीय थिति बसोस् भनेर राखिएका हुन् ताकि जनताको स्वतन्त्रता थप बलियो बनाउन सकियोस् । तर अहिले यी मान्यताका ठीकविपरीत स्वतन्त्रतालाई संकुचित गर्न सरकार निरन्तर संविधान उल्लंघन गर्न उद्यत छ । हालमा विधेयकहरू त्यसका पछिल्ला दृष्टान्त हुन् ।

संविधानले बाँध्न नसक्ने स्वतन्त्रतालाई त्यसमै टेकेर बनाउने ऐन-कानुनले बाँध्न अभिप्रेरित रहनु अहिले सरकारको मूल ध्येय बनेको छ । जनतासँग भयभीत रहने सरकारले मात्र यस्तो गर्छ । सत्ता उन्मादले भरिएको सरकारी काल्पनिकी सदैव भयका आधारमा शासन गर्न चाहन्छ । समाजलाई एक वा अर्को तवरमा विभाजित गर्ने उपायको खोजी गरिरहन्छ । हालका विधेयकहरू पनि त्यस्तै विचारगन्थि र दरिद्र चिन्तनका हतियार हुन् ।


विशेष सम्पादकीय

प्रेसलाई कस्नुअघि नेकपाले सम्झोस्- ऊ सधैँ सरकारमा हुने छैन

सञ्चारमन्त्री गोकुल बाँस्कोटाले पछिल्ला साता दोहोऱ्याइ-तेहेऱ्याइ बोले, 'सरकार प्रेस स्वतन्त्रताको विरुद्धमा छैन ।'

कुनै पनि लोकतान्त्रिक सरकार प्रेस स्वतन्त्रताको विरोधी हुनै सक्दैन । तर सरकारी प्रवक्ता किन यो प्रश्नातीत मुद्दामा पटक-पटक बोल्दैछन् भन्नेमा हामीलाई सन्देह थियो । संसद् सचिवालयमा दर्ता 'नेपाल मिडिया काउन्सिलसम्बन्धी कानुन संशोधन र एकीकरण गर्न बनेको विधेयक' ले यो शंकालाई प्रस्ट गरिदिएको छ । पञ्चायती व्यवस्थाको छत्रछायामा चल्ने मुखपत्रहरूको कल्पनालाई माथ दिने गरी राज्यपक्ष अगाडि बढेको छ । मिडियालाई कर्तव्यपरायण बनाउने नाममा थालिएको 'मोरल पुलिसिङ' कुनै पनि हालतमा सह्य छैन, हुनु पनि हुँदैन ।

भन्नलाई प्रस्तावित काउन्सिल स्वतन्त्र नियमनकारी हुने भनिएको छ, तर त्यसको व्याख्या र प्रावधान पढ्दै जाँदा अहिलेभन्दा नियन्त्रणकारी बुँदा समाविष्ट छन् । प्रस्तावित मिडिया काउन्सिलमा पत्रकार महासंघ अध्यक्षलाई पदेन सहभागी गराउनेबाहेक बाँकी सदस्य सञ्चारमन्त्रीले चाहेबमोजिम नियुक्त हुनेछन् । सरकार प्रेस तथा

हाम्रो खबरदारी

भयको खेती गर्ने प्रत्येक सत्ताले सामाजिक सन्देहलाई बढावा दिन्छ । जनगणको हंसमा सत्ताको छायाले राज गरेको हेर्न चाहन्छ । त्यसैले सरकारको असल उद्देश्यमा सर्वसाधारणको हंस बसेजस्तो प्रपञ्च रच्न खोज्छ । यस्तो शासकीय चिन्तनले जनताको चेतनालाई अचेत बनाउने निरन्तर चेष्टा गर्छ । सर्वसाधारणको आत्मबल कमजोर बनाउने कानुन निर्माण गर्न खोज्छ । विभिन्न समुदायको आत्मसम्मान खस्केको हेर्न चाहन्छ ताकि जनगणको सामूहिक आत्मबलमा भयले राज गरोस् । एकले अर्कालाई सन्देहसाथ हेरून् । सरकारका विधेयकहरूले अहिले यसरी नै सबैलाई भयभीत बनाउन खोजिरहेका छन् । नागरिकको काल्पनिकीमा कानुन-दण्डको त्रास मडारिएको छ किनकि संविधानका आधारमा ल्याइएका विधेयक संविधानसँग नै बाझिएका छन् । प्रत्येक किसिमका रचनात्मक स्वतन्त्रता र उन्नत समाजका लागि बाधक बनिरहेका छन् ।

यदि वर्तमान सरकारलाई नागरिकगणप्रति विश्वास हुँदो हो त उसले धेरै क्षेत्रमा अर्कै किसिमले काम गर्थ्यो । उदाहरणका लागि, उच्च शिक्षालाई राज्यको स्वामित्वमा ल्याउने कानुनसम्बन्धी विधेयक बनाउँथ्यो । शिक्षालाई उपभोग्य वस्तु हुनबाट कसरी रोक्ने भन्नेबारे सदनमा छलफल चलाउँथ्यो । सार्वजनिक वृत्तमा यो विषयमा रचनात्मक छलफल होस् भन्ने अपेक्षामा होस्टे-हैँसे गर्थ्यो ताकि संविधानमा उल्लिखित समाजवादउन्मुख कार्यक्रमले जनसमर्थन बटुलोस् । सरकारका नीतिलाई जनस्वामित्व मिलोस् । अनि, समाजवादउन्मुख कार्य केवल अर्थहीन शब्द र कोरा नारा मात्र नभएर शासकीय अभ्यासको अभिन्न हिस्सा बनोस् । तर वैचारिक हिसाबले टाट पल्टेको र भयको प्रपञ्चमा टिकेको सरकारसँग जनगणलाई सशक्त बनाउने ध्याउन्न छैन । समाजलाई उन्नत बनाउने सोचको पूर्ण अभाव छ । नीतिगत प्रतिबद्धताको खडेरी

०७६

१० वैशाख
राष्ट्रिय मानव अधिकार आयोग ऐन, ०६८ संशोधन गर्न बनेको विधेयक

किन विरोध : मानव अधिकार आयोगले महान्यायाधिवक्ताको अनुमतिपछि मात्रै पीडितको पक्षमा मुद्दा चलाउन पाउने व्यवस्था

१७ वैशाख
गुठीसम्बन्धी कानुनलाई एकीकरण र संशोधन गर्न बनेको विधेयक (१० असारमा फिर्ता)

किन विरोध : गुठी व्यवस्था मास्ने सरकारी प्रयास । गुठीका जग्गा व्यापारिक प्रयोजनमा हडप्ने प्रयास

२३ वैशाख
वनसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक

किन विरोध : राष्ट्रिय निकुञ्जमा होटल, रिसोर्ट सञ्चालन गर्ने प्रस्ताव

२५ मंसिर
नेपाल विशेष सेवा विधेयक

किन विरोध : व्यक्तिगत फोन ट्यापिङ गर्ने व्यवस्था । राष्ट्रिय अनुसन्धान विभागलाई हरेक व्यक्तिको निगरानी गर्न पाउने अधिकार

१ चैत
शिक्षासम्बन्धी केही नेपाल ऐन संशोधन गर्न बनेको विधेयक

किन विरोध : विश्वविद्यालयका उपकुलपतिलाई प्रधानमन्त्रीको स्वविवेकमा चलाउने प्रस्ताव

२९ फागुन
सुरक्षा परिषद्को काम, कर्तव्य, अधिकार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

किन विरोध : प्रधानमन्त्रीले चाहेका बेला सेना परिचालन गर्न सक्ने व्यवस्था

२९ फागुन
भूमिसम्बन्धी विधेयक

किन विरोध : किसानमारा भूमि नीति, जग्गा दलाल पोस्ने व्यवस्था

१४ माघ
शान्ति-सुरक्षा कायम गर्न बनेको विधेयक

किन विरोध : सीडीओ झन् शक्तिशाली । शान्तिपूर्ण भेला हुन पाउने अधिकारमाथि संकुचन

२७ माघ
संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवा सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

किन विरोध : कर्मचारीलाई संघमुखी बनाएको

२ फागुन
सूचना तथा प्रविधि विधेयक

किन विरोध : सामाजिक सञ्जालको नियन्त्रणका नाममा व्यक्तिगत स्वतन्त्रतामाथि अंकुशको प्रयास । जन्मकैदसमेतको व्यवस्था गरेर देवानी र फौजदारी दुवै प्रकृतिको कानुन प्रयोग गर्न सकिने व्यवस्था

२८ फागुन
राष्ट्रिय प्राथमिकताप्राप्त आयोजनाको द्रुततर निर्माण तथा विकासका सम्बन्धमा गर्न बनेको विधेयक

किन विरोध : ठूला र आकर्षक मानिएका परियोजना प्रधानमन्त्रीमा केन्द्रित गर्ने । २५ अर्बभन्दा बढी लागत भएका योजना प्रधानमन्त्री मातहत राख्ने व्यवस्था

सर्वसत्तावादको रिहर्सल

पछिल्ला दुई वर्षले देखाउँछन् : सरकार खुला समाज, मिडिया र कानुनी शासनमा नियन्त्रण चाहन्छ

३० पुस
भूउपयोग सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
किन विरोध : एनजीओबाट प्रभावित विधेयक

२४ पुस
विज्ञापन नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
किन विरोध : विज्ञापन प्रकाशनमा आउने त्रुटिमा फौजदारी कसुर लगाउने व्यवस्था

९ पुस
केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक
किन विरोध : नेपाल ट्रस्टको जग्गा सरकारले चाहेअनुसार प्रयोग गर्न खुला । त्यही व्यवस्थाअनुसार यतीलाई जग्गा दिएको

८ पुस
पारमाणविक तथा रेडियोधर्मी पदार्थको सुरक्षित तथा शान्तिपूर्ण प्रयोग सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक
किन विरोध : नेपालमा पाइने युरेनियम उत्खनन गरी आणविक भट्टी सञ्चालन गर्ने । भट्टी सञ्चालनमा निजी क्षेत्रलाई अनुमति दिने व्यवस्था

२३ साउन
राहदानीसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक
किन विरोध : कूटनीतिक राहदानी प्रदान गर्नेबारे विवादित व्यवस्था

२२ साउन
नेपाल नागरिकता ऐन, ०६३ लाई संशोधन गर्न बनेको विधेयक
किन विरोध : वैवाहिक अंगीकृत नागरिकताको मुद्दामा विवाद

०७५

छ । अनि, राजनीतिक इच्छाशक्ति छैन । त्यसैले यी विधेयकहरू सर्वसाधारणमा निहित मुक्तिको चाहनादेखि सशंकित छन् ।

संविधानमा कोरिएका शब्दहरूकै भरमा जनगणले न्यायपूर्ण शासकीय पद्धति र मुक्ति हासिल गर्ने होइन । सर्वसाधारणको जीवनलाई उन्नत बनाउने उपायको निरन्तर खोजीसँग स्वतन्त्रताको अन्योन्याश्रित सम्बन्ध छ । स्वतन्त्रताको एउटा आधारभूत सर्त भनेको त्यस्तो शिक्षाको कल्पना हो, जसले आम मानिसको जीवनलाई गुणस्तरीय बनाउन हस्तक्षेपकारी भूमिका खेलोस् । जीविकालाई दिगो र सार्थक बनाउन सघाओस् । यस्तो हुन समाजमा विभिन्न विचारहरू निःसंकोच तवरमा फल्ने/फुल्ने वातावरण हुनुपर्छ । त्यसका लागि आवश्यक पूर्वाधार हुनुपर्छ ताकि सर्वसाधारणले शिक्षालाई न्यायपूर्ण समाज निर्माण गर्न प्रयोग गर्न सकून् । तर अभिव्यक्ति स्वतन्त्रतादेखि डराउने सरकारले यस्तो चाहना राख्न सक्दैन । एक वा अर्को माध्यममा नागरिकगणको आवाजबाट झस्किने सरकारले यस्तो नीति बनाउँदै सबैलाई सुरक्षित वातावरणमा सशक्त बनाउने कार्य गर्न सक्दैन । त्यस्तो गरोस् भन्ने अपेक्षा राख्नु मात्र पनि भ्रममा बाँच्नु हो । त्यसैले पनि पछिल्ला विधेयकहरूको मूल ध्येय भनेको नियन्त्रित गणतन्त्र नै हो ।

अन्त्यमा, नदीमा पानीको वेगलाई रोक्न बाँध बनाउँदासमेत त्यसको बहावलाई अर्को दिशा दिने गरिन्छ । अन्यथा ऊर्जा उत्पादन गर्ने वा सिँचाइ गर्ने हेतुले बाँध बनाइन्छ तर नदीमा पानीलाई बग्नबाट रोक्न सकिन्न । नेपाली जनगणमा निहित स्वतन्त्रता पनि त्यस्तै हो । यसलाई चेतनशील समाज निर्माण गर्न, समाजको ज्ञान-विज्ञानलाई विकसित बनाउन, नेपालभित्रका विविध संस्कृतिलाई समृद्ध बनाउन प्रयोग गर्न सकिन्छ । तर स्वतन्त्रतालाई अझ उन्नत बनाउने सामाजिक पूर्वाधार र राजनीतिक वातावरणबेगर यी कुनै पनि कार्यहरू सम्भव छैनन् । यद्यपि न नदीको बहावलाई जस्तै स्वतन्त्रतालाई रोक्न सकिन्छ, न त भय सिर्जना गरेर दण्डका प्रावधानमार्फत तेर्स्याएर नै जनगणको व्यक्तिगत र सामूहिक स्वतन्त्रतालाई रोक्न सकिन्छ । ऐन-कानुनका दफाभन्दा मानवीय नैसर्गिकतामा निहित स्वतन्त्रताको तत्त्व धेरै बलशाली छ । सरकारलाई हेक्का रहोस्, पानीमा निहित तत्त्वलाई नष्ट गर्न नसकेझैँ स्वतन्त्रताको बीउलाई समेत नष्ट गर्न सकिन्न ।

त्यसैले स्वतन्त्रतालाई बलियो बनाउनेतर्फ सरकारले थोरबहुत विवेक खर्च गर्न सुरु गरे उसको सुझबुझ बढ्दै जान सक्छ । के यी कुनै पनि कार्य गर्ने नीतिगत छलफल चलाउन र कानुन निर्माण गर्न सरकार तयार छ ?

सत्ताको स्वेच्छाचारिताविरूद्ध

ट्वीट गरेको भरमा पूरा हुँ

सञ्जीव पोखरेल

समाज र राज्यको सम्बन्ध गतिशील रहनुपर्छ । यस्तो गतिशीलताको महत्त्व त्यो बेला झन् बढी हुन्छ, जुन बेला राज्य आफ्नो भूमिकामा अडिग रहन सक्दैन ।

निर्वाचनमा भोट दिएर सरकार बनेपछि सर्वसाधारण नागरिकको भूमिका ५ वर्षका लागि सकियो भन्ने बुझाइ गलत हो । लोकतन्त्रमा मतदाताको भूमिका सरकार छान्नेमा मात्र सीमित हुँदैन । सरकार चल्ने प्रक्रिया तथा कानुन बनाउने र लागू गर्ने प्रक्रियामा पनि आम नागरिकको भूमिका उत्तिकै सशक्त हुन्छ र हुनुपर्छ ।

राज्य शक्तिको स्रोत जनता मान्नुको अन्तर्य के हो भने कानुन बन्ने र कार्यान्वयन हुने जनताद्वारा र जनताका लागि हो, अमुक शासकका लागि होइन । कानुन बन्ने प्रक्रियामा प्रतिनिधिको प्रत्यक्ष भूमिका भए पनि यसमा नागरिकको चासो र संलग्नता हुनुपर्छ । आफूले छानेर पठाएका मानिसले कस्तो कानुन बनाउँदै छन् भनेर नागरिकले सधैँ सक्रिय चासो राख्नुपर्छ ।

बहुमतले सरकार बन्ने हो । कानुन बनाउन र कार्यान्वयन गर्न बहुमतको अंकगणित पर्याप्त हुँदैन । बहुमत ५ वर्षका लागि हो । कानुन वर्षौंसम्म रहन्छन् । त्यसैले कानुन बन्ने प्रक्रियामा 'हामीसँग बहुमत छ' भनेर मात्र पुग्दैन ।

कानुन प्राकृतिक नियम नभई मानिसले मानिसका लागि बनाउने हो । त्यसैले तिनको अस्तित्वको आधार 'कमजोर' हुन्छ । कानुनको परिपालन राज्य र नागरिकबीचको सहमतिमा टिकेको हुन्छ । जनतालाई मन नपर्ने कानुन

नागरिक दबाब खोइ ?

या फेसबुकमा लेखेको दैन नागरिक दायित्व

च्यातिन्छन् र फेरिन्छन्। निरंकुशताका पक्षपातीहरू यति सामान्य कुरा बुझ्दैनन् । आफूले बनाएका कानुनलाई उनीहरू प्रकृतिको नियम भन्ठान्छन् ।

नेपालमा पनि प्रशस्त कानुन बनेका हुन्। संविधान नै धेरै पटक लेखिए पनि तीमध्ये धेरै फेरिए। फेरिँदै छन्। दुःखको कुरा के भने यसका लागि मानिसले संघर्ष गर्नुपर्‍यो। धेरैले ज्यान गुमाए। तर जनताले मन नपराएका नियम-कानुन टिकेनन्। कानुन सापेक्ष हुन्छ, जनमत मात्र निरपेक्ष हो। त्यसैले कानुनमा जनताको स्वीकार्यताको ठूलो महत्त्व हुन्छ।

सूचना प्रविधि कानुन बनाउने नाममा इन्टरनेटमार्फत अभ्यास गरिने अभिव्यक्ति स्वतन्त्रतामाथि अंकुश लगाउने प्रयत्न अहिले सरकारले गरिरहेको छ। यसका लागि विशेष प्रावधानसहितको कानुनको मस्यौदा तयार भएको छ, जसको कार्यान्वयन भए सरकारले आफ्नो व्याख्याअनुसार र आफैँले तोकेको प्रक्रियामार्फत सामाजिक सञ्जाललगायत इन्टरनेटका अन्य प्लेटफर्ममा व्यक्त टिप्पणीलाई आधार बनाएर मानिसलाई ५ वर्ष जेल पठाउने र १५ लाख जरिवाना गर्ने छूट पाउनेछ।

सतहमा इन्टरनेटमार्फत हुने गलत र आपराधिक गतिविधिमाथि नियन्त्रण गर्ने सोच देखिए पनि यो कानुन नियोजित रूपमा सरकारका आलोचकमाथि दबाब सिर्जना गर्ने र आलोचनाको स्रोत नै बन्द गर्ने नियतबाट बनाउन लागिएको प्रस्ट छ। विद्युतीय माध्यमबाट हुने आपराधिक क्रियाकलाप नियन्त्रण गर्ने अन्य कानुन हुँदाहुँदै ठूलो सजाय तोकेर नयाँ अतिरिक्त कानुन बनाउन खोज्नु दुःखद र अस्वीकार्य छ।

निरंकुश शासन सधैँ 'कु देता' बाट रातारात स्थापना हुन्छन् भन्ने छैन। निरंकुश सत्ताहरू सुस्त गति र लामो अवधिमा पनि स्थापित हुन्छन्, भइरहेका छन्। आजको विश्व परिस्थिति हेर्दा जननिर्वाचित सरकार नै निरंकुशताका अनुयायी भइरहेका छन्। निरंकुशताको चरित्र र स्थापनाको विशेषता बहुआयामिक हुँदै गएको छ।

केपी ओली र पुष्पकमल दाहाल 'प्रचण्ड' लाई आफ्नो क्षमतामाथि मात्र विश्वास र भरोसा छ। उनीहरूलाई लाग्छ, आफूले चाहे जे पनि सम्भव छ। यो बुझाइमा देशलाई सफल र समृद्ध बनाउन जनताको साथ चाहिँदैन, सरकारको क्षमता नै पर्याप्त हुन्छ। उनीहरूको बुझाइमा जनता विकासका अवरोधक भएकाले नियन्त्रण गरेर राख्नुपर्छ।

यही बुझाइका कारण ओली सरकार हरेक क्षेत्रमा असफल भइरहेको चुनौतीपूर्ण अवस्थामा पनि अन्य प्राथमिकता पन्छाएर उसले आफ्नो ध्यान सूचना प्रविधि ऐनमार्फत जनताको बोली बन्द गर्ने प्रयासमा केन्द्रित गर्न खोजिरहेको छ। यो ऐन कार्यान्वयनमा गए नेपाल निरंकुश सत्ताको अर्को चक्रमा फस्नेछ।

ग्लोबल रिसर्च

जसरी स्थापना भए पनि र जतिसुकै पृथक विशेषताको भए पनि निरंकुशताले सिर्जना गर्ने परिणाम सबैतिर उस्तै हो। यो कुरा नेपालले विश्वका अन्य ठाउँबाट सिकिरहनु पर्दैन। निरंकुशताले सिर्जना गर्ने गरिबी, अविकास, असमानता र पछौटेपनको अनुभव नेपाल आफैँसँग छ।

०६२-६३ को जनआन्दोलन र मधेस आन्दोलन निरंकुशताप्रति जनताको असन्तुष्टिको स्पष्ट अभिव्यक्ति थिए, जसले आम जनता सार्वभौम भएको संविधान नेपाललाई दिलाएको छ। यो उपलब्धिबाट हामी सबैले निरंकुशताको युग समाप्त भएको र शान्ति, लोकतन्त्र तथा विकासका लागि नयाँ अवसर सिर्जना भएको अपेक्षा राखेका थियौँ।

यद्यपि निर्वाचनमा प्रचुर बहुमतप्राप्त सरकार आज निरंकुश राज्य र बन्द समाज स्थापनाको मार्गमा लागेको छ। आम नागरिकले फेरि एक पटक सत्तालाई पाठ पढाउनुपर्ने आवश्यकता सिर्जना भएको छ।

सिनेमा हलमा राष्ट्रिय गीत बजाउनुपर्छ भन्ने,

आलोचकलाई वर्षौंवर्ष कैद गर्न कानुन बनाउन खोज्ने, प्रतिपक्षलाई सरकारमा सामेल हुन आह्वान गर्ने, राज्यका सबै महत्त्वपूर्ण अंग र निकाय पार्टीका मानिसमार्फत उनीहरूको सिफारिसमा चलाउने, संविधानले तय गरेका अत्यावश्यक संस्था र संरचना नियोजित रूपमा बन्न नदिने, करदाताको योगदानबाट जम्मा भएको राज्यको सम्पत्ति आफ्नो व्यक्तिगत सम्पत्तिझैं गरेर कार्यकर्ता र नातागोताका मानिसलाई बाँड्ने प्रवृत्ति निरंकुशतातर्फको डरलाग्दो संकेत हो ।

ओली सरकारको निरंकुश हुने चाहनाको विरोधमा नागरिक समाज अहिलेसम्म तात्न नसक्नु अर्को डरलाग्दो संकेत हो । नागरिक समाज स्थायी संरचना होइन । यसो हुनु राम्रो होइन । यद्यपि सरकारले बाटो बिराउँदा नागरिक समाज सशक्त रूपमा मैदानमा आउन सक्नुपर्छ । सरकारको निरंकुश बन्ने चाहनाको सशक्त प्रतिरोध नभए यसको परिणाम भविष्यका लागि दुःखद र त्रासदीपूर्ण हुन्छ।

नेपालको नागरिक समाज सूचना प्रविधि विधेयकका आपत्तिजनक प्रावधानको प्रतिरोधमा किन संगठित हुन सकेको छैन ? यो गहिरो चिन्ता र खोजको विषय हो ।

> नागरिक समाज संगठित हुने भनेको सरकार परिवर्तन गर्न होइन, सरकारले गरेका गल्ती कमजोरी सच्याएर लोकतन्त्रलाई अझ गतिशील र सार्थक बनाउनैका लागि हो ।

यसका सम्भावित कारणमध्येको एउटा हुन सक्छ, वर्तमान सत्ताको संरचना र यसको चरित्र । तीन वर्षअघिको आमनिर्वाचनबाट नेपालमा एउटा भीमकाय सत्ताको स्थापना भएको छ, जसको आकार र प्रभाव यति ठूलो छ कि यसबाट मुक्त मानिसको संख्या कम छ । मानिस कुनै न कुनै हिसाबले सत्ताको निकट छन् । नेपालको इतिहासमा यत्तिको ठूलो र प्रभावशाली सत्ताको अनुभव छैन । त्यसैले पनि नागरिकमा सत्तासँग कसरी डिल गर्ने भन्ने अन्योल छ । नागरिक समाजका 'आइकन' मानिएका कतिपय मानिस भीमकाय सत्ताबाट त्रसित छन् या यसबाट लाभको अपेक्षा राख्छन् ।

दोस्रो कारण हुन सक्छ, प्रभावहीन प्रतिपक्ष । निर्वाचनमा हार बेहोरेपछिको नेपाली कांग्रेस आफ्नै अस्तित्वको लडाइँ लडिरहेको छ । कांग्रेसको आफ्नै पार्टी संगठन लोकतान्त्रिक मूल्य-मान्यताअनुरूप सञ्चालित छैन, जसले गर्दा ऊसँग निरंकुशताको सशक्त प्रतिरोध गर्ने नैतिक बल छैन । कांग्रेसबाहेक सरकारमा नरहेका अन्य दलसँग पनि प्रतिपक्ष हुनका लागि चाहिने राजनीतिक समझ र दृष्टिकोण छैन । सशक्त प्रतिपक्ष नहुँदा यसको प्रभाव नागरिक अभियानमा पनि स्वाभाविक रूपमा पर्छ ।

नागरिक समाजको कमजोर उपस्थितिको अर्को कारण हुन सक्छ, सामाजिक सञ्जालले प्रवर्द्धन गरिरहेको नागरिक सक्रियताको संस्कृति । नागरिक अभियानका सहयोगी हुँदाहुँदै पनि सोसल मिडिया र त्यसमा पनि विशेषगरी *ट्वीटर* तथा *फेसबुक*को बढ्दो प्रयोग र प्रभावले नागरिक अभियानको ऊर्जालाई प्रभावहीन बनाइरहेको छ ।

सोसल मिडियाका कारण खानेकुरामा जस्तै विचार प्रवाह गर्ने 'जंक' संस्कृतिको विकास भएको छ, जसले गर्दा नागरिक समाजका आशलाग्दा व्यक्तित्वहरू सार्थक अभियानमा भन्दा सोसल मिडियाको 'डिजिटल अटेन्सन' मा बढी केन्द्रित देखिएका छन् । आजभोलि समसामयिक विषयमा *ट्वीटर*मा एउटा टिप्पणी लेखेर, एउटा 'थ्रेड' बनाएर वा कुनै टिप्पणीमाथि जवाफ फर्काएर आफ्नो कर्तव्य पूरा भएको ठान्ने प्रवृत्ति छ, जसले नागरिक अभियानको सम्भावनालाई नजानिँदो रूपमा कमजोर बनाइरहेको छ ।

चार जना मानिस एक ठाउँमा उभिएर सरकारका गलत कामको विरोध गर्दा त्यसको प्रभाव जति सशक्त हुन्छ, सोसल मिडियामा गरिने हजारौं प्रतिक्रियाबाट त्यो परिणाम हासिल गर्न सकिन्न । *ट्वीटर* वा *फेसबुक*मा कमेन्ट 'ठोकिदिएर' राज्यप्रति नागरिक समाजको कर्तव्य पूरा हुँदैन ।

नागरिक समाज सशक्त हुन नसकिरहेको अवस्थाको अर्को कारण के पनि हुन सक्छ भने ओली नेतृत्वको सरकार आफ्नाविरुद्ध भएका आलोचनालाई सत्ता परिवर्तनको चाहनाका रूपमा व्याख्या गर्न खोजिरहेको छ । सरकारको विरोध गर्ने मानिस अरू कोही प्रधानमन्त्री भएको देख्न चाहन्छन् भनेर प्रचार गरिएकाले केहीमा राजनीतिक पार्टीको पृष्ठपोषक भएको आरोप लाग्ने डर छ ।

वर्तमान सरकार लोकतान्त्रिक र शान्तिपूर्ण निर्वाचनबाट स्थापित भएको हो । यो सरकार लोकतान्त्रिक अभ्यास र नयाँ संविधानको कार्यान्वयनमा नेपालले हासिल गरेको एउटा उपलब्धि हो भन्नेमा शंका छैन । तर यो सरकार कुनै पार्टी वा अमुक व्यक्तिको होइन, मूलतः नागरिकको हो । जनमतका आधारमा बन्ने सरकार जनताले बुझाएको सम्पत्तिका आधारमा चल्ने हुन् । नागरिक र सरकार एकअर्काका शत्रु होइनन्, बरु निरन्तर संवाद र सहकार्यको सम्बन्ध भएका राज्यका निकाय हुन् । त्यसैले नागरिक समाज संगठित हुने भनेको सरकार परिवर्तन गर्न होइन, सरकारले गरेका गल्ती कमजोरी सच्याएर लोकतन्त्रलाई अझ गतिशील र सार्थक बनाउनका लागि हो । अहिलेको सरकारमा बसेका मानिसले बुझ्न नसकेको के भने आफूले बनाउन लागेको कानुनमा नागरिक चासो र चिन्ता सकारात्मक कुरा हो ।

सूचना प्रविधि विधेयकमा अभिव्यक्ति स्वतन्त्रताबारे राखिएका प्रावधानबारे गम्भीर हुनुपर्ने परिस्थिति आएको छ । सूचना प्रविधि विधेयक एउटा सामान्य मात्र होइन, यो विधेयक यही रूपमा कानुन बने नेपालको राजनीतिक संरचना र संस्कार दीर्घकालीन रूपमा प्रभावित हुनेछन् । यसले नेपालको संविधान र यसले अपनाएका मूल्य-मान्यतालाई विनाश गर्नेछ । त्यसैले आम नागरिकले यो विधेयकमा रहेका अव्यावहारिक र अभिव्यक्ति स्वतन्त्रताविरोधी प्रावधान सच्याउन सरकारलाई सार्थक दबाब दिनुको विकल्प छैन । ने

सर्वोत्तम नारी

KMG
KANTIPUR MEDIA GROUP

माघ अंक

nari.ekantipur.com | narimagazine | @narimagazine

किन बर्सिन्छ विदेशी सैन्य

अहिलेको मीनपचासे जाडोलाई तताएको प्रश्न हो- विदेशबाट आउने विकास सहायतामा सैन्य सहायता जोडियो भने के गर्ने ? यो प्रश्नको मन्थन गर्दा विकासको अवधारणामा सुरक्षा र सेना कसरी जोडिए भनी केलाउनु जरुरी छ । कहाँदेखि सुरु भयो, सैन्य सहायता अनि किन गरिन्छन् यस्ता सहयोग ?

दोस्रो विश्वयुद्ध सकिएपछि युरोपमा लागू भएको अमेरिकी मार्सल प्लानलाई योजनाबद्ध सुरक्षा सहायताको उषाकाल मानिन्छ । युद्धले विक्षिप्त युरोपेली मुलुक र अमेरिकी गठबन्धन स्वीकार्ने एसियाका केही मुलुकले यसअन्तर्गत सहयोग पाए ।

सैन्य सहायतालाई निर्देशित गर्ने दुई तत्त्व थिए- दाताको रणनीतिक महत्त्वाकांक्षा र साना देशलाई ठूलाले 'उद्धार' गरिदिनुपर्छ भन्ने मानसिकता । यो मानसिकताको सहयोगले सन् साठीको दशकमा केही भौतिक विकास त गरायो तर समाजको बृहत्तर उन्नति भने भएन । दस वर्ष नबित्दै दाताहरू थकित भएका छनक सत्तरीको दशकका प्रतिवेदनमा पाइन्छन् । बाटाघाटा र भवनमा मात्रै पैसा खनिने तर असुरक्षा कायमै रहने देखेर पैसावाला देशहरूलाई अब सुरक्षा सुधार्नुपर्‍यो भन्ने लाग्यो, तब तिनले हरेक सहायतामा सुरक्षालाई पूर्वसर्त बनाउन थाले । त्यसैले विकास सहायतासँग गौण रूपमा सुरक्षा जोडिन थालेको अहिलेदेखि होइन ।

अमेरिका र तत्कालीन सोभियत संघबीच शीतयुद्ध जारी रहँदा साना मुलुकलाई आफ्नो पोल्टोमा पार्न दुवैले भगीरथ यत्न गर्थे । सोभियत संघ ढलेलगत्तै अमेरिकाले पहिले उसअन्तर्गत रहेका स-साना कम्युनिस्ट मुलुकलाई 'लोकतन्त्रीकरण' गर्ने लहरै चलायो । सैन्य सहायताको धमाधम वर्षा भयो तर सर्त थियो, सुरक्षा क्षेत्र सुधार । यस्तै वैदेशिक सहायताले युद्धग्रस्त अरू केही मुलुकका भकारी पनि भरियो । जस्तै, कम्बोडियाले सन् १९९१ को पेरिस समझदारीमार्फत ३ अर्ब अमेरिकी डलर पायो, प्यालेस्टाइनले ओस्लो सम्झौतामार्फत ४ अर्ब डलर । बोस्नियाले पनि डेटन सम्झौता गरी ५ अर्ब डलर लियो । यसरी सन् नब्बेको दशकमा मात्रै करिब तीन दर्जन युद्धग्रस्त मुलुकमा १ सय अर्बभन्दा बढी खन्याइएको अनुसन्धानले देखाउँछन् ।

एक्काइसौं शताब्दी लागेपछि भने सुरक्षा सहायता पश्चिमा मुलुकको मात्रै शैली रहेन । उत्तर अमेरिका, पश्चिम युरोप, मध्यपूर्वका तेलधनी कतार र साउदी अरबदेखि जापान र बहुसंख्यक आईएनजीओले समेत सैन्य सहायता पस्किन थाले । धेरै कमाइ नभएका दक्षिण कोरिया, थाइल्यान्ड र टर्कीजस्ता देशदेखि चरम गरिबी कायमै रहेका भारत र चीनले पनि साना मुलुकलाई सैन्य सहयोग फिँजारे ।

[टिप्पणी]

सफल घिमिरे

होलान् त परोपकारी ?

हुँदैनन् । अन्तर्राष्ट्रिय सम्बन्धमा निःस्वार्थ परोपकार भन्ने शब्दावली नै हुँदैन । एमसीसी प्रकरणको सन्दर्भमा 'प्रबुद्ध आत्महित' (इन्लाइटन्ड सेल्फ इन्ट्रेस्ट) लाई जोडेर अमेरिकी राजदूत र्‍यान्डी बेरीले पनि यो कुरा अप्रत्यक्ष रूपमा सकारेका छन् । बेरीको तर्क छ, नेपाल बलियो भए अमेरिका पनि बलियो हुन्छ, नेपालको उन्नति भए अमेरिकाको पनि । त्यसैले अरूलाई समृद्ध हुन सहयोग गरेर अमेरिकाले आफैंलाई पनि समृद्धितर्फ लम्काउँछ ।

पश्चिमा मुलुकको अन्तर्राष्ट्रिय संलग्नतालाई निर्देशन गर्ने जरो सिद्धान्त भनेको इन्लाइटन्मन्ट विचारधाराका प्रवर्तक इम्यानुअल कान्टले अघि सारेका लोकतान्त्रिक शान्ति (डेमोक्र्याटिक पिस) को अवधारणा हो । यो अवधारणाले लोकतन्त्रीकरण र उदारवादी शैलीले संसारमा शान्ति फैलाउने कल्पना गर्छ ।

यसले भन्छ, महँगा युद्ध छेड्दा निर्वाचित प्रतिनिधिले जनतालाई उत्तर दिनुपर्ने हुन्छ । त्यसैले लोकतान्त्रिक नेताहरू युद्ध छेड्न हच्कन्छन् । संसारमा जति धेरै लोकतन्त्र हुन्छन्, देशहरूबीच उति नै शान्तिपूर्ण सम्बन्ध हुन्छ । अन्ततः लोकतन्त्रले नै अन्तर्राष्ट्रिय शान्ति ल्याउँछ । तर संसारमा लोकतन्त्रहरूबीच नै युद्ध भएका उदाहरण पनि छन् । आफ्ना अभिरुचिको द्वन्द्व हुँदा वा देशकै अस्तित्व धरापमा पर्दा एउटा लोकतन्त्रले अर्को लोकतन्त्रलाई परस्पर सहयोग नगरेका पनि छन् ।

भयो त परस्पर उन्नति ?

मानिसको जीवनको गुणस्तर बढाउनुपर्‍यो भनेर दाताले पैसा खर्च गर्न थालेको त सन् २००० पछि मात्रै हो । बेलायतले सन् १९९८ मा सुरक्षा क्षेत्र सुधारको अवधारणा ल्यायो । युरोपेली सुरक्षा र प्रतिरक्षा नीतिले यसलाई स्वीकार्‍यो । ओइसीडीअन्तर्गत आउने अनुदान र धेरै उदारतन्त्री मुलुकले विकास सहायतामा सशस्त्र निकायलाई सुधार्नुपर्ने सर्त मिसाउन थाले । यसपछि युएनडीपी, विश्व बैंक र आईएमएफले सबै सहयोगमा विकाससँगै सुरक्षाका सर्त घुसाउन थाले ।

ओइसीडी मुलुकमा वैदेशिक सहयोग कति दियो भनी अभिलेख राख्ने नियम छ । उहिले अभिलेखमा रहन यस्ता सहयोग विकासकेन्द्रित हुनुपर्थ्यो । सैन्य सहयोगलाई नराख्ने मान्यता थियो । सैन्य सहायता बढ्दै जाने तर आफूले दिएको नदेखिने भएपछि दाता मुलुकले अब सैन्य उपकरण वा सेना परिचालनका लागि गरिएको खर्च लोकतान्त्रिक अभ्यासको

सहायता

हाम्रो राज्यको मार्गनिर्देशक सिद्धान्त के हो र त्यससँग हामीले लिने सहयोग मेल खान्छ कि खाँदैन, जाँच्ने विषय हुन् ।

हेतुले गरिएको भए त्यसलाई पनि अनुदानको अभिलेखमा राख्ने सहमति गरे । अब अनुदानको आकार पनि ठूलै देखिने भयो ।

सुरक्षा सहयोग योजनाबद्ध ढंगले नै आउने भएपछि सोहीअनुरूप सर्त पनि आउने भए नै। त्यसपछि अनुदान लिने मुलुकमा सुरक्षा खर्चको नियमन, सैनिक र प्रहरीको सीप अभिवृद्धि, प्रहरी र सैन्य गतिविधिमा मानव अधिकार आदिलाई सुनिश्चित गर्न दबाव पर्न थाल्यो । यसले केही मुलुकमा राम्रै गऱ्यो । केही अरूमा भने प्रत्युत्पादक भइदियो ।

कतिपय मुलुकका सुरक्षा निकाय सामाजिक र सांस्कृतिक मूल्यले निर्देशित थिए । दाताले भने तिनको आफ्नै क्षमतालाई पहिचान र प्रवर्द्धन गर्न सघाएनन् । सधैं उनीहरूलाई 'निर्बल', 'असुरक्षित' र 'अरूको सहयोग चाहिने' मुलुककै रूपमा व्यवहार गरिरहे। थोरै भौतिक परिवर्तन ल्याए पनि सैन्य सहयोगले पूर्वसोभियत मुलुक, अफ्रिकाका द्वन्द्वग्रस्त देश र अफगानिस्तानमा पनि सोचेजस्तो दिगो परिवर्तन ल्याएनन् । बरु सुरक्षामा ठूला र साना देशबीच साहू-आसामीको सम्बन्ध मात्रै बनाइरह्यो ।

पछिल्लो दुई दशकमा गरिएका अनुसन्धानले अन्तर्राष्ट्रिय सुरक्षा सहायताले गर्न खोजेको र निम्त्याएको परिणामबीचको फराकिलो खाडल देखाउँछन्। आवश्यकता र परिप्रेक्ष्य देशैपिच्छे भिन्न हुन्छन् तर दाताले भने संसारैभरि एउटै शैली र सूत्र लगाउन खोज्छन्। आफ्नो मुलुकमा जेले काम गरेको छ, संसारभरि त्यसैले काम गर्छ भन्ने भ्रम हुन्छ, उनीहरूलाई। दाताका मूल्य-मान्यता स्थानीय अपेक्षासँग नमिल्दा धेरै मुलुकमा तनाव भएका छन् ।

अब लिंदै नलिने त ?

होइन । स्रोत भनेको राज्य सञ्चालन र उन्नतिको न्यूनतम आधार हो । स्रोतलाई सञ्चालन गर्ने सर्त के हुन् भन्नेचाहिँ बहसको मूल विषय हुनुपर्छ। हाम्रो राज्यको मार्गनिर्देशक सिद्धान्त के हो र त्यससँग हामीले लिने सहयोग मेल खान्छ कि खाँदैन, जाँच्ने विषय हुन्। जस्तै, विश्वव्यापी मानव अधिकारबारे हामीले दशकौं बहस गरेर संविधानमै प्रत्याभूत गरेका छौं भने त्यो सर्त मान्न अनकनाउनुपर्ने कारण छैन। तर कुनै एक मुलुकको कित्तामा छिरेर अर्कोको अहित गर्ने गुटबन्दी हुन्छ भने त्यो हाम्रो संवैधानिक सिद्धान्त होइन ।

प्रत्येक सहयोगभित्र प्रत्यक्ष वा परोक्ष रूपमा शक्ति विस्तार गर्ने उद्देश्य हुन्छ। सैन्य सम्बन्ध शक्ति संग्रहको पहिलो आधार हो। अन्तर्राष्ट्रिय सम्बन्धमा प्रत्येक मुलुकको ध्येय नै अर्थ र हतियारका दृष्टिले बलियो हुनु हो । त्यसैले तिनले दिने वैदेशिक सहयोगको अन्तर्निहित उद्देश्य अन्तर्राष्ट्रिय मञ्चमा आफ्नो स्थान बलियो पार्नु नै हुन्छ। अन्तर्राष्ट्रिय सम्बन्धमा नि:स्वार्थी सहयोग भन्ने अवधारणा नै हुँदैन । दिनेले त सक्दो आफ्नै सर्त थोपर्न खोज्छ । लिनेले नै विवेक लगाउने हो । कुमाले हुने कि कुमालेको हातको माटो, हाम्रै विवेकमा निर्भर गर्छ ।

@TextSafal

१२ सय बहुवर्षीय ठेक्का अलपत्र

अंगद ढकाल

तीन सरकारबीच खिचातानी र बजेट विवादमा सडक आयोजनाका काम ठप्प

मस्त केसी

कैलालीको खटियाबाट डोटीको दिपायल जोड्ने सडक खण्डको करिब ६० प्रतिशत काम सम्पन्न भइसकेको थियो, ०७५ मंसिरसम्म । त्यही बेला सडक विभागको पत्र पाएपछि निर्माण कम्पनीले काम रोक्यो ।

डडेल्धुराको उग्रतारा-मेलौली-तल्लो स्वराड सडक खण्डको काम गत वर्ष कात्तिकसम्म करिब ५० प्रतिशत सकिएको थियो । विभागको पत्र आएपछि यो खण्डको काम पनि अगाडि बढ्न सकेन ।

बाजुराका एक दर्जन सडक आयोजनाको काम रोकिएको डेढ वर्ष भइसक्यो । कपिलवस्तुका पर्यटकीय महत्त्वका ६ वटा मुख्य सडक र म्याग्दीका ६ वटा ग्रामीण सडकको काम पनि अघि बढ्न सकेको छैन । सुर्खेतका २४ वटा बहुवर्षीय सडक आयोजनाको काम ठप्प छ । यसैगरी ७७ वटै जिल्लाका बहुवर्षीय सडक आयोजनाअन्तर्गतका करिब ४ सय ७७ सडक खण्ड निर्माण, मर्मत तथा स्तरोन्नतिको काम अलपत्र छ ।

१२ असोज ०७५ को नेपाल सरकारको सचिवस्तरीय निर्णयले बहुवर्षीय ठेक्काअन्तर्गतका विभिन्न सडक आयोजनाका १ हजार १ सय ९० ठेक्का प्रदेश सरकारलाई हस्तान्तरण गर्ने निर्णय गऱ्यो । त्यसलगत्तै सडक विभागले ५ कात्तिकमा आफू मातहतका सबै निकायलाई पत्राचार गरेर ०७४ अघि ठेक्का सम्झौता भएका बहुवर्षीय सडक आयोजनाको काम नगर्न/नगराउन निर्देशन दियो ।

सचिवस्तरीय निर्णयको १६ महिना अर्थात् २२ पुससम्म ६ सय ३९ वटा ठेक्का मात्रै प्रदेश सरकारमा हस्तान्तरण भएका छन् । हस्तान्तरण भइसकेका आयोजना पनि प्रदेशको प्राथमिकतामा नपर्दा अधिकांशको काम सुरु भएको छैन । बाँकी बहुवर्षीय ठेक्का अहिलेसम्म अलपत्र छन् । यी सडकमा करिब डेढ वर्षयता काम हुन नसक्दा बनेका संरचना पनि लथालिंग छन् । सडक विभागका अनुसार ४४ अर्ब ८२ करोडमा ठेक्का लागेका यी सडक आयोजनामा १९ अर्ब २६ करोड रुपैयाँ खर्च भइसकेको छ । बाँकी काम के हुने ? न सडक विभागलाई थाहा छ, न त प्रदेश र स्थानीय सरकारलाई नै ।

संघीयता लागू भएपछि कार्य विभाजन गर्दा राष्ट्रिय राजमार्ग र रणनीतिक महत्त्वका सडक आयोजना संघअन्तर्गतको सडक विभाग मातहत राखिएको थियो । त्यस्तै, क्षेत्रीय स्तरका सडक प्रदेश सरकारलाई र बाँकी स्थानीय सरकारलाई हुने गरी बाँडफाँट गरिएको थियो ।

सोही व्यवस्थाअनुसार विभागले ठेक्कापट्टा गरेका बहुवर्षीय सडक आयोजना स्वतः प्रदेश र स्थानीय सरकारमा हस्तान्तरण भएका थिए।

मुलुक संघीयतामा गएसँगै विकास निर्माणका काम छिटोछरितो हुने अपेक्षा थियो। विकास निर्माणले गति लिने आश थियो । तर तीन तहका सरकारबीच समन्वय नहुँदा पूर्वाधार विकासको पहिलो खुड्किलो मानिने देशभरका थुप्रै सडक आयोजना ठप्प छन् ।

सडक विभागबाट हस्तान्तरण गरिएका आयोजना प्रदेश सरकारले लिन अस्वीकार गर्दा समस्या निम्तिएको सडक विभागका महानिर्देशक केशवकुमार शर्मा बताउँछन् । "संघले केही काम गरेको र बाँकी कामका लागि पर्याप्त बजेट नभएको भन्दै प्रदेशहरूले लिन मानिरहेका छैनन्," उनी भन्छन्, "तर कानुनी रूपमै हस्तान्तरण भइसकेका आयोजनाको जिम्मा सम्बन्धित प्रदेशकै हुन्छ ।" केही आयोजनामा भने अन्योल रहेको र २ सय २३ वटा ठेक्का हस्तान्तरणका लागि प्रक्रिया अघि बढिसकेको शर्माको धारणा छ ।

प्रदेशको अधिकार क्षेत्रभित्र परेका कार्यका लागि योजना बनाउने, प्राथमिकता तोक्ने, नियमन गर्ने, वित्तीय व्यवस्था गर्ने, उत्पादन र प्रबन्ध तथा सेवा प्रवाह गर्ने काम प्रदेश सरकारको हो । तर संघले हस्तान्तरण गरेका सडक आयोजना लिन प्रदेशहरूले आनाकानी गरिरहेका छन् । किन त ? कर्णाली प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री प्रकाश ज्वाला बजेटकै कारण समस्या निम्तिएको बताउँछन् । "५० करोड ठेक्का लागेको योजना हस्तान्तरण गर्ने तर ५ लाख बजेट दिने, यसरी त हुँदैन," उनी भन्छन्, "कि संघले काम सम्पन्न गरेर हस्तान्तरण गर्नुपर्‍यो नत्र पर्याप्त बजेट दिनुपर्‍यो ।"

कतिपय आयोजना सम्पन्न हुने अवस्थामा रहेकाले संघीय सरकारबाटै गर्दा छिटो र छोटो हुने भएकाले जिम्मा नलिएको प्रदेश सरकारहरूको भनाइ छ। आयोजना पठाएपछि तिनलाई सम्पन्न गर्ने बजेट पनि संघबाटै पाउनुपर्छ भन्ने प्रदेश सरकारहरूको माग छ। अहिले प्रदेशका भौतिक पूर्वाधार विकास मन्त्रालयले उक्त बजेट पर्याप्त नभएको, प्रदेशमा पर्याप्त प्राविधिक कर्मचारी नभएको र ठूला सडक निर्माणमा विज्ञता पनि नरहेको बताउँदै ती संरचना संघीय सरकारले नै बनाउनुपर्ने अडान लिइरहेका छन् ।

संघीय सरकारले बहुवर्षीय ठेक्का लगाएका आयोजनामा थोरै बजेट दिएर प्रदेशमा हस्तान्तरण गर्न खोज्दा समस्या आएको गण्डकी प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री रामशरण बस्नेत बताउँछन् । "करोडौं खर्च लाग्ने योजना छन् । प्रदेश सरकारलाई आफ्नै आयोजनामा बजेट अपुग छ," उनी भन्छन्, "यस्तो अवस्थामा थपिएका बहुवर्षीय आयोजनाका लागि कहाँबाट बजेट ल्याउने ?" संघले प्रदेशमा आयोजना हस्तान्तरण गरेको भनेर मात्रै हुँदैन, सडकको विस्तृत आयोजना प्रतिवेदन (डीपीआर), ठेक्कासँग सम्बन्धित कागजात र बजेट पनि दिनुपर्ने उनको भनाइ छ ।

संघले हस्तान्तरण गरेका आयोजनाको स्वामित्व नलिए पनि प्रदेश र स्थानीय सरकारले आफू अनुकूल योजना बनाएर यत्रतत्र 'डोजर' चलाइरहेका छन् । केन्द्रले प्रदेश सरकारलाई पर्याप्त बजेट नदिने र प्रदेश तथा स्थानीय सरकारको प्राथमिकतामा संघका योजना नपरेका कारण समस्या देखिएको पूर्वअर्थसचिव शान्तराज सुवेदी बताउँछन् । "प्रदेश र स्थानीय सरकारलाई आफ्नै आयोजनाको बोझ भएकाले पनि संघको योजनामा इच्छा देखाएनन्," उनी भन्छन्, "तर ५० प्रतिशतसम्म प्रगति भएका आयोजना संघले नै सम्पन्न गरेर हस्तान्तरण गर्नु राम्रो हुन्छ ।" संघले प्रदेश र स्थानीय सरकारलाई आयोजनाको संख्या, बजेट र पुनरावलोकनको अधिकारसहित पठाउँदा समस्या नहुने सुवेदीको बुझाइ छ ।

"५० प्रतिशतसम्म काम भएका आयोजना संघले सम्पन्न गर्ने र बाँकी आयोजनाको पुनरावलोकन गरेर पर्याप्त बजेटसहित सम्बन्धित प्रदेशमा हस्तान्तरण गर्नुपर्छ ।

- **शान्तराज सुवेदी**, पूर्वअर्थसचिव

प्रदेशमा हस्तान्तरण गरिएका कतिपय आयोजना उनीहरूको प्राथमिकतामा परेनन् । कतिपय स्रोतले धान्न सक्ने अवस्था रहेन । त्यसैले संघले पठाएका थुप्रै सडक आयोजनाको स्वामित्व लिन प्रदेश सरकारहरू तयार देखिएनन् । फलस्वरूप ती आयोजना निर्माण अलपत्र छ । "एउटाले सञ्चालन गरेका आयोजना अर्को निकायलाई हस्तान्तरण गर्दा अन्योल देखिनु स्वाभाविक हो," गण्डकी प्रदेशका मन्त्री बस्नेत भन्छन्, "तर बाहिर भनिएजस्तो विवाद छैन । ती आयोजनाका विषयमा जुन-जुन चीज हामीलाई हस्तान्तरण गर्नुपर्ने हो, त्यो भइरहेको छैन ।"

कानुनी र स्रोत-साधन दुवै हिसाबले प्रदेशले स्वामित्व लिन नचाहेका आयोजना संघले सञ्चालन गर्न सक्ने अवस्था पनि छैन । "अनुदानको माध्यमबाट पुँजीगत खर्च तल्ला सरकारमा गएको छ," सडक विभागका महानिर्देशक शर्मा भन्छन्, "अर्को कुरा, संघीयताको मर्मविपरीत प्रदेश र स्थानीय सरकारको काम हामीले गर्न पनि मिल्दैन ।"

पूर्वअर्थसचिव सुवेदी भने कतिपय आयोजना दोहोरिएका, प्रदेश सरकारले सञ्चालन गरिरहेका र निकै नजिक रहेका कारणले पुनरावलोकन आवश्यक भएको ठान्छन् । "यी सबै आयोजना आवश्यक नहुन सक्छन्," उनी भन्छन्, "पुनरावलोकन गरेर आवश्यक योजना मात्रै अगाडि बढाऊ भनेर संघले बजेट दिएको भए हुन्थ्यो ।"

सडक मात्रै होइन, अन्य विकासका आयोजना पनि तीन सरकारबीचको समन्वय अभावको चेपुवामा परेका छन् । यसको प्रत्यक्ष असर सरकारको विकास लक्षित पुँजीगत खर्चमा परेको छ । पुँजीगत खर्च न्यून भएको बताउँदै सरकारको आलोचना मात्रै भएको छैन, पूर्वाधारको दुरवस्थाले सर्वसाधारणले सास्ती पनि खेपिरहेका छन् । ०७१/७२ देखि ०७६/७७ को अवधिमा पुँजीगत शीर्षकमा कुल बजेटको औसत २६.३८ प्रतिशत हिस्सा मात्र बजेट विनियोजन भएको छ । यही रकम पनि औसत ७२ प्रतिशत मात्रै खर्च भइरहेको छ । दोहोरो अंकको आर्थिक वृद्धिको सपना बोकेको मुलुकका लागि यो पर्याप्त होइन । ने

सुनिता लोहनी

दसैंको अष्टमीको दिन गणपतिलाल श्रेष्ठ र सञ्जय अधिकारी विभिन्न शक्तिपीठ घुम्न निस्के, ०७६ मा। दुईमाजुको दर्शन गरी भद्रकाली दर्शनका लागि उनीहरू वीर अस्पतालको बाटो भएर खुलामञ्च पसे। खुलामञ्चको छेउमा रहेको दुईमाजुको धार्मिक हिसाबले ठूलो महत्त्व छ। तलेजु भवानीलाई सिम्रौनगढबाट ल्याउँदा खट पहिले भक्तपुर हुँदै काठमाडौं ल्याइयो। जहाँ-जहाँ खट राखियो, त्यहाँ-त्यहाँ शक्तिपीठ बनाइयो। तलेजुको पूजा दुईमाजुको पूजाबिना हुँदैन।

तर अधिकारी र श्रेष्ठ खुलामञ्च पुग्दा स्थिति फरक थियो। ट्राफिक प्रहरीले खुलामञ्च पिच गर्ने भनेर सूचना सार्वजनिक गरेको थियो। तर त्यहाँ कालो पिचको सट्टा ढलान मात्र गरिएको थियो। अधिकारी भन्छन्, "कालो पिच भनेको केही समयका लागि हो। तर ढलान गरेपछि त्यो सधैंका लागि हुन्छ।"

ढलानको विरोध गरेपछि ट्राफिक प्रहरी र अभियन्ताबीच विवाद भयो। ट्राफिक प्रहरीलाई उनीहरूसँग केरकार गर्ने अधिकार नभएको भनेर अधिवक्तासमेत रहेका अधिकारीले प्रश्न गरेपछि दंगा प्रहरी बोलाइयो। यसपछि उनीहरूले पनि आफ्ना साथीभाइलाई फोन गरी खुलामञ्च बोलाए। केही बेरमै सम्पदा संरक्षणका अभियन्ता, संघीय सांसद भीमसेनदास प्रधान र उपमेयर हरिप्रभा खड्गी घटनास्थल पुगे।

मेयर विद्यासुन्दर शाक्य भने डेंगु संक्रमित भएकाले अस्पतालमा थिए। महानगरले पनि ढलान गर्न नभनेको दाबी गरे। निर्माण पक्षले ढलान नरोक्ने बताएपछि अभियन्ताहरू ढलानमाथि उफ्रिए। त्यसपछि प्रहरीले ठेलठाल गर्न खोज्यो। अधिकारी सुनाउँछन्, "हामी ढलानमाथि थचक्क बस्यौं। त्यसपछि गाडी पनि त्यसैमाथि गुड्न थाल्यो। अन्ततः ढलान रोकियो। प्रहरीले त्यहाँ बनाइरहेको संरचना हटायो।"

अधिकारीका अनुसार दशमीको दिन राती पुनः ढलान भयो। चिनियाँ राष्ट्रपतिले नेपाल भ्रमण गर्न लागेकाले काठमाडौंमा धुलो नउडोस् र सफाइ होस् भन्नकै लागि ढलान गरेको महानगरले बतायो।

इतिहासविद्का अनुसार कुनै बेला टुँडिखेल

निसासिएको सहरमा टुँडिखेल

रानीपोखरीदेखि सानेपासम्म फैलिएको दुई माइलको टुँडिखेल निरन्तर अतिक्रमित

खुलामञ्चमा राखिएका निर्माण सामग्री

तस्बिरहरू : सरोज बैजू

रानीपोखरीदेखि सानेपासम्म फैलिएको २ माइलको थियो । राणाकालीन समयमै पनि टुँडिखेल एसियाकै परेड खेल्ने चउरका रूपमा चर्चित थियो । हालको टुँडिखेलको स्वरूप रानीपोखरीदेखि रंगशालासम्मको हो। यति ठूलो टुँडिखेल अतिक्रमित हुँदै अहिलेको स्वरूपमा आएको छ । टुँडिखेल जोगाउन के गर्ने ? यही सोचले अधिकारीलगायत अभियन्ताले सोचे र अन्ततः अकुपाई टुँडिखेलको योजना अघि सऱ्यो ।

विश्व स्वतन्त्रता दिवस (नोभेम्बर ९) को अवसर पारेर पहिलो कार्यक्रम भयो, मानवसाङ्लोद्वारा टुँडिखेल घेराउ । वालस्ट्रिट अकुपाईकै अवधारणालाई केही हदसम्म सोचेर अकुपाई टुँडिखेल सुरु गरेको अधिकारी बताउँछन्। तर उनको विचार अकुपाई टुँडिखेल एउटा अभियान हो, जसलाई नेपालीकरण गरी मुक्त टुँडिखेल भनिएको छ। यही अभियानबाट अभिप्रेरित भएर इलाम, पाल्पादेखि साथीहरूले फोन गरेर त्यहाँका टुँडिखेल जोगाउन अभियान थालेको उनी सुनाउँछन् ।

नेपालको संविधानको धारा ४८ (घ) को नागरिकको कर्तव्यअन्तर्गत 'सार्वजनिक सम्पत्तिको सुरक्षा र संरक्षण गर्नु' उल्लेख छ । यस्तै, धारा ३२ मा भाषा र संस्कृतिको अधिकार छ। यसअन्तर्गत नागरिकले मातृभाषा र संस्कृति बोल्न र मान्न पाउने अधिकार छ । यही अधिकारको उपयोग गर्दै अहिले अभियन्ताहरू प्रदर्शन गरिरहेका छन् ।

भेला हुने ठाउँ

हरेक क्षेत्रका मानिस भेला हुने ठाउँ थियो, टुँडिखेल । र, अहिलेसम्म यो परम्परा कायमै छ । चाहे विरोधसभा होस् या सांस्कृतिक कार्यक्रम या कन्सर्ट। सबै टुँडिखेल नै आउँछन्। घाम ताप्न, बदाम खान, फुर्सदमा बात मार्न, फुटबल खेल्न मात्र होइन, सेनाले परेड खेल्ने ठाउँ पनि हो, टुँडिखेल। सम्पदाविद् सुदर्शनराज तिवारीका अनुसार लिच्छविकालदेखि अहिलेसम्म टुँडिखेल राजनीतिक र सांस्कृतिक चहलपहल गर्ने ठाउँको रूपमा चर्चित छ ।

वातावरणविद्का अनुसार जहाँ सबैभन्दा बढी प्रदूषण हुन्छ, त्यहाँ प्रदूषणको मात्रा घटाउन खुला ठाउँ महत्त्वपूर्ण हुन्छ। रत्नपार्क काठमाडौँको सबैभन्दा प्रदूषित स्थानमा पर्ने एक तथ्यांकमा देखिएको छ। अहिले केही ठाउँ खुला हुँदा प्रदूषण यसरी बढेको छ भने खुला

सञ्जय अधिकारीको फेसबुकबाट

^ खुलामञ्च अतिक्रमणको विरोध गर्दै अभियन्ता

ठाउँ नै नहुँदा अवस्था के होला ? यसको पनि उत्तर बनेको छ, अकुपाई टुँडिखेल ।

टुँडिखेलमा एउटा बूढो रूख बीचमा उभिएको छ । त्यो रूख गुरुमापाको हो । गुरुमापा खासमा राक्षस हो। होलीको दिनमा त्यहाँ पूजाआजा गरिन्छ। नेवाः संस्कृतिअनुसार पाँहाचरेको बेला गुरुमापालाई राती भोज लगेर खुवाइन्छ । ०१८ मा राजा महेन्द्रलाई कालो झन्डा देखाएपछि सार्वजनिक प्रतिरोध-स्थलको रूपमा उक्त रूख चिनिन थाल्यो। पञ्चायतमा त्यो रूख काटियो। दासप्रथा, सतीप्रथा उन्मूलन गर्ने होस् वा नब्बे सालको भूकम्पमा राहत बाँड्न, सोही रूखबाट घोषणा गरिएको इतिहासविद् बताउँछन् ।

राष्ट्रपति विद्यादेवी भण्डारीका पति मदन भण्डारीले त्यही खुलामञ्चबाट कैयौँ पटक भाषण गरे, तत्कालीन सरकारविरुद्ध आक्रोश पोखे। अहिलेका प्रधानमन्त्री, मन्त्रीहरू, नेताहरू र स्थानीय सरकार टुँडिखेल बचाउन सक्रिय हुनुपर्ने कि नपर्ने ? अभियन्ताहरूको प्रश्न छ । जनप्रतिनिधिलाई दायित्वबोध गराउन रूख रोप्ने, सम्पदाका साथीहरू, खेलाडीहरू, साहित्यकार र कलाकारसमेत खुलामञ्चमा पेन्टिङ गर्न पुगेका थिए ।

विगतको नजिर

१८ कात्तिक ०२३ सालमा ब्रिगेडियर जनरल चन्द्रबहादुर थापाले जुद्धसडकमा रहेको भूगोलपार्कलाई नगर पञ्चायतले मिच्न खोज्दा मुद्दा हालेर सो पार्क बचाएका थिए । यस्तै, लोकविक्रम थापाले ०५३ मा साविक कलंकी गाउँ विकास समितिअन्तर्गत कित्ता नं २६४ मा २० रोपनी ४ आना २ पैसा रहेको सार्वजनिक गौचरन सरकारले मिचेकामा मुद्दा दायर गरेका थिए। *गोरखापत्र*, मालपोत कार्यालय र मन्दिर बनाउन सरकारले ३ भागमा सो जग्गा विभक्त गरी त्यहाँका रूख काटी वातावरणीय क्षति गरेको भन्दै परेको मुद्दामाथि १७ पुस ०५८ मा सुनुवाइ हुँदा त्यहाँ सम्पूर्ण काम-कारबाही बदर हुने निर्णय भयो। यसमा नेपाल सरकार ट्रस्टी मात्र हो, सर्वेसर्वा होइन भन्ने उल्लेख थियो।

सहरी योजनाकार पद्मसुन्दर जोशीका अनुसार अकुपाई टुँडिखेल अभियान ढिलो सुरु भएको छ । "यो पहिल्यै सुरु हुनुपर्थ्यो । औपचारिक पक्षबाट यसको अतिक्रमण हुनु दुःखदायी छ। यस्तो अभियानमा सबै नागरिक सहभागी नहुनु अर्को साझा दुखान्त हो," उनी भन्छन्, "मैले यति नगर्दैमा के बिग्रिन्छ र भन्ने सोचाइ गलत हो । टुँडिखेल सबैको हो र यसमा सबैको साथ आवश्यक छ ।"

जोशीका अनुसार अतिक्रमणले टुँडिखेल साँघुरिँदै गएको छ । लगनखेल, जाउलाखेल, सानो गौचरनजस्ता सार्वजनिक ठाउँ अतिक्रमित हुँदै आएका छन्। नेवार संस्कृतिमा ख्यः भनेको खेल हो। यस्ता ख्यःमा देवाली गरिन्छ। प्राकृतिक आधार क्षेत्रमा देवाली गरिन्छ । तसर्थ पानी, चउरमा देवाली गरिन्छ । नेवारी समुदायको देवाली गर्ने ठाउँमा ढुंगा हुन्छ, देउता हुँदैन । बरु ढुंगालाई नै मिलाएर राखिएको हुन्छ । जोशी भन्छन्, "यसको अर्थ देवाली गर्ने क्षेत्र प्राकृतिक रूपमा संरक्षण गर्नुपर्छ । मन्दिर मात्र होइन, अन्य केही निर्माण गर्नु हुँदैन ।" यी चराचुरुंगी र मानिसले घना बस्तीबाट आउँदा स्वस्थ श्वास फेर्ने प्राकृतिक ठाउँ हुन्।

जोशीका अनुसार काठमाडौँ उपत्यकाको हकमा यस्ता 'खेल' अग्ला ठाउँमा छन् । खासमा तिनको काम पानी सञ्चय हो । अग्लो ठाउँको पानी सोसिएर तल्लो ठाउँमा पुग्छ, चाहे भूमिगत होस्, चाहे माथिबाट । भन्छन्, "टुँडिखेल अन्य क्षेत्रभन्दा माथि छ, हल्का भिरालो छ। अनि, सँगै रानीपोखरी छ, जहाँ पानी सञ्चय गरिन्छ । वरिपरि रहेको सुन्धारा, भोटाहिटीलगायतका ढुंगेधारा हेर्दा टुँडिखेल रिचार्ज क्षेत्र रहेको आँखा चिम्लेर भन्न

अतिक्रमणको शृंखला

- **विसं १८०५** भीमसेन थापाद्वारा टुँडिखेलको १ सय २० रोपनी अधिग्रहण गरी बाघदरबार निर्माण
- **१९३५** धीरशमशेरले पल्टनको कवाज छाउनीमा भइरहेकामा टुँडिखेलमा गराए
- **१९५८** देवशमशेरको पालामा तोप पड्काउने चलन
- **२०००** शाही जंगी अड्डाअघिल्तिर जुद्धशमशेरले कालोपत्रे गरे
- **०१३** राजा महेन्द्रको राज्याभिषेकअघि रंगशाला निर्माण सुरू
- **०१६** सहिद स्मारक ढोका (सहिदगेट) बनाइयो
- **०२०** महेन्द्रको आदेशमा रंगशालाका लागि २ सय रोपनी जमिन महेन्द्रबाट पत्नी रत्नको सालिक राखेर फूलबारी र पोखरी निर्माण
- **०७३** भ्यु टावर र अन्डर ग्राउन्ड पार्किङ बनाउन बसपार्क र खुलामञ्च अतिक्रमण

सकिन्छ।" टुँडिखेलमा २/४ फिट खनेर हेर्दा बालुवा भेटिन्छ, जसको अर्थ यो पानी रिचार्जकै लागि परापूर्वकालदेखि बनेको हो। त्यसको मुनि लेसिलो माटोले पानी जम्मा भएर बस्छ।

छैन भूउपयोग योजना

सरकारसँग अहिलेसम्म भूउपयोग योजना छैन। पञ्चायतकालमै काठमाडौँमा घना बस्ती भयो भनेर भौतिक पूर्वाधार योजनाले रिपोर्टमा लेखेको विज्ञहरू बताउँछन्। जोशी भन्छन्, "भूउपयोग योजना हामीसँग छैन। कुनचाहिँ क्षेत्रमा मान्छे बस्ने, कुन क्षेत्रमा उद्योग सञ्चालन गर्ने, कुन र कति क्षेत्र खेतीका लागि राख्ने र कुन क्षेत्र खुला छाड्ने भन्ने कुनै योजना छैन।" यसका लागि भूउपयोग नक्सा हुनुपर्छ। विदेशमा घर कहाँ बनाउने, कत्रो बनाउने, झ्याल कत्रो बनाउने र रङ कस्तो लगाउने भनेर निश्चित मापदण्ड तोकिने उनको भनाइ छ।

जोशीका अनुसार पञ्चायतकालमा प्रकाशचन्द्र लोहनीले भूउपयोग योजना बनाएर डोल क्षेत्र बन्न लाग्दा विवाद भएपछि रोकियो। त्यसपछि कसैले त्यस्तो आँट गरेका छैनन्। अहिले भूउपयोग नक्सा भनेर बनाइन्छ तर नक्सा भनेको जे छ, त्यही बनाउने हो।

पुनर्निर्माण प्राधिकरणका सीईओ सुशील ज्ञवाली टुँडिखेल बनाउन गुरुयोजना बनेको सुनाउँछन्। यसका लागि बृहत् रानीपोखरी योजना बनाई अगाडि बढ्ने उनको भनाइ छ। गुरुयोजनामा रानीपोखरीअन्तर्गत रहेको त्रिचन्द्र क्याम्पसलाई रानीपोखरीभित्रै मिसाएर, शान्तिवाटिका, रत्नपार्क र खुलामञ्चसहितको खुला स्थानको पार्क बनाउने योजना छ। सोहीअनुरूप रानीपोखरी निर्माण र त्यसभित्र रहेको बालगोपालेश्वर मन्दिर पुनर्निर्माण भइरहेको छ। भन्छन्, "महानगरको सहरी योजना आयोगसँग मिली बृहत्तर रानीपोखरी बनाउने योजना छ, जहाँ भूमिगत पार्किङ व्यवस्थादेखि पार्क र पोखरी निर्माण हुनेछ।"

काठमाडौँलाई व्यवस्थित सहर बनाउने जिम्मेवारी बोकेको छ, काठमाडौँ उपत्यका विकास प्राधिकरणले। तर स्थानीय सरकारले निरन्तर भाँजो हालेकाले कुनै काम हुन नसकेको प्राधिकरणका विकास आयुक्त भाइकाजी तिवारीको दाबी छ। महानगरले भूकम्पलाई समेत ख्यालमा नराखी जथाभावी निर्माण गरेको र नियम बिगारेर भवन निर्माण विधि निकालेको उनको आरोप छ। भन्छन्, "आफू पदमा हुँदा सही र बाहिर निस्केपछि सोही काम गलत हो भन्ने परम्पराले गाँजेको छ।" तर महानगरलाई आरोप लगाउने काठमाडौँ उपत्यका प्राधिकरणसँग पनि भूउपयोग योजना छैन।

> सार्वजनिक सम्पत्ति भन्दैमा जसले, जे पनि गर्न पाउँदैन, महानगरसँग अनुमति लिनुपर्छ।
>
> **– ईश्वरमान डंगोल**
> प्रवक्ता, काठमाडौँ महानगर

प्रवक्ता ईश्वरमान डंगोल भने खुलामञ्च कसैले कब्जा नगरेको जिकिर गर्छन्। भन्छन्, "महानगर पदाधिकारीको सर्वसहमतिमै वीर अस्पताल र दरबार हाइस्कुलको भवन निर्माण सामग्री राखेको हो। काम पूरा भएपछि हटाइन्छ।" तर खुलामञ्चबाट ती सामान कहिले हट्ने भन्ने जवाफ उनीसँग छैन। भन्छन्, "कार्यपालिका बैठकले निर्णय गरेर हटाउने हो। उसको बैठक कहिले हुन्छ, मलाई थाहा छैन।"

दुई साता पहिले खुलामञ्चमा रङ लगाउँदा पनि प्रहरी हस्तक्षेप गर्न आएको थियो। "सार्वजनिक सम्पत्ति भन्दैमा जसले, जे पनि गर्न पाउँदैन," डंगोल भन्छन्, "महानगरसँग अनुमति लिनु पर्दैन?" यस्तै, ८० प्रतिशत घर नगर विकासको मापदण्ड मिचेर बनाइएको उनको कथन छ। डंगोल थप्छन्, "जनताको इच्छाबमोजिम घर बनाउन मापदण्ड फेरिएको हो। तर मापदण्ड मिचेर बनिसकेका घरलाई भत्काउने जिम्मा नगर विकासको हो, हाम्रो होइन।" समृद्ध सहरको परिचायक स्वच्छ हावापानी हो तर जथाभावी बनेका घर र खुला ठाउँको बढ्दो अतिक्रमणले नागरिक चिहानभट्टीमा जस्तो निसासिएर बाँच्ने कहिलेसम्म? ■

KANTIPUR PUBLICATIONS PVT. LTD.

KMG
KANTIPUR MEDIA GROUP

बदलिँदो नेपालको 'अन्तरकथा

nepal.ekantipur.com

नेपाल

राष्ट्रिय साप्ताहिक

समसामयिक विषयवस्तुको वृत्तान्त
नेपाल म्यागेजिनको आधिकारिक वेबसाइट

www.nepalmag.com.np

GET IT ON Google Play

Available on the App Store

कन्सेप्टमा रमाउँदै

सुनिता लोहनी
तस्बिर : सरोज बैजु

माओवादी विद्रोह उत्कर्षमा थियो, ०५९ तिर । सुष्मा कोइराला मेमोरियल हस्पिटल, साँखुमा ल्याबको इन्चार्ज थिए, रवीन्द्र श्रेष्ठ, ४२ । हरेक दिन राज्य र विद्रोही पक्ष गरी ५-६ जना मानिसको वीभत्स शव देख्थे । पीडित परिवार शव बुझ्न आउँथे । भोक, शोक र गरिबीमा रुमल्लिएका मृतकका परिवारलाई देख्दा उनलाई असह्य हुन्थ्यो ।

रवीन्द्रका आँखाले मृतक लडाकु र सेनाबीच केही फरक देख्दैनथ्यो । ल्याबमा काम गर्ने भएकाले बारम्बार माओवादी र सेनाको रगत जाँच्नुपर्थ्यो । ल्याबमा परीक्षणकै क्रममा एउटा आइडिया आयो, जसले साढे ५ वर्ष उनको मस्तिष्क जकड्यो । चित्र बनाउन मन पराउने रवीन्द्रले जब त्यो आइडिया क्यानभासमा उतारे, जिन्दगीका लागि टर्निङ प्वाइन्ट बनिदियो । भन्छन्, “प्रेसर रिलिज गरेजस्तै भयो । राती, बिहान, खाँदा, बस्दा, सुत्दा त्यही कुरा मात्र याद आइरहन्थ्यो । बनाइसकेपछि यति आनन्द आयो कि त्यो स्थिति अझै सम्झन्छु ।”

यतिका वर्ष दिमाग खाएको आइडिया उनले २ दिनमै क्यानभासमा उतारे अनि सबैभन्दा ठूलो कुरा आफूलाई चित्र बनाएर



मात्रै आनन्द आउने थाहा पाए । रवीन्द्रले सो चित्रमा माओवादी र सेनाको रगत मिसाएर दुइटा आँखा बनाएका थिए । चित्रमार्फत युद्ध रोकेर विद्रोही र राज्यबीच मेलमिलाप होस् भन्ने चाहन्थे ।

जिन्दगीको क्यानभासको यात्रामा कोसेढुंगा साबित भएको चित्रबारे बताउँदा रवीन्द्र अझै फुरुंग थिए । हुन त उनले चित्रकारिता बाल्यकालदेखि नै सुरू गरेका थिए । व्यापारको सिलसिलामा रवीन्द्रका बुबा सिन्धुपाल्चोकबाट काठमाडौं आए । उनी त्यसबेला डल्लु बस्थे । त्यतिखेर १० वटा म्यागी चाउचाउको खोल दिंदा साइनपेनको रङको प्याकेट पाइन्थ्यो । रवीन्द्र साइनपेनले चुरोटका बट्टामा फूल, पात, जे मन लाग्छ, त्यही कोर्थे । यसरी कोर्न पाउँदा उनलाई आनन्द आउँथ्यो, चित्रकारको मन न हो । कुरैकुरामा उनले सम्झिए, आफूले बनाएको चित्र, हिमालको मुनि नरिवलको रूख । उनले त्यस्तो तस्बिर फोटो स्टुडियोमा पहिलोपल्ट देखेका थिए । त्यसपछि घरमा आएर कापीमा त्यही चित्र उतार्न थाले ।

बुबा व्यापारी थिए । जेठा छोरा रवीन्द्रको चित्रमा रूचि देखेरै परिवारले चित्र पढ्न दियो । उनी ललितकला क्याम्पसमा प्रवीणता तहमा भर्ना भए । त्यसपछि अग्रज चित्रकार प्रेममान चित्रकारसँगै थान्का पेन्टिङ सिक्न थाले । ३ महिनाकै सिकाइमा उनले चित्रकारको हरिततारा पेन्टिङ कपी गरे । सो चित्र ठमेलमा उतिबेला १२ हजारमा बेचेको उनी अझै सम्झन्छन् । चित्र बेचेपछि पैसा त आयो तर महिनौं घरमा देखिएको पेन्टिङ नभएपछि रवीन्द्र विचलित भए । घर जानै मन लागेन । भन्छन्, "आफूले गरेको मिहिनेत घरमा नदेखिंदा नरमाइलो लाग्दो रहेछ ।"

रवीन्द्रले अस्पतालमा ल्याब टेक्निसियनको जागिर खाँदा परिवारमा भरथेग भएकै थियो । उनको कामबाट खुसी भई अस्पतालले उच्च शिक्षाका लागि छात्रवृत्ति र तलबी बिदा पनि दिने प्रस्ताव राखेको थियो । तर उनको कलात्मक मनले मानेन । जागिर छाडेर उनी काठमाडौं विश्वविद्यालयमा पेन्टिङमा स्नातकमा भर्ना भए । भन्छन्, "विश्वविद्यालयले मलाई तीन कुरा सिकायो । कलाकार स्वार्थी प्राणी हो । कुनै पनि कुरा थाहा पाउन गरेर हेर्नुपर्छ । कुनै चित्र बनायो भने के गर्‍यो र किन गरेको भनेर घोत्लिनुपर्छ ।" यी तीन कुराले जहिल्यै पनि आफ्नो धरातल सम्झाइरहने उनले बताए ।

अन्य कलाकारभन्दा रवीन्द्रका सिर्जना फरक छन् । उनी अरूले जस्तो पेन्टिङ बनाउने, मूर्ति बनाउने, प्रिन्ट मेकिङजस्तो निश्चित क्षेत्र छैन । कुनै बेला क्यानभासमा धेरै समय बिताएका उनी मूर्ति बनाउने, भिडियो बनाउनेजस्ता न्यु मिडियामा पनि उत्तिकै अगाडि छन् । एक किसिमले उनी कन्सेप्टमा रमाउने कलाकार हुन्, जो कुनै पनि मिडियामा आफ्नो सिर्जना उत्कृष्ट ढंगले प्रस्तुत गर्छन् । नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानको राष्ट्रिय प्रतियोगितामा न्यु

> **कन्सेप्टमा रमाउने कलाकार हुन्, जो कुनै पनि मिडियामा आफ्नो सिर्जना उत्कृष्ट ढंगले प्रस्तुत गर्छन् ।**

मिडियातर्फ उनले बाल्यकालका दिन तथा छाताको सम्बन्ध र त्यसमा देशको आर्थिक र राजनीतिक प्रभावलाई उतारेको भिडियो पुरस्कृत भएको थियो ।

यस्तै, कलेज प्रोजेक्टअन्तर्गत रवीन्द्रले लाइनआर्ट (रेखाकला) कन्सेप्टमा काम गरेका थिए । २० जना नयाँ-पुराना कलाकारलाई समेत नेतृत्व गरेर उनले संसारमा सबै कुराको सम्बन्ध देखाउन खोजेका थिए । उनका अनुसार अनुहारमा पनि लाइन (धर्सा) हुन्छन् । लाइनभित्र लाइन जोडिंदा आखिरमा उक्त लाइन हट्ने उनी सुनाउँछन् । लाइन द सोल अफ द युनिभर्स शीर्षकको उक्त चित्र बनाउनुअघि लाइन कन्सेप्टले उसैगरी पिरोलेको रवीन्द्रले सम्झिए । भन्छन्, "जता हेर्‍यो, धर्का मात्र देख्थें । एक दिन त खाजा खान होटलमा बस्दा साथीले भन्यो, रवीन्द्र हेर तिम्रो लाइन । साथीले भित्तामा दरार परेको दृश्य देखायो ।"

जे भयो, राम्रो भयो भनेजस्तै लाइन कन्सेप्टकै कामले उनलाई अमेरिकाको हार्वर्ड युनिभर्सिटी पुर्‍यायो । बूढीऔंलाको छाप ठूलो क्यानभासमा उतारेका रवीन्द्रले अमेरिकाकै सय मानिसको औंठाछाप लिएर प्रदर्शन गरेका थिए । मानिस एकअर्कासँग सम्बन्धित छन् भनेर उनी देखाउन चाहन्थे । र, उनको यही कन्सेप्ट हार्वर्डलाई चित्त बुझेको थियो । भर्खरै उनले चीन र नेपालको ६५ औं दौत्य सम्बन्ध तथा नयाँ चीनको ७० औं वर्षगाँठ अवसर पारेर नेपाल-चीन स्मारक कभर-पत्र तयार पारेका थिए । यसका लागि उनी करिब १ महिना चीनमै बसी उताका कलाकार चिन तन चिनसँग मिलेर काम गरेका थिए । उनीहरूले बनाएको चित्र जिन्ताई आर्ट म्युजियममा प्रदर्शनीमा राखिएको थियो । यस्तै, त्यहाँ बनाएको एउटा चित्र चीनस्थित नेपाली दूतावासमा छ भने नेपालस्थित चीनको दूतावासमा पनि सम्झनास्वरूप राखिएको छ । सेरामिक्स चित्र बनाउँदाको पल सम्झँदै रवीन्द्र भन्छन्, "भूगोलको आधारमा नेपाल चीनभन्दा सानो छ । चीनले एउटा राज्यको नक्सा मात्र राख्छु भन्दा नेपालभन्दा ठूलो देखिने । त्यसैले चित्र बनाउँदा चीनभन्दा कुनै हिसाबले सानो नहोस् भन्न उपाय लगाउनु परेको थियो ।" नभन्दै सेरामिक्स पेन्टिङमा चीनले हिमाल बनाएको छ भने चार राष्ट्रिय पुरस्कार विजेता रवीन्द्रले नेपालका संस्कृति झल्कने चित्रलाई लाइन आकार दिएका छन् । ने

तीन किताब

रवि थापा | लेखक



आदिवासी अस्तित्व

आध्यात्मिक या पर्यटकीय वर्णन मात्रै ठानेर बेवास्ता गरेको पिटर म्याथिसनलिखित **द स्नो लियोपर्डको** शैली त मनमोहक पो रहेछ । लोपोन्मुख जनावर, प्रकृति र जातिबारे अध्ययन गर्ने म्याथिसन वैज्ञानिक अध्ययन भएका प्रकृतिवादी हुन् । उनी डोल्पो घुम्न आउँदा क्यान्सरपीडित श्रीमतीको निधनको पीडा थियो भने सन्तानहरू अमेरिकामा उनैलाई पर्खिरहेका थिए । हिउँचितुवा भनेर चिनिने रहस्यमयी हिमाली बिरालोको खोजीमा निस्कँदा जीववैज्ञानिक जर्ज स्यालर पनि साथै थिए । शेर्पा र भरियाहरूसँग हिमाली शृंखला र तिब्बती पठार हुँदै यात्रा गर्दा उनले हिउँचितुवा, नाउर र दुर्लभ नीलभेडाबारे पनि तथ्यांक बटुलेका छन् । धेरै जनावर पहाडमा रहने भएकाले उनीहरूको सम्भोग अनुष्ठान र सामाजिक व्यवहारबारे हामी अनविज्ञ छौँ । किताबका रोचक दृश्यले जनावरका परस्पर व्यवहार मात्रै होइन, अप्रत्यासित मौसमबारे पनि जानकारी दिन्छ ।

जेन दर्शनबाट प्रभावित म्याथिसनको यो किताबले प्रकृतिको सौन्दर्यलाई मात्रै चित्रण गर्दैन, आफैँलाई चिन्ने मौका दिनुका साथै डोल्पोको ठकुरी गाउँबारे मोहक व्याख्या र भरियाबीच हुने जातीय विभेदलाई देखाएको छ । सहरिया चक्कर र वैयक्तिक समस्यामा अल्झिएर जीवनको वास्तविक खुसी लिनुभन्दा आगतको योजना र विगतको पश्चात्तापमा रूमल्लिरहेका हुन्छौँ । तर पन्छीका गान, खोलाका कलकलजस्ता उपभोक्तावादले नछोएका प्राकृतिक मिठासलाई नजिकबाट छाम्न सकिरहेका छैनौँ । म्याथिसनले यही प्राकृतिक लयलाई पानापानामा उतारेका छन् ।

क्यानेडियाली र अमेरिकी आदिवासी-जनजातिप्रति विशेष रूचि राख्ने ह्युग ब्रडीको **द अदर साइड अफ इडन**मा सिकारमुखी आदिवासी र कृषि सभ्यताबीचको तनावलाई देखाइएको छ । आदिवासीसँग बसेको, घुमेको र काम गरेको अनुभवका आधारमा लेखिएकाले यो किताबमा घुमन्ते जाति र सहरिया समुदायको तुलनात्मक अध्ययन गरिएकाले उपयोगी हुन सक्छ । खेती गर्ने समाजले धकेल्दै अझै कुनाकाप्चामा पुऱ्याएकाले अहिले अस्ट्रेलियाको केही भाग र साइबेरियाको माथिल्लो भूखण्डमा फिरन्ते जातिहरू खुम्चिएका छन् । सहरिया आँखाले सिकारी जातिलाई 'असभ्य' देखे पनि वास्तविकता उल्टो रहेको ब्रडीको दाबी छ । अन्धाधुन्ध नडुल्ने र अनुशासित भएकाले घुमन्ते जातिहरूले निश्चित भौगोलिक क्षेत्रको मौसम, बोटबिरूवा, हावापानी सबै विचारेर मात्रै आफ्नो यात्रा अगाडि बढाउँछन् । समुदायमा विश्वास गर्ने सिकारी जातिहरूबीच पनि एकले अर्कोलाई दक्खल दिँदैनन्, उनीहरूको आफ्नै हक अधिकारसहितको नियम हुन्छ । यदि यस्तो विधि नहुँदो त ती क्षेत्रका प्राकृतिक सम्पदा उहिल्यै नष्ट भइसक्थे । बरू 'सभ्य' भनिएकाहरूले आवादीको संज्ञा दिएर जमिन र जंगल अतिक्रमण गरेका छन् । प्राकृतिक स्रोत-साधन विनाश गर्दै आदिवासी बस्तीहरूमा उपनिवेश कायम र खेतीपाती गर्नेहरू नै घुमन्ते जाति हुन् भन्ने विश्लेषण ब्रडीको छ ।

नेपालका राउटेहरूलाई सरकारी या गैरसरकारी क्षेत्रबाट आवास योजना ल्याउनु उनीहरूको जीवनदर्शनलाई नबुझेर 'असभ्य' देख्नु हो । राउटे मात्रै होइन, आदिवासी-जनजातिको जीवनदृष्टि, चालचलन, रीतिरिवाजभित्रका मौलिक पद्धतिलाई 'मूलधार' को चेतनाले नबुझेकाले दोयम ठानेको देखिन्छ । आदिवासीहरूको स्रोत दोहन गर्दै अंग्रेजी भाषा जबर्जस्ती सिकाउनु पनि चिन्तनमा रहेको समस्या हो । जातीय विविधता भएको मुलुकमा एउटै आर्थिक विकासको डालोमा हालेर परियोजना बनाउनु न्यायोचित होइन भन्ने अवधारणा छ, यो किताबको ।

पउल किंग्सनर्थले बेलायतमा आफ्नै दार्शनिक अभियान चलाए- डार्क माउन्टेन । मूलधारले भनिरहेको भन्दा फरक प्रकृति-कथा अनावृत्त गर्न अघि सारिएको यो परियोजनाअन्तर्गत लेखिएको **द वेक** लगभग एक हजार वर्षअघिको समयमा आधारित ऐतिहासिक आख्यान हो । अंग्रेजहरू बेलायत आएका बेला त्यहाँको टापुमा बसोबास गर्ने एंग्लो-सेक्सन जातिको सभ्यता अर्कै थियो । आक्रमणपछि तीन-चार सय वर्षसम्म फ्रान्सेलीहरूले नै राज्य गरे । दरबारिया भारदारसमेतले बोल्ने भएपछि आम जनताको पहुँचभन्दा पर पुग्यो, फ्रान्सेली भाषा । यिनै बाहिरी आक्रमण र शासनको सुरूआती कालखण्डको दृश्य समेटिएको *द वेक*को महत्वपूर्ण पाटो हो- भाषा । पुरानो र नयाँ अंग्रेजीको वर्णशंकर लयमा मन्त्रको आभास भए पनि अत्यन्तै मिहिनेत गरेर पढ्नुपर्छ ।

लन्डनबाट टाढा गाउँमा बस्ने एक हुनेखाने किसानले भोगे-बुझेको कथा नै किताबको केन्द्रमा छ । फ्रान्सेली आक्रमणमा श्रीमती र छोरी मारिनुका साथै गाउँ जलेपछि आफ्नो जमिन बचाउन उनले केही साथीको सहयोगमा गरेको छापामार विद्रोहलाई किताबमा देखाइएको छ । लन्डनबाट पठाइएको घोडचढी सैन्यबललाई बदला भावले आक्रमण गरे पनि उनीहरूले केवल पराजय बेहोर्छन् । क्रिस्तानी धर्मका शाखाहरू र विश्वास पद्धतिका विविधता झल्काइएको यस आख्यानमा प्रमुख पात्रले आफूलाई विद्रोही नायक ठाने पनि सफल हुँदैनन् । कतिपय प्रसंगमा उनको मानसिक अवस्था सहज पनि छैन । यो किताबले मूलधारे मानसिकतालाई उल्ट्याएर हेर्नुपर्ने अवधारणा दिन्छ ।

■ **प्रस्तुति : गुरुङ सुशान्त**

एलेक्सा, हनुमान चालिसा सुना

राजव

कुनै घरमा
एलेक्सा नामकी सानो गोल चक्कर पसी र
पटापट धेरैलाई विस्थापित गरी

अब अखबार किन्नु परेन, टिभी रेडियो कुर्नु परेन
लिभिङ रुमको कुनामा राखेको एलेक्सालाई अह्रायो
एलेक्सा आजको ताजा समाचार भन
एलेक्सा पटापट ताजा खबर सुनाउन थाल्छे
अब आजको मौसमको हाल सुना एलेक्सा भन्यो
एलेक्सा सम्भावित वर्षा, घाम, बादल, बतास र हिउँको हाल सुनाउन थाल्छे

एकछिनमा बाथरोबको तुना कस्दै
हजुरआमा प्रकट हुन्छिन्, एलेक्सा भजन सुना
हजुरआमा स्मार्ट चुलोमा स्मार्ट किट्ली बसाल्छिन्
दूध चिनी, पानी चियाको मात्रा मिलाएर हाल्छिन् र टाइमसेट गरेर भजन सुन्न थाल्छिन्
ठीक समयमा हजुरआमाको स्मार्ट किट्ली चिया पाकेको संकेत ध्वनि दिन थाल्छ
हजुरआमा चुलोतिर कुद्छिन्
चिया कप-कपमा राखेर आफ्नो भागको एक गुलाफी कपको कान च्यापेर सोफामा बस्छिन् र,
चियाको सुर्की लिँदै फेरि एलेक्साको अल्गोरिदमबाट निस्किरहेका भजनहरू सुन्न थाल्छिन्

यस्तैमा बाथरुमबाट हजुरबा निस्कन्छन्
आफ्नो चियाको कप उचाल्दै भन्छन्, एलेक्सा हनुमान चालिसा सुना
एलेक्सा तुरुन्त हनुमान चालिसा सुनाउन थाल्छे
केही बेरमा नाति केटो आउँछ र भन्छ, एलेक्सा प्ले सन मेन्डेज
एलेक्सा तुरुन्तै सन मेन्डेजको गाना 'इफ आई कान्ट ह्याब यु' सुनाउन थाल्छे



घरमा डेढ वर्षे बालक पनि छ
उसलाई भात खुवाउन बेबी सार्क सुनाउन पर्छ
आमा एलेक्सालाई भन्छिन्, एलेक्सा प्ले बेबी सार्क
एलेक्सा तुरुन्तै सुनाउन थाल्छे बेबी सार्क डु डु, बेबी सार्क डु डु

घरको एक पढाकु आउँछ र अह्राउँछ
एलेक्सा सलमान रुस्दीको क्विचेट कस्तो छ, सुना
एलेक्सा रिभ्यु सुनाउन थाल्छे

एलेक्सा भित्रिएपछि र्‍याकका किताबहरू अछुत भएका छन्
हातको स्पर्श नपाएर ती सब उदास रहन्छन्
अब तिनलाई हेर्ने आँखाहरू एलेक्सातिर फर्कन्छन्
एलेक्सा कविता, कथा, उपन्यास, इतिहास, पुराणदेखि
हरारीको ट्वान्टी वान लेसन फर ट्वान्टी फस्ट सेन्चुरीसम्म सुनाउन थाल्छे

को के सुन्छन्, को के पढ्छन्, सबको चाह पूरा गर्दै
एलेक्सा एक-एकको रुचि, इच्छाको डाटा आफ्ना कर्पोरेट मालिकहरूकहाँ पुर्‍याउँछे
घर-घर पसेका यस्तै-यस्तै एआई भेदियाहरूको कर्पोरेट दासत्वमा
निकम्मा हुँदै छन् बुद्धिहरू । ने

रौनक हराएको लिग

आकर्षक अफर राख्दा पनि दर्शकको बेवास्ता

पवन आचार्य

- २३ पुसमा दशरथ रंगशालामा च्यासल युथ र नेपाल पुलिस क्लबबीचको खेल थियो । च्यासलका सन्तोष साहुखल ए डिभिजन लिगमा १ सय गोलको कोसेढुंगा पूरा गर्नबाट मात्रै एक गोलले टाढा थिए । कुनै पनि खेलाडीले ए डिभिजन लिगमा १ सय गोल पूरा नगरेकाले सो खेलमा दर्शकको बाक्लै उपस्थिति हुने अनुमान अस्वाभाविक थिएन । सन्तोषले सो खेलमा दुई गोल गरे र व्यक्तिगत गोल संख्या १ सय १ पुऱ्याए पनि । तर चिसिँदो मौसममा घटेको तापमान र दर्शक संख्या उस्तै भयो । सन्तोषले लिगमा १ सय गोलको कीर्तिमान कायम गरेको क्षणको साक्षी जम्माजम्मी ९ सय ९० दर्शक मात्रै भए ।
- २१ पुसमा रंगशालामै लिगको महत्त्वपूर्ण मानिएको खेल थियो, मनाङ मर्स्याङ्दी र मच्छिन्द्र क्लबबीच । जितले दुवै क्लवलाई अंकतालिकामा तीन अंकको अग्रता मात्रै होइन, लिगको सम्भावित विजेताको रूपमा समेत उभ्याउँथ्यो । सीक्स प्वाइन्टर म्याचको रूपमा हेरिएको सो खेलमा अहिलेसम्मकै सर्वाधिक दर्शकको उपस्थिति रह्यो । ३ हजार दर्शक ए डिभिजन लिग हेर्न रंगशाला पुगे । जारी सिजनको लिगमा यो नै सबैभन्दा बढी दर्शकको उपस्थिति हुन पुग्यो । त्यसअघि ४-५ हजार दर्शक त मनाङका समर्थक नै हुन्थे, पहिलेका लिगमा ।

यी दुई उदाहरणलाई बल पुग्ने अभिव्यक्ति फुटबलका लिजेन्ड राजुकाजी शाक्यले दिए, 'राष्ट्रिय टोलीको मेरुदण्ड भनेकै लिग हो । तर हामीकहाँ लिग व्यवस्थित र स्तरीय नहुँदा खेलाडी उत्पादनसँगै दर्शकको उपस्थिति पनि घट्न थालेको छ ।' हाल न्युरोड टिम एनआरटीका प्रशिक्षक शाक्य दर्शक बढाउने काम अखिल नेपाल फुटबल संघ (एन्फा) को नभएको बताउँछन् । भन्छन्, "लिगमा दर्शकको कम उपस्थिति भयो भनेर एन्फाले चिन्ता जनाउनु स्वाभाविक हो । तर दर्शक बढाउने काम क्लबको हो । क्लबले आफ्ना समर्थकलाई खेलमैदानसम्म डोऱ्याउन सकेका छैनन् ।"

ए डिभिजन लिगमा दर्शकको नगन्य उपस्थितिबाट निराश एन्फाले संख्या बढाउन पुरस्कारको समेत घोषणा गऱ्यो । टिकट काटेर फुटबल हेर्न आउने दर्शकका लागि राष्ट्रिय टोलीको जर्सी, विश्वकप छनोटको टिकट, राष्ट्रिय टोलीसँग विदेश भ्रमणलगायत आकर्षक प्रस्ताव पनि सार्वजनिक गऱ्यो । तर त्यसले दर्शकको उपस्थिति बढाउन सकेको छैन ।

२१ पुसमा मनाङ र मच्छिन्द्रबीचको निर्धारित समयको खेल सकिएपछि मनाङका जगजित श्रेष्ठले मच्छिन्द्रका दीपक राईसँग घम्साघम्सी गरे । खेलस्थल केही बेर रणभूमिजस्तै बन्यो । त्यसपछि दर्शकदीर्घामा रहेका एक जनाले भने, "यस्तै खाले घम्साघम्सी भइराख्यो भने बरु दर्शकचाहिँ बढ्छन् कि ? फुटबलको टिकटमा बक्सिङ पनि हेर्न पाइने ।" हुन पनि अहिले लिगको पाँचौं चरण सकिँदासम्म दर्शकको न्यून उपस्थितिले ए डिभिजन लिगको हुर्मत लिएको छ ।

किन आएनन् दर्शक ?

ए डिभिजन लिगमा दर्शकको बेवास्ता पछिल्लो २ सिजनको मात्रै हो । यसअघि नाम चलेका क्लबको खेल हुँदा टिकट लिने लाइन लामो हुँदा प्रहरीले लाठीचार्जसमेत गर्नुपर्ने अवस्था हुन्थ्यो । तर बीचमा ४ वर्ष लिग नहुँदा समग्र लिगकै आकर्षण घट्न पुग्यो । गत वर्ष लिग त ब्युँतियो तर रेलिगेसनबिनाको लिग हुँदा दर्शकको ध्यान तान्न सकेन । त्यसमाथि एन्फा कम्प्लेक्स सातदोबाटोको 'टर्फ' मा सबै खेल खेलाइँदा दर्शकले रुचि देखाएनन् । अहिले लिग रंगशालामा फर्किएको त छ तर दर्शक भने फर्किन मानिरहेका छैनन् ।

केशव थापा

नेपालमा सबैभन्दा बढी प्रशंसक वा फ्यान भएको क्लबको गणना हुँदा मनाङ र थ्रीस्टारको नाम अगाडि आउँछ । उनीहरूकै खेलमा पनि अहिले दर्शक आउन छाडेका छन् । थ्रीस्टारका महासचिव सञ्जीव शिल्पकार लिगको निरन्तरता ब्रेक हुनु र समयमै लिग नहुनुलाई दर्शक घट्नुको मुख्य कारक मान्छन् । एन्फा लिगको संरचनाबारे स्पष्ट नभएकाले धेरै कुरा बिग्रिएको उनको ठम्याइ छ । भन्छन्, “लिगको तालिका कहिल्यै पूर्वनिर्धारित हुँदैन । पाँचौं चरणसम्म आइपुग्दा धेरै पटक खेलतालिका नै परिवर्तन गरिएको छ । कहिले राउन्ड रोबिन लिग हुन्छ, कहिले अर्कै फर्म्याटमा खेलाइन्छ । एकरूपता भए पो दर्शकलाई पनि हेर्न मजा आउँछ ।”

गत वर्ष रेलिगेसनबिनाको लिग आयोजना गरेको भनेर आरोप खेपेको एन्फाले यस पटक एउटा क्लबलाई रेलिगेसनमा पार्ने नयाँ नियम लगाएको छ । रेलिगेसनमा पर्न नपर्ने भएपछि क्लबहरूले जितमा ध्यान नदिएको र त्यसको असर दर्शकको उपस्थितिमा पर्न गएको फुटबल पण्डितहरू बताउँछन् ।

लिगमा दर्शक तान्न स्टार खेलाडीको पनि आवश्यकता पर्छ । तर हामीकहाँ स्टार खेलाडी त परको कुरा, स्टार स्ट्राइकर पनि छैनन् । नेपाली फुटबलका सेनसेसन रोहित चन्द विदेशी लिगमा व्यस्त छन् । गोलकिपर किरण चेम्जोङ पनि विदेशी लिग खेलिरहेका छन् । नाम चलेका खेलाडीमध्ये विमल घर्ती मगर एन्फाको कारबाहीमा छन् ।

लिग पछ्याउन कुनै पनि खेलमा स्टार खेलाडी वा रोल मोडल हुन जरुरी छ । विदेशमा मात्रै होइन, हामीकहाँ पनि खेलाडी मन परेका कारण क्लबको फ्यान बन्ने दर्शक धेरै छन् । तर अहिले दर्शकलाई तान्ने खेलाडी नै छैनन् भन्दा पनि हुन्छ । ए डिभिजन लिगको मात्रै होइन, समग्र नेपाली फुटबलमै अहिले रोलमोडल खेलाडी अभाव छ ।

नेपाली फुटबलमा बेला-कुबेला चल्ने म्याच फिक्सिङको हल्लाले पनि दर्शकलाई रंगशालासम्म पुग्न हतोत्साही तुल्याउँछ । पहिले नै मिलेमतो गरेर खेलिने खेलका लागि दर्शकको रुचि नहुनु स्वाभाविकै हो । अझ पछिल्लो समय राष्ट्रिय टोलीका कप्तानसहित नाम चलेका खेलाडीको म्याच फिक्सिङ प्रकरणले पनि फुटबललाई हेर्ने दर्शकको नजर केही हदसम्म परिवर्तन भएको छ ।

ए डिभिजन लिग भनेको कुनै पनि देशको खेलाडी उत्पादन गर्ने मुख्य थलो हो । तर नेपालको हकमा यो स्तरीय खेलाडी उत्पादन गर्ने थलो कम, बसिबियाँलो गर्ने थलोजस्तै भएको छ । च्यासल युथ क्लबका स्ट्राइकर सन्तोष साहुखल पनि नेपालको लिगको स्तर खस्किएको स्वीकार्छन् । जापानमा पनि फुटबलमा सक्रिय साहुखलले गत वर्षदेखि लिगमा पुनरागमन जनाएका हुन् । तर उनी दिनप्रतिदिन नेपाली फुटबलको स्तर खस्किएको देख्छन् । भन्छन्, “मैले खेल्न छाड्दाको अवस्थाभन्दा अहिले केही फरक छैन । स्तर कम भएपछि नयाँ खेलाडी पनि उत्पादन हुन्न ।”

एन्फाको भूमिका के ?

लिग कस्तो बनाउने भन्नेमा अखिल नेपाल फुटबल संघ (एन्फा) को प्रस्ट योजना छैन । परम्परा धान्नेबाहेक लिगमा दर्शकको आकर्षण बढाउनकै लागि एन्फासँग कार्यक्रम छैन । भारतकै उदाहरण लिने हो भने फुटबलबाहेक कबड्डी, ब्याडमिन्टनलगायत खेलको पनि मार्केटिङ गरेर त्यसलाई ठूलो ब्रान्ड बनाइसकिएको छ । तर नेपालमा खेलकुदको पनि मार्केटिङ गर्नुपर्छ भन्ने सोच विकसित हुन सकेको छैन । एन्फाका लिग डाइरेक्टर सञ्जीव मिश्र दर्शकको उपस्थिति बढाउन अनुसन्धान नै आवश्यक भएको बताउँछन् । टेलिभिजनमा फुटबल हेर्ने दर्शकलाई रंगशालामा तान्न अहिलेकै प्रयास पर्याप्त नहुने उनी सुनाउँछन् ।

घरेलु फुटबलमा सानो विवादले लिग रोकिने मात्र होइन, आयोजनामा पनि एकरूपता छैन । एउटा सिजनको लिग सकिएपछि अर्को कहिले सुरु हुन्छ भन्ने अन्योल सधैं कायम छ । लिग भए पनि फर्म्याट सधैं परिवर्तन हुन्छ । कहिले राष्ट्रिय लिग, कहिले सुपर एट, कहिले सुपर सिक्स त कहिले बिनारेलिगेसनको लिग । लिग पद्धतिमै देखिएको अस्थिरताले लिगमाथि दर्शकको विश्वास र आकर्षण क्रमशः घट्दै गएको छ । एन्फाले बेलैमा यतातिर ध्यान पुऱ्याउन जरुरी भइसकेको छ ।

समयमै लिग तालिका सार्वजनिक गर्ने, क्लबहरूलाई व्यावसायिक बन्न सघाउने, लिगको विकेन्द्रीकरण, टिकट मूल्यमा समायोजन मात्रै गरे पनि दर्शकलाई तान्न सघाउ पुग्न सक्छ । अन्यथा लिग केवल सञ्चालनका लागि मात्रै सञ्चालन हुनेमा कुनै शंका छैन । ने

८ प्रश्न | सन्तोष साहुखल

‘एन्फा सुध्रिए सबथोक सुध्रिन्छ’

नेपाली फुटबलको भविष्य परिवर्तनबारे कुरा गर्ने भए मात्र च्यासल युथ क्लबका फरवार्ड सन्तोष साहुखलसँग भेट हुने अड्डी कसिन्, उनकी एजेन्ट आया मियोसीले । नेपाली लिग खेलमा सय गोलको कीर्तिमानधारी खेलाडी हुन्, साहुखल ।

नेपाली फुटबलको भविष्य परिवर्तन हुनुपर्ने के आवश्यकता देख्नुभयो त्यस्तो ?

हाम्रो खेल संघका मानिसको सोचमा समस्या छ । उनीहरू आफू हिरो बन्न खोज्छन् तर खेलाडीको वृत्ति विकासमा ध्यान दिँदैनन् । यो शैलीले नेपाली फुटबलको स्तर उक्सिँदैन ।

परिवर्तन सम्भव देख्नुहुन्छ ?

रातारात हुँदैन । हामीले भक्तपुर बोडेमा सीप, ज्ञान भएका केटाकेटीका फुटबल हेरिरहेका छौँ । सम्भावना भएकाहरूको क्षमता उकास्न सहयोग गर्छौं । यसरी देशभरका केटाकेटीसम्म पुग्ने लक्ष्य छ । बालबालिकाको फुटबल मात्र होइन, अन्य क्षमतामा सघाउँछौं । असल सोचले असल इच्छाशक्ति जन्माउँछ । त्यसैले १५ वर्षभित्र नेपालको फुटबल परिवर्तन हुनेमा विश्वस्त छु ।

१५ वर्षपछिको फुटबलको चित्र कस्तो कोर्नुभएको छ ?

पैसाको पछि होइन, राम्रो सोच भएका खेलाडी र संस्था हुनेछन् । यहाँका खेल संघ-संस्थाले राष्ट्रिय टिममा नपरे पनि विदेशी क्लबमा खेलेरै गुजारा गर्छु भन्ने खेलाडी हुनेछन् ।

आफ्नो सय गोलको कीर्तिमानलाई सामान्य भन्नुभयो, किन ?

सिंगो टिमका कारण त्यो सम्भव भएकाले म यसलाई व्यक्तिगत कीर्तिमान मान्दिनँ । टिमको सफलता मान्छु ।

जापान बसेर लिग खेल्न आउनुहुन्छ, नेपाली फुटबलप्रति यस्तो लगाव किन ?

खेलाडीले ३०/३२ वर्ष पुगेपछि संन्यास लिने चलन छ । म जबसम्म खेल्न सक्छु भन्ने भाव आउँछ, तबसम्म फुटबलमा उमेर बाधक हुँदैन भन्ने देखाउन चाहन्छु । आफूलाई स्वतन्त्र बनाउन र मन लागेसम्म खेल्नुपर्छ ।

जापानको फुटबलबाट के सिक्नुभयो ?

जापानमा खेलाडी स्वतन्त्र छन् । हाम्रा खेलाडी अभ्यास गर्छन्, खेल्छन् । मन लागेको खाना पाउँदैनन् किनभने आम्दानी राम्रो छैन । शारीरिक र मानसिक सबलता दिने खाना पुग्दो नहुँदा पनि खेलसम्बन्धी संघबारे खेलाडी बोल्दैनन् । हाम्रा खेलाडी परनिर्भर छन् ।

तपाईं पो जापानमा भविष्य सुरक्षित राख्नुभएको छ र बोल्नुहुन्छ । अरू खेलाडीको अवस्था त्यस्तो छ त ?

खेलाडी एक भए एन्फाले केही गर्न सक्दैन । राष्ट्रिय टिममा नपरिएला कि भन्ने लोभ र डरले खेलाडी अपर्याप्त सुविधा हुँदाहुँदै पनि चुप लाग्न बाध्य छन् । एन्फा सुध्रियो भने सबथोक सुध्रिन्छ ।

साग फुटबल हेर्न दर्शक ओइरिएका थिए । लिगमा त रंगशालाका प्याराफिट खाली देखियो नि ?

लिगको स्तर घटेको छ । केटाकेटीको खेलजस्तो छ । यसको खेल छुटाउँदिनँ भन्ने खेलाडी छैनन् । लिग नभएको लामै समय भयो । महत्त्वपूर्ण कुरा, नेपाली खेलाडीको गतिशीलता छ तर राम्रो अभिभावक नपाएर जति खेल स्तरमा निखार आउनुपर्ने हो, छैन ।

▪ **मनबहादुर बस्नेत**

एसिडपीडितको अन्तरवेदना

फिल्म : **छपाक**

★★★½☆

सन् २००५ मा नयाँ दिल्लीमा एसिड आक्रमणको सिकार भएकी थिइन्, लक्ष्मी अग्रवाल । १५ वर्षीया लक्ष्मीले भोगेको सन्ताप र निरन्तरको संघर्षबाट प्राप्त सफलता देखाइएको छ, *छपाक*मा । लक्ष्मीको भूमिकामा छिन्, दीपिका पादुकोण । विषयको संवेदनशीलताअनुरूप सशक्त शैलीमा कथा भनेकी छन्, निर्देशक मेघना गुलजारले । न अतिरञ्जित छ, न त नीरस । पटकथा चुस्त छ ।

स्टेसनरीमा काम गर्दै पढ्दै छिन्, मालती अग्रवाल (दीपिका) । बुबाआमाको नाम चम्काउने सपना बुनेकी छन् । नजिकैको स्कुलमा पढ्ने एक केटासँग उनको प्रेम बीजारोपण हुँदै छ । एक दिन त्यो केटासँग हिँडेको उनले दाइ मान्ने बब्बु (विशाल दहिया) ले देख्छ, हप्कीदप्की पार्छ । मालतीलाई थाहै हुन्न, १०-१२ वर्ष जेठो बब्बुले आफूलाई मन पराउँछ भन्ने । मालतीले प्रेमप्रस्ताव बेवास्ता गरेपछि सुरुमा मानसिक तनाव दिन्छ । त्यतिले रिस नमरेपछि बीच सडकमा एसिड फ्याँकेर भाग्छ । एक्कासि आइपरेको यो बज्रपातलाई मालतीले कसरी सामना गर्छिन् ? उनको शारीरिक, सामाजिक र कानुनी लडाइँको फेहरिस्त हो, यो फिल्म । मालतीको निर्दोषपनाले उनीप्रति दर्शकको प्रेम पैदा हुन्छ । उनीमाथि एसिड प्रहार हुँदा दर्शकलाई पनि पोल्छ । उनको संघर्षलाई दर्शकले अनुभूत गर्छन् । उनको मुस्कानमा दर्शकले आफूलाई पाउँछन् ।

▪ **गोकर्ण गौतम**

बरिस्ता–गर्ल

बरिस्ता-गर्लले भनी, “म तपाईंसित एक रात घाटमा बिताउन चाहन्छु ।”

एउटी आकर्षक युवतीको कुराले म पुलकित भएँ । मुस्कुराएँ । घाटमा भेटघाट गर्न चाहने मनुष्य एवं मानुषीहरू देख्दा म खुसी नै हुन्छु । तिनीहरूलाई प्रेमपूर्वक 'नगरकोटीका मलामी' भन्ने गर्छु ।

बरिस्ता-गर्ललाई मैले अनायासै सोधेँ, "फिल्महरू कत्तिको हेर्नुहुन्छ ?" उसले आफू फिल्मको त कीरो नै भएको जिकिर गरी । ऊ कीरो, म हिरो । कस्तो गज्जब ! यहाँसम्म त कुरो जायज नै थियो । किन्तु नाजायज कुरो तब उत्पन्न भयो, जब मैले उसलाई सोधेँ, "लार्स भोन ट्र्यायरका फिल्महरू कत्तिको हेर्नुभा'छ ?" उसले त प्रतिप्रश्न पो गरी :

- को लार्स भोन समथिङ ?
- डेनमार्कका फिल्म मेकर । चिन्नुहुन्न ?
- यो नाम म पहिलोपल्ट सुन्दै छु ।

तौबा, तौबा ! हे परम दिगार, कस्तो दिग्दार ! लार्स भोन ट्र्यायरको नामै नसुन्ने युवतीसित कसरी घाटमा सिंगो रात बिताउन सकिन्छ ? क्रिमिनल्ली कन्ट्रोभर्सियल निर्देशक मिस्टर लार्सबारे संक्षिप्त जानकारी दान गर्दै मैले युवतीसमक्ष भनेँ, "लार्सका सबै फिल्म हेर्नुस् । त्यसपछि मलाई घाटमा भेट्न आउनुस् ।" उसले उत्सुकतापूर्वक सोधी, "कुन फिल्मबाट सुरु गरूँ ?" मैले भनेँ :

- डिप्रेसन ट्रिलोजी ।
- ट्रिलोजी ? फिल्मका नाम भन्नुस् न ।
- *एन्टी क्राइस्ट, मेलाङकोलिया* र *निम्फोमेनियाक* ।
- तपाईंको फेभरेट कुन हो ? पहिला त्यही हेर्छु ।
- *मेलाङकोलिया* ।



यी पंक्ति पढिरहेको कुनै सिने पारखीलाई लाग्न सक्छ : मिस्टर नगरकोटी, यु आर अलमोस्ट अ क्रिमिनल । एउटी नवयुवतीलाई लार्स भोन ट्र्यायरजस्तो सिने पिशाचको फिल्म सिफारिस गर्ने ? त्यो पनि डिप्रेसन ट्रिलोजी ? शैतानले तेरो दिमाग कब्जा गरेको छ । तँलाई बरिस्ता गर्लको पाप लाग्नेछ ।

●●

मिस्टर लार्सलाई म सिने पिशाच भन्न मन पराउँछु ।

यो सिने पिशाचलाई हाइपर-सर्रियलिजमप्रति अगाध विश्वास छ, जसका सिने सिर्जनाहरूलाई तपाईं अश्लील, अराजक एवं अमानवीय भन्न सक्नुहुन्छ । 'डिप्रेसन ट्रिलोजी' यिनले गहिरो मानसिक विषादमा बनाएका फिल्महरू हुन्, जो सामान्य दर्शकका निम्ति वस्तुतः अन वाचेबल, अन विचारेबल एवं अन कम्फर्टेबल छन् । यी फिल्म हेरेपछि तपाईंलाई आफ्नो मगज सद्दे-सन्तुलित छ कि छैन भनी चेकजाँच गर्न साइको थेरापिस्टकहाँ जान मन लाग्छ ।

तीन फिल्ममध्ये मलाई निकै मन परेको *मेलाङकोलिया* हो । फिल्मको अद्भुत ओपनिङ सिक्वेन्समा देखाइने सर्रियल स्लो मोसन सट्लाई मैले आँखा नझिम्क्याई हेरेको छु, जसलाई रिचार्ड वाग्नरको पार्श्व संगीतले अलौकिक बनाइदिएको छ । ती दृश्यहरूको कम्पोजिसन यति भव्य एवं मायावी छन् कि तिनलाई फ्रेमिङ गरेर तपाई कुनै आर्ट ग्यालरीको भित्तामा झुन्ड्याउन सक्नुहुन्छ ।

स्पोइलर्स अलर्ट : मेलाङकोलिया एउटा ग्रहको नाम हो, जो पृथ्वीतिर शनैः शनै झर्दै छ । फिल्मले दुई दिदीबहिनीको जीवनजगत्बारे सूक्ष्म अवलोकन गर्छ, चाँडै नै पृथ्वी विस्फोटमा परी तहसनहस हुँदै छ । मृत्युको खग्रास ग्रहण उनीहरूको अस्तित्वमा छाएको छ, जसबाट मुक्तिको सम्भावना कल्पनातीत छ ।

सिने पिशाचले फिल्मलाई कति विश्वसनीय ढंगले बुनेको छ भने *मेलाङकोलिया* हेरुन्जेल तपाईंलाई लाग्न सक्छ, फिल्मको अन्त्यमा तपाईंको अन्त्य पनि सुनिश्चित छ । तसर्थ अन्तिम दृश्य स्क्रिनमा आउनुछाउनुअघि नै तपाईंले ल्यापटप बन्द गर्ने प्रबल सम्भावना छ ।

●●

शिल्पी थिएटरको कोर्टयार्डमा छुटेकी बरिस्ता गर्ललाई मैले त्यसपछि कहिल्यै भेटिनँ । बरिस्ताको ट्रेनिङ लिइरहेकी ऊ सहरका कफी अनुरागीहरूलाई कफिलो स्वादिलो अमेरिकानो, क्यापुचिनो एवं एस्प्रेसो सर्भ गर्न चाहन्थी । जो मेरा किताबहरूलाई माया गर्थी । जो मसित कुनै रात घाटमा बिताउन चाहन्थी ।

गत शरद यामको एक साँझ घिमिरे युवराजले मलाई एउटा दुःखद खबर सुनाए, "सरजी, बरिस्ता गर्लले सुसाइड गरिछे । सुसाइडअघि ऊ डिप्रेसनको रोगी थिई रे ।" खबरले म स्तब्ध भएँ ।

आत्मग्लानिका अभिशप्त अनुभूतिमाझ म कहिलेकाहीं सोच्ने गर्छु, उसको आत्महत्याको दोषी म नै हुँ । बरिस्ता गर्ललाई सिने पिशाचका डिप्रेसन ट्रिलोजीलगायत सम्पूर्ण फिल्म हेर्न प्रेरित गरेर मैले ठूलो अपराध गरेछु । म अपराधी हुँ । *मेलाङकोलिया* हेर्न सिफारिस गरेर ठूलो पाप गरेछु । म पापी हुँ ।

पापको भारीले म पिल्सिएको छु । पापमोचनकै निम्ति यो लेख लेखिरहेको छु । अस्तु ! ■

हस्तकलामा सुमुखी

संस्कृत शब्द सुमुखीले ऐना भन्ने बुझाउँछ । आज त्यही ऐनामा भविष्य हेरिरहेकी छिन्, रोली मित्तल जलानले । भारतको एटलान्टिक अन्तर्राष्ट्रिय विश्वविद्यालयबाट अंग्रेजी भाषामा विद्यावारिधि रोलीले नेपाली मौलिकता र संस्कृतिमा आफ्नो भविष्य बनाउँदै छिन् ।

नेपाली धर्मसंस्कृति र मौलिकतालाई हस्तकलामा परिणत गर्दै छिन्, रोली । उनलाई साथ दिइरहेका छन्, अशेषकुमार प्रधानले । थाइल्यान्डको वेबस्टार विश्वविद्यालयबाट विज्ञापन तथा मार्केटिङमा स्नातक अशेष नेपालमै केही गर्न चाहन्थे । अशेषको चाहना र रोलीको जोसले सुमुखी ह्यान्डीक्राफ्ट जन्मायो । आज उनीहरूको १४ जनाको समूह तयार छ ।

बुद्धनगरस्थित सुमुखी ह्यान्डीक्राफ्टमा मूर्ति, सजावट सामग्री, डायरी, झोला, पर्स, ल्यापटपको खोल, तन्ना तथा सिरानी, मोबाइल होल्डर, इयरफोनको खोल, डायरी

कभरलगायत सामग्री बन्छन् । ती सामग्रीमा नेपाली वास्तुकलाका आकृति कुँदिएको भेटिन्छ ।

युवा पुस्ताको रुचिसँग नेपाली मौलिकता झल्काउने कला जोड्न सुमुखी प्रयत्नशील छ । कला सँगसँगै सुमुखीका सामानले कथा पनि व्यक्त गर्छन् । यस पटक उनीहरू सगरमाथाको कथा व्यक्त गर्ने सामान बनाउँदै छन् । एभरेस्ट कलेक्सन भन्दै अशेष बनिरहेको झोला देखाउँछन्, जहाँ सगरमाथाको कथा कुँदिएको छ । सामानको राम्रो प्रतिक्रिया मिले पनि बजारभाउ नपाएको उनको गुनासो छ ।

वानपिसमा पुष्पा

भनिन्छ, गर्मी जाडोले गर्दा प्रिय छ । गर्मीमा चाहनाअनुरुपको फेसनमा सजिन पाइन्छ । तर हेर्नुस् त, मोडल पुष्पा रायमाझीलाई । जाडोमा पनि गर्मीमा जस्तै सजिएकी छन् । कालो वन पिसमा सजिएकी पुष्पा सहज देखिन्छन् । उनको सौन्दर्यमा रातो लालीले पनि साथ दिएको छ ।

महेश प्रधान

बाँसको कार्गो बाइक

केही साताअघि नेपाली युवाको समूहले 'यात्री' विद्युतीय बाइक बजारमा ल्यायो । त्यसलगत्तै काठमाडौं विश्वविद्यालय र आबारीको संयुक्त प्रयासमा नेपाली मौलिकता झल्काउने बाँसबाट निर्मित विद्युतीय कार्गो बाइक सार्वजनिक भएको छ ।

झट्ट हेर्दा सामान्य ठेलाजस्तो देखिने बाइक वातावरणमैत्री छ । निर्माण पक्षका अनुसार बाँसलाई रसायन प्रयोग गरेर त्यसमा भएको ग्लुकोज निकालिएकाले बाइक ५० देखि ६० वर्षसम्म टिकाउ हुन सक्छ । काठमाडौं उपत्यकाका पर्यटकीय स्थल, कृषिजन्य सामग्री बिक्री वितरण र ओसारपसारमा यस बाइकले सहयोग पुर्‍याउन सक्छ । करिब डेढ लाख रूपैयाँ पर्ने यो बाइकमा बाँस, फलाम, मोटर ब्याट्री कन्ट्रोलरलगायत सामान जडान गरिएको छ ।

प्रेमको प्रतीक रानीमहल



साँचो प्रेम जीवन्त रहन्छ । यसको उदाहरण हो, पाल्पाको रानीमहल । रानी तेजकुमारीको मायामा भावविह्वल भएर राजा खड्गशमशेरले यो दरबार निर्माण गरेका हुन् । त्यसैले युवायुवती आफ्नो साँचो प्रेमभाव व्यक्त गर्न रानीमहल पुग्ने गरेका छन् ।

पाल्पाको तानसेनदेखि १३ किलोमिटर उत्तर कालीगण्डकी नदी किनारमा रानीमहल दरबार छ । नेपालको ताजमहलको रूपमा बेलायती शैलीमा निर्मित रानीमहल प्रसिद्ध छ । रानीमहलको प्रमुख आकर्षण नै दरबारभित्रको पोखरी र वरपरको बगैंचा हो ।

भ्यालेन्टाइन डेमा रानीमहल घुम्ने पर्यटक हजारौंको संख्यामा हुन्छन् । तानसेन नगरपालिकाको पहलमा रानीमहलको व्यवस्थापनका लागि टिकट व्यवस्था गरिएको छ । २० रूपैयाँको टिकट काटेर रानीमहल घुम्न सकिन्छ ।

दिल्ली फुड वाकको मेनु

पैदल यात्रामा स्वादिष्ट स्ट्रेट फुडको खाजी गर्दै हिँडिरहेको दिल्ली फुड वाकले नेपालका मौलिक खानाबारे अन्वेषण गरेको छ । काठमाडौंका विभिन्न स्थानमा पाइने पाँच खानालाई दिल्ली फुड वाकले आफ्नो सूचीमा समेटेको छ ।

प्रिय आलुचना

अधिकांश नेपालीको बिहानको खाजा हो, आलुचना । सुक्खा आलु, सुक्खा कालो चना र त्यसैमा उसिनेको अन्डा नेपालीको मात्र होइन, दिल्ली फुड वाकमा आउने भारतीय पर्यटकको पनि प्रिय बन्यो । काठमाडौं दरबार स्क्वायरको सानो पसलभित्र उनीहरूले आलुचनाको मज्जा लिए । उनीहरू भन्छन्, 'किफायती दाममा पौष्टिक संयोजनयुक्त आलुचना नेपालको उत्कृष्ट मौलिक खानामध्ये एक हो ।'

थकाली थाली

चरेसको थालमा बासनादार भात, कालो दाल, ढिंडो, लोकल कुखुराको मासु, आलु भुजुरी, साग, गुन्द्रुकको अचारसहित थरीथरीका परिकार खुवाउने थकाली थाली नेपालको प्रसिद्ध खाना हो । थकाली थालीलाई दिल्ली फुड वाकमा नेपालको अर्को प्रमुख खानाको रूपमा समावेश गरिएको छ । कार्बोहाइड्रेटमा धनी ढिंडोलाई उनीहरूले पौष्टिक एवं फरक खानाका रूपमा प्रस्तुत गरेका छन् । उनीहरू भन्छन्, 'घरमा पकाएको खाना खान समय र अवसर नहुनेका लागि थकाली खाना एक सन्तुलित थाली हो ।'

चाउमिनको स्वाद

दिउँसोको खाजा भन्नासाथ पहिलो रोजाइमा पर्छ, चाउमिन । बच्चादेखि वृद्धसम्म सबैले रूचाउने चाउमिनको स्वाद उनीहरूले रूचाएनन् मात्र, बौद्धनाथ स्तुपा नजिकको पसलमा चाउमिन बनाउने प्रक्रिया पनि सिकेर गए । अम्लेटयुक्त चाउमिनको स्वाद पनि लिए । उनीहरू भन्छन्, 'चाउमिन सामान्य तर स्वादिष्ट खाजामध्येको एक हो ।'

जोम्साको पोम्चे

पकाएको मासुले बनाइने पोम्चे धेरैको रोजाइमा पर्छ । नरम तथा स्वादिष्ट पोम्चे नेपालको अर्को मौलिक खाना हो । बौद्धनाथस्थित जोम्सा रेस्टुराँ पोम्चेका लागि प्रसिद्ध छ । दिल्ली फुड वाकमा आउने पर्यटकको सूचीमा जोम्सा रेस्टुराँको पोम्चे पनि सूचीकृत छ ।

सेकुवा

सेकुवा कर्नरमा हरेक दिन भीड लाग्छ । सेकुवा प्रायः सबैको मन पर्ने खाना हो । दिल्ली फुड वाकमा आउने पर्यटकको मन लोभ्यायो, याङतारू सेकुवा कर्नरले । काठमाडौं कपनमा रहेको याङतारू सेकुवा कर्नरमा चिकेन, बफ, मटन र पोर्क सेकुवा पाइन्छन् । उनीहरूले यहाँ चिकेन सेकुवा र चिकेन विङ्सको मज्जा लिए ।

नोटबुक

योगेश ढकाल

बिचरा वैद्य

१ जनवरीको त्यो साँझ । दशरथ रंगशालाबाट संसारलाई आमन्त्रित गर्दै थियो, 'सांग्रिला नेपाल' । रंगशालाको प्याराफिटको उपस्थितिले नै भ्रमण वर्षको भद्रगोल चेहरा उदांगिइसकेको थियो । अन्तरकुन्तरका कुराले त झनै जिब्रो टोक्ने बनाइदियो । आमन्त्रित विदेशी राजदूतहरूको बस्ने मेसो पत्तै थिएन । बेलायती राजदूत सिट खोज्दै हैरान थिइन् । कतिपय संवैधानिक निकायका पदाधिकारीलाई निम्तै पुगेन । २१ हजारभन्दा बढ्तालाई निम्तो गर्ने कुरा भए पनि कार्ड नै ४ दिनअघि तयार भए । यतिले भ्रमण वर्षको भद्रगोल देखाउन काफी थियो ।

जसै औपचारिक कार्यक्रम सुरु भयो, अर्को भद्रगोल देखियो । अघिल्लो साँझसम्म तयार कार्यतालिका नै गायब भइदियो । अघिल्लो साँझ भ्रमण वर्ष संयोजक सुरज वैद्यले सचिवालयका सदस्यलाई कार्यतालिकाबारे सामान्य ब्रिफिङ गरेका थिए । ब्रिफिङमा प्रधानमन्त्रीको सन्देश प्रसारण गर्ने, संयोजक वैद्यले सम्बोधन गर्ने । अनि, अघिल्ला भ्रमण वर्षका संयोजक कर्ण शाक्य र योगेन्द्र शाक्यको भूमिका पनि थियो । राजेश हमालको सम्बोधनको कार्यतालिकै थिएन । तर भोलिपल्ट ती सबै एकाएक गायब बनाइयो ।

यी सबै घटना पर्यटन सचिवको एक *एसएमएस*को कमाल हो भन्ने चर्चा छ । त्यो सब हेर्दा वैद्य निरीहझैं लाग्थे । अनि, मन्त्रालय र भ्रमण वर्षको रिसराग पनि देखिन्थ्यो । त्यसैले पनि हुनुपर्छ, कार्यक्रम सुरु भइसक्दा पनि मञ्चमा थिएनन्, वैद्य । तल ग्यालीमा झुलिरहेका थिए । भ्रमण वर्षका निम्तालुको स्वागतमा पनि वैद्य देखिएनन् । औपचारिक पोसाकमा समेत नआएका वैद्यको भूमिका र शैली हेर्दा लाग्थ्यो, बिचरा संयोजक !

हराए हिरो

प्रसंग भ्रमण वर्षकै । उद्घाटनभन्दा अघिल्लो एक बैठकमा संयोजक सुरज वैद्यले पर्यटन हिरो घोषणा गर्ने योजना मात्र सुनाएनन्, नाम नै प्रस्ताव गरे । संयोजक वैद्यको प्रस्ताव १ जनवरीको उद्घाटनमा पर्यटन हिरो घोषणा गर्ने थियो । धेरै नाममध्ये एउटा पूर्वपर्यटनमन्त्री रवीन्द्र अधिकारी पनि थिए । त्यही बैठकमा पर्यटन सचिव केदारबहादुर अधिकारीले कुन कार्यविधिका आधारमा पर्यटन हिरो घोषणा गर्ने भनेर वैद्यलाई सोधे । वैद्यको जवाफ थियो- सचिवज्यू, तपाईं-हामीलाई थाहा छँदै छ नि ।

हावादारी शैलीमा पर्यटन हिरो घोषणा गर्ने प्रस्ताव फेल भयो । त्यसले पनि मन्त्रालय र भ्रमण वर्ष सचिवालयबीच दूरी बढायो । त्यसमा अर्को काण्ड थपियो । मन्त्रीले पटक-पटक

निम्तो कार्ड छिटो चाहियो भनिरहेका थिए । हुन्छ-हुन्छ भन्दै वैद्यले टारिरहेका थिए । सचिवालय पनि उद्घाटन कार्यक्रमबारे कसलाई के जिम्मा दिइएको छ भन्नेमा प्रस्ट थिएन । एक्लै डिल गरिरहेका थिए, वैद्य ।

त्यही मेसोमा अन्तिम साता आएर वैद्यले मन्त्रालयसँग ४ करोड मागे । १ करोडमा उद्घाटन कार्यक्रम सक्ने तयारी थियो । त्यसैअनुसार मन्त्रालयले वैद्यलाई खर्च अनुमति दिएको थियो । तर कार्यक्रम सुरु गर्ने दुई-तीन दिनअघि मात्रै वैद्य एकाएक ४ करोड नभई कार्यक्रम गर्न नसक्ने भन्न थाले । जबकि त्यसको हिसाबकिताब पनि प्रस्ट पारेका थिएनन् । त्यसले पनि वैद्यसँग वैमनस्य थपेको थियो- मन्त्रालयमा ।

त्यतिबेला चर्चा पनि भइरहेको थियो, १ जनवरीपछि पर्यटनमन्त्री योगेश भट्टराई वैद्यलाई हटाउँदै छन् । त्यही हल्लाको बीचमा १ करोडको कार्यक्रम ४ करोडमा पुग्यो । प्रधानमन्त्रीको हटलाइनमा भएका वैद्यलाई हटाउन भट्टराईलाई गाह्रै थियो । अहिले मन्त्री भट्टराई र वैद्यको बोलचाल पनि राम्रो छैन । वैद्यलाई निरीह बनाएर हटाउने योजनामै उद्घाटनमा उनको कार्यतालिका एकाएक गायब पारिएको पो हो कि ?

दशकमा नबनेको विज्ञापन

एक दशकसम्म नेपाल प्रवर्द्धन गर्ने एउटा विज्ञापन तयार हुँदैन भन्दा नेपाल पर्यटन बोर्डलाई लाज लाग्नुपर्ने हो । तर लाज पचाएपछि कसको के लाग्छ ? बोर्डले विदेशी सञ्चार माध्यममार्फत नेपालको प्रवर्द्धन गर्ने योजना बनाएको एक दशकमा दुइटा भ्रमण वर्ष भइसके । सन् २०११ को पर्यटन वर्षको *बीबीसी*, *सीएनएन*, *रोयटर्स*, *सीजीटीएन*मा सांग्रिला नेपालको प्रवर्द्धन गर्ने योजना बनेको थियो । त्यतिबेला निमित्त सीईओ सुवास निरौला त्यही रकमका कारण पनि विवादित बने । हरेक वर्ष १० करोडभन्दा बढी रकमको व्यवस्था गरिन्छ, ती सञ्चार माध्यममा नेपालको विज्ञापन प्रसारण गर्ने भनेर । तर बोर्डले कहिल्यै काम गरेन र बजेट छुट्याउन पनि छाडेन । एउटा विज्ञापनमार्फत नेपालको प्रवर्द्धन गर्न दशकसम्म नसक्नेले नेपाल भ्रमण वर्षको अन्तर्राष्ट्रिय बजारमा प्रवर्द्धन कसरी गर्लान् र खै ? ने

Compete with yourself

Because, to be the best you have to be better than who you were yesterday

In today's fast-paced world, everything becomes obsolete in no time-be it technology, fashion, social media trends or skills. The only way to keep up is by constantly updating and equipping yourself with the latest innovations and skills-sets. The rigorous and updated curriculum at Presidential Business School challenges you to bring the best in you and stay competent with the changing dynamics of the industry.

Admission Open for Spring 2020

MBA • Finance • Marketing • Entrepreneurship • Organizational Mgmt. • Finance & Economics

BBA • Finance • Marketing • Entrepreneurship

Thapagaun, New Baneshwor, Kathmandu
Tel: 01-5244306, 01-5245006
E-mail: info@presidential.edu.np
Web: www.presidential.edu.np

Presidential BUSINESS SCHOOL
...a truly American Business School

MBA | BBA
REGIONALLY ACCCREDITED BUSINESS DEGREE

JYOTI
NGM

CUSTOMER CARE
Toll Free No.: NTC: 16600122033
Ncell: 9801571023
customercare@ngmhero.com
www.facebook.com/ngmheromotocorp

साथै, हरेक खरिदमा पाउनुहोस् थप ५ फाइदा
30% छुट इन्जिन आयलमा
७% छुट स्पेयर पार्ट्समा
फ्री हेल्मेट
५ वर्षको वारेन्टी*
*शर्तहरु अनुसार

Corporate 9801902885 • **Kathmandu Valley** Balaju 4361786 • Balkumari 5186184 • Bhaktapur 6613112 • Buddhabari 4104540, 4104541 • Gatthaghar 6638444 • Gyaneshwor 4428970 • Kantipath 4225377, 4266517 Kumaripati 5008781 • Mitra Park 5241224, 5241033 • Ravibhavan 4670812
Outside of Valley Attaria 551244 • Baglung 520174 • Bharatpur 526697 • Bardibas 550552 • Bhairahawa 523930 • Bhairahawa 524290 • Biratchowk 545227 • Biratnagar 463754 • Biratnagar 503095 • Birgunj 526894 Birgunj 529667 • Birtamode 543248 • Butwal 542725 • Butwal 437909 • Chandranigahapur 540739 • Damak 581463 • Damauli 560477 • Dang 563442 • Dhangadi 417115 • Dhanushadham 414063 • Dharan 526522 Gaidakot 502399 Gaighat 420032 • Gaur 521109 • Gaushala, Mahottari 556186 • Golbazar 540327 • Guleria 420099 • Gulmi 520142 • Hetauda 525386 • Inaruwa 561498 • Itahari 587580 • Jaleshwor 521095 • Janakpur 523644 • Janakpur 527426 • Kalaiya 551526 • Kapilbastu 550160 • Kawasoti 541001 • Kohalpur 540280 • Lahan 562202 • Lalbandi 501628 • Lamahi 540863 • Malangawa 521711 • Mahendranagar 520745 • Mirchaya 550803 • Narayanghat 532255 • Nawalparasi 520984 • Nepalgunj 551598 • Parsa 582862 • Parsa 561825 • Palpa 520607 • Pokhara 539389 • Pokhara 522905 • Pyuthan 460464 • Rajbiraj 523542 • Siraha 520442 • Surkhet 525196 • Surunga 551010 • Tikapur 560426 • Tulsipur 520808 • Urlabari 540074 • Waling 440610